# लेखापरीक्षण प्रतिवेदन

# खाँदवारी नगरपालिका, संखुवासभा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# खाँदवारी नगरपालिका, संखुवासभा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/87

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
खाँदवारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
खाँदवारी, संखुवासभा।

## कैफियतसहितको राय

हामीले खाँदवारी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को (आर्थिक विवरण ) वा (आय व्यय विवरण)वा(प्राप्तिर भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको एकीकृत वित्तीय विवरण) को लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. खाँदवारी नगरगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३ करोड ६ लाख ९६ हजार र स्वास्थ्य क्षेत्र सुधार विकास कार्यक्रमको रु.१६ लाख ३५ हजार तथा एकिकृत स्वास्थ्य तथा अन्य कार्यक्रमतर्फ रु ६ लाख ३ हजार समेत रु.१३ करोड २९ लाख ३५ हजार सुत्र प्रणालीमा आवद्ध हुन सकेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गर्न सकेको छैन ।

२. खाँदवारी नगरपालिकाको रु. १ अर्ब ५९ करोड २४ लाख ८१ लाख लेखापरीक्षण गरिएकोमाप्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा ९२ सैद्दान्तिक दफा सहित रू.६ करोड २८ लाख ३ हजार बेरुजू देखिएको छ। प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात प्रतिक्रिया प्राप्त नभएकोमा असुल गर्नुपर्ने रू.६० लाख ३१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ३६ लाख ७५ हजार, नियमित गर्नुपर्ने रु.३ करोड १५ लाख ९१ हजार बेरुजु बाँकी रहेको छ। गत वर्षसम्म रु.३४ करोड ७२ लाख ३७ हजार बेरुजू बाँकी रहेकोमा यस वर्षको बेरुजु समेत अद्यावधिक बेरुजू रु.४१ करोड

४० हजार देखिएको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **खौंदवारी नगरपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**
यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी खाँदवारी नगरपालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षण मान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९२ | ४८२ | ६,२८,०२,७९५ | ० | ० | ० | ० | ९२ | ४८२ | ६,२८,०२,७९५ | ६०,३१,३४७ | ३,१५,९१,०६८ | २,३६,७५,३८० | ० | ० | ५,५२,६६,४४८ | १५,०५,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| संखुवासभा | ३४,७२,३६,९९२ | ० | ० | ३४,७२,३६,९९२ | ० | ६,२८,०२,७९५ | ४१००३९७८७ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|

# (८०१०४४०१३०० - खाँदवारी नगरपालिका, संखुवासभा )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।४।३१ देखि २०८१ ।५।३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.१,५९,२४,८१,६०१।३४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १३५०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | हिमालय मा वि खाँदबारी । ईन्टरनेट शुल्कको बिल नपुग भएको । | १३५०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **बित्तिय प्रतिबेदन परिक्षण**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)सम्बन्धमा निम्नानुसार देखिएको छः

२.२ **सुत्रमा कारोबार:** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३०६९६१००।८४,स्वास्थ्य क्षेत्र सुधारको रु.१६३५०००।०० र अन्य रु.६०३५८७।०० समेत गरी रु.१३२९३४६८७।८४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब:** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिबेदन ( म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकिकृत आर्थिक बिबरण तयार गर्न लगाइएकोमा उक्त दुइ बिबरणमा यस वर्षको प्राप्ति रु.८४९९४०४२.८० र यस वर्षको भुक्तानी रु.६१२९६४२४.८० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **बिबरण** | **यस वर्षको प्राप्ति** | **यस वर्षको भुक्तानि** |
|---|---|---|
| सुत्र अनुसार अनुसार | ७०४४०४८२३.९५ | ७४१७८६३०९.७९ |
| एकिकृत आर्थिक बिबरण अनुसार | **७८९३९८८६६.७५** | ८०३०८२७३४.५९ |
| **फरक** | **८४९९४०४२.८०** | **६१२९६४२४.८०** |

२.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहको कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा श्रेस्ता र बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा श्रेस्तानुसार बैंकमा घटि देखिएको रु.१६६५६।०० को सम्बन्धमा यकिन गरि हिसाब मिलान गर्नुपर्ने रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,६५६ |

३ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। प्रभावकारी आन्तरिक नियन्त्रणको अभाावमा कार्यालयको सेवा प्रवाह कार्यसम्पादन स्तर सम्पती संरक्षण र व्यवस्थापन तथा सार्वजनिक कोषको मितव्ययी प्रयोग हुने सुनिश्चिततामा जोखिम रहेको पाईयो । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

वजेट व्यवस्थापनतर्फ

•स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नु पर्ने जिम्मेवारी रहेकोमा पालिकाले स्थानीय आधारभुत तथ्याङ्क संकलन र अभिलेखिकरण गरेको पाईएन ।

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

• साना साना योजन संचालन गरी दिर्घकालिन योजना संचालनमा प्राथमितकता नदिएको ।

• लागत अनुमान तयार गर्दा किफायती नर्म्स प्रयोग नगरेको

भ्रमण खर्च व्यवस्थापनतर्फ

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको ।,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको

खरिद व्यवस्थापन तर्फ

•स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको ।

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य नगरेको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अधिकांशको अनुगमन गरेकोमा देखिएका ब्यहोराहरु बिस्तृत नखुलाएको, अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको ,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेको विषयमा समयमा गुणस्तरिय काम गर्न आवस्यक पत्रचार जारी नगरेको ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको ।

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख

अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,

विविध तर्फ

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको, ।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको

कार्यालय व्यवस्थापन तर्फ

• कार्यालयमा प्राप्त भएका सबै पत्र दर्ता गर्ने नगरेको दर्ता चलानी किताब सिलसिलेवार नरहेको।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,

• ठेक्का अभिलेख खाता तथा योजना अभिलेख खाता नराखेको ।

• केहि शिर्षकमा खर्च लेख्दा गोश्वारा भौचर प्रमाणित नगरेको ।

• स्थानीय सरकार संचालन ऐन२०७४ को दफा बमोजिम पालिकावाट हुने अनुगमन प्रतिवेदनमा अनुगमनवाट देखिएको विस्तृत विवरण नखुलाएको ।

जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ को नियम ९९(१ ) अनुसारको प्रतिवेदन नगरेको ।

४ **अनुदान प्राप्ति र फिर्ता:**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार २०८१ असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रकम मिति २०८१।३।२६ फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ३१८०७१००० | २९५८०८७१८.२० | २२२६२२८१.८० |
| | समपुरक | ७६०५६९३ | ७५८४२०३ | २१४९० |
| प्रदेश सरकार | शसर्त | १७७४४००० | १६५९६२४० | ११४७७६० |
| | समपुरक | ८१११८७४ | ७८०५५१९ | ३०६३५५ |
| | **जम्मा** | **३७०४६३८३९** | **३४६७२५९५२.२०** | **२३७३७८८६.८०** |

५ **बजेट पेश, पारित र अख्तियारी–**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।०३।१० मा रु.७३ करोड ७९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२९ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेटवाट स्विकृत भएका योजनाहरु आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 15566530 | 13869469 | २.१७ |
| सामाजिक क्षेत्र | 397611232 | 359670205.20 | ५६.२६ |
| पूर्वाधार विकास क्षेत्र | 137867290 | 97446099 | १५.२४ |
| वातावरण तथा विपद् व्यवस्थापन | 4282000 | 3489599 | ०.५५ |
| संस्थागत विकास र सेवा प्रवाह | 10612983 | 9253722 | १.४५ |
| वित्तीय व्यवस्थापन र सुशासन | 3363936 | 3186631 | ०.५० |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 173407479.39 | 152432273.93 | २३.८३ |
| **जम्मा** | **741711450.39** | **639347999.13** | १०० |

माथि उल्लेखित विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक बिकासमा सबैभन्दा बढी ५६.२६ प्रतिशत र बित्तिय ब्यवस्थापन र सुशासनमा सबै भन्दा घटीमा ०.५० प्रतिशत रहेको छ।

७ **त्रैमासिक खर्चः-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकासँग त्रैमासिक बिबरण माग गरिएकोमा पालिकाबाट त्रैमासिक बिबरण पेश नगरि चौमासिक बिबरण पेश गरेको हुनाले प्राप्त विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१६४७३५१७९।०० खर्च भएकोमा प्रथम चौमासिकमा मा रु.४८०२६१३३।००( २९.१५ प्रतिशत), दोस्रो चौमासिकमा रु.२०९८५९१७।०० ( १२.७४ प्रतिशत) र तेस्रो चौमासिकमा रु.९५७२३१२९।०० (५८.११ प्रतिशत) साथै तेश्रो चौमासिकको पनि आषाढ महिनामा मात्र रु.३४५३७७१२।००( २०.९७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै खर्च देखिनुले तेस्रो चौमासिक आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

८ **खर्च विश्लेषणः-**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.२२०३१००८।४५,राजस्व बाँडफाँड र अनुदानबाट रु.१०५३०३८२७।४५ समेत रु.१२७३३४८३६।०० आम्दानी भएकोमा चालु तर्फ रु.४७४६१२८२०।१३ र पूँजिगत तर्फ रु.१६४७३५१७९।०० समेत

रु.६३९३४७९९९।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.४५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१०८६६२९४।०० खर्च भएको छ जुन आन्तरिक आयको ४९.३२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.२३ प्रतिशत चालु र २५.७७ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ **आन्तरिक आय** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५०४५८१५४२ | २२०३१००८ | ४.३७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.३७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **कर तथा शुल्क असुली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४ करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.२ करोड २० लाख ३१ हजार अर्थात अनुमान भन्दा ४४.९२ प्रतिशत प्रतिशत कम आय प्राप्त गरेको छ । पालिकाको आन्तरिक आय अनुमान यर्थार्थपरक रहेको नदेखिएकोले आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | प्राप्तिकोश्रोत | वार्षिकअनुमानित आय | आम्दानी | प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ -सम्पती कर | ६०,००,००० | ३७,४४,६७७ | ६२.४० |
| २ | ११३१४ -भुमिकर/मालपोत | ४१,००,००० | ५ | ० |
| ३ | ११३१७ -वहाल कर | ५०,००,००० | ३६,७१,६७३ | ७३.४० |
| ४ | ११३१८ -वहाल विटौरी कर | ० | ७,९५,७४९ | |
| ५ | ११४७९ -अन्य मनोरञ्जन कर | ० | ३,०१,५०० | |
| ६ | ११६११ -व्यवसायले भुक्तानी गर्ने | ० | २,००० | |
| ७ | ११६३२ -अखेटोपहारमा लाग्ने कर | ० | ६२,८०५ | |
| ८ | ११६९१ -अन्य कर | ० | १,०८,५१५ | |
| ९ | १४२१३ -अन्य बिक्रीबाट प्राप्त रकम | २०,००,००० | ३१० | ०।०२ |
| १० | १४२१८ -विद्युत सेवा शुल्क | ० | ३,००० | |
| ११ | १४२१९ -अन्य सेवा शुल्क तथा बिक्री | २०,००,००० | १०,२९,४३५ | ५१.५० |
| १२ | १४२२१ -न्यायिक दस्तूर | ० | ३,००० | |
| १३ | १४२२३ -शिक्षा क्षेत्रको आम्दानी | २,००,००० | ३०,५०० | १५।२५ |
| १४ | १४२२४ -परीक्षा शुल्क | २,००,००० | १७,६०० | ८।८ |
| १५ | १४२२९ -अन्य प्रशासनिक सेवा शुल्क | ० | ७,८४० | |
| १६ | १४२४२ -नक्सापास दस्तुर | ६०,००,००० | २७,५५,६१९ | ४५।९३ |
| १७ | १४२४३ -सिफारिश दस्तुर | ४०,००,००० | ४३,९६,०५४ | १०९।९० |
| १८ | १४२४४ -व्यक्तिगत घटना दर्ता दस्तुर | ५,००,००० | १,६०,४०० | ३२।०८ |
| १९ | १४२४५ -नाता प्रमाणित दस्तुर | ५,००,००० | २,९५,३६८ | ५९।०७ |
| २० | १४२४९ -अन्य दस्तुर | २०,००,००० | ६,८०,१९९ | ३४ |
| २१ | १४२५३ -व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७०,००,००० | ३५,५५,७५० | ५०।८० |
| २२ | १४२६२ -विद्युत सम्बन्धी दस्तुर | ० | १,२०० | |
| २३ | १४५२९ -अन्य राजस्व | ५,००,००० | २,६३,८६७ | ५२।७७ |
| २४ | १४६११ -व्यवसाय कर | ० | ४९,२७५ | |

| | | | | |
|---|---|---|---|---|
| २५ | १५१११ -बेरूजू | ० | ९४,६६७ | |
| जम्मा | | ४,००,००,००० | २,२०,३१,००८ | ५५।०८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

११ **व्यबसाय कर:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.४९२७५।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

१२ **उठाउन बाँकी आय:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त बिबरण अनुसार देहाय बमोजिमका ब्यक्ति तथा फर्महरुबाट आय ठेक्का वापत प्राप्त हुनुपर्ने राजस्व असुलि नभएको कारण प्रचलित कानून अनुसार ब्याज समेत गणना गरि असुल हुनुपर्ने रु...

| ठेक्काको विवरण | ठेकेदारकोनाम | सम्झौता मिती | सम्झौता रकम | असुली रकम | असुल हुन बाँकी |
|---|---|---|---|---|---|
| सवारी साधनबाट शुल्क संकलन | अर्जुन कुमार न्यौपाने | ०५/०१/२०८० | १०,००,०००।- | ४,००,०००।- | ६००००० |
| पोखरीमा रहेको आयमूलक भवन | विक्रमरत्न शाक्य | | १,४८,५००।- | ० | |
| जम्मा | | | ११४८५०० | ४००००० | ७४८५०० |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| १२.१ | अर्जुन कुमार न्यौपाने | ६००,००० |
| १२.२ | विक्रम रत्न शाक्य | १४८,५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,४८,५०० |

१३ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण:-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९७ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी,सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख,मर्मत सम्भार र संरक्षण गर्नुपर्ने ब्यवस्था छ । तर पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्म संभार एवम संरक्षण गरेको अभिलेख राखेको पाइएन । अत: पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको रेखदेख मर्मत संभार एवम संरक्षणका लागि समेत अभिलेख ब्यबस्थित गरि राख्नुपर्ने देखिन्छ ।

१४ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१५ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा समिति गठन गरेता पनि बजेट सीमा, क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तयारी कार्य प्रभावकारी रुपमा गरेको पाईएन ।जस कारण साना साना योजना संचालन भएको पाईयो ।ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१६ **लक्ष्य प्रगति :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला ्इ जिम्मेवार बनाउनु पर्दछ ।

| **पूँजिगत योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** | **७५% भन्दा बढि प्रगति** |
| कार्यक्रम संख्या | २८६ | ४६ | १ | ५ | ५ | २२९ |

१७ **सामानीकरण अनुदान बाट शिक्षक तलब भत्ता:**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । विद्यार्थी सङ्ख्या कम भएका विद्यालय एकआपसमा गाभ्ने कार्य तथा शिक्षक दरबन्दी समायोजन नगरी पालिकाले विभिन्न ८ विधालयका स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका १५ जना शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु४००४४८४। तलब भत्ता भुक्तानी गरेको पाइयो। विद्यार्थी सङ्ख्या कम भएका विद्यालय एकआपसमा गाभ्ने कार्य तथा शिक्षक दरबन्दी समायोजन सम्बन्धि कार्य नगरी भुक्तानी भएको रु

| | |
|---|---|
| अनियमित भएको | ४०,०४,४८४ |

१८ **खर्च पुष्टी हुने प्रमाण:**

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।नमुना छनौटको आधारमा परिक्षण गर्दा पलिकाले बिभिन्न समयमा गाडी रिजर्भ बापत खर्च

लेखेकोमा समय स्थान सवारी प्रयोग गर्नेको नाम स्पस्ट देखिने गरि अभिलेख राख्नु पर्नेमा राखेको पाइएन ।खर्च पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने रु

| भौचर नं र मिति | विवरण | रकम |
|---|---|---|
| १७।२०८०।५।२ | गाडी रिजर्भ बापत रोषन थापामगर लाइ भुक्तानी | १९८५०० |
| ४२९। | गाडी रिजर्भ बापत भुक्तानी | १०५०० |
| ४७१।२०८०।१०।२८ | गाडी रिजर्भ बापत भुक्तानी | २३६०० |
| जम्मा | | २३२३०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३२,६०० |

१९ **राजस्व अभिलेख:-**

कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७९ नियम ६२ अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन।कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई पुर्ण स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनु पर्ने देखियो ।

२० **खर्चको प्रमाण:**

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।अमेरिका स्थित वेल्डर सिटिका मेयर तथा अन्य टिमको भ्रमण तथा उपहार वापतराष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्ध विस्तारकार्यक्रम बाट निम्न अनुसार खर्च भएको पाइयो निजहरुको भ्रमण औपचारिक भएको नदेखिएकोले उक्त खर्च नियमित नदेखिएको रु

| भौचर नं र मिति | विवरण | रकम |
|---|---|---|
| ४९३।२०८०।११।४ | उपहार बापत खर्च | ५०९२५ |
| ४९५।२०८०।११।८ | गाडी भाडा खर्च | ९१०० |
| ६०३।२०८०।१२।१२ | स्वागत मा भएको खर्च | १०४२७० |
| जम्मा | | १६४२९५ |

| | |
|---|---|
| अनियमित भएको | १,६४,२९५ |

२१ **खर्च पुष्टि प्रमाण:**

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।नमुना छनौटको आधारमा परिक्षण गर्दा पलिकाले बिभिन्न समयमा खाँदवारी सुपर मार्केट बाट सामाग्रि खरिद गरेकोमा माग फारम , खरिद आदेश बेगर खरिद गरेको तथा जिन्सी किताबमा समेत आम्दानी बाँधेको पाइएन।

बिलको आधारमा मात्र खरिद गरेकोमा सामाग्रि खरिदको उदेश्य, प्रयोजन नखुलेको तथा खर्च पुष्टी हुने प्रमाण संलग्न गरेको पाइएन। खर्च पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने रु.

| भौचर नं र मिति | विवरण | रकम |
|---|---|---|
| १८।२०८०।५।२ | खाँदवारी सुपर मार्केटको मिति २०८०।४।३०को १ थान पान बिल बाट फ्रूटी १५ कार्टुन, जुस ४ कार्टुन, डिउ १३ कार्टुन, कोक १० कार्टुन लगायत सामाग्रि खरिद | ११४८९० |
| ७९०।२०८१।२।१६ | कोक जुस लगायत सामाग्रि खरिद बापत खादबारी सुपरमार्केट लाइ भुक्तानी | ७०२०४ |
| ६३१।२०८०।१२।२७ | खादवारी सुपर मार्केट बाट विस्कुट १० कार्टुन लगायत सामाग्रि खरिद बापत भुक्तानी | ५५३६० |
| २२५।२०८०।७।२४ | खादवारी सुपरमार्केट लाइ डिउ ९ कार्टुन,कोक १० कार्टुन, बिस्कुट ५ कार्टुन लगायत सामाग्र खरिद बापत भुक्तानी | ७५२७५ |
| ३८५।२०८०।९।२६ | खादवारी सुपरमार्केट लाइ डिउ १० कार्टुन, जुस ८ कार्टुन, बिस्कुट ५ कार्टुन,रियो जुस ८ कार्टुन लगायत सामाग्र खरिद बापत भुक्तानी | ७००७० |
| ६०२।२०८०।१२।९ | खादवारी सुपरमार्केट लाइ डिउ ५ कार्टुन, कोक ५ कार्टुन, बिस्कुट ५ कार्टुन,रियो जुस ५ कार्टुन लगायत सामाग्र खरिद बापत भुक्तानी | ५०२७० |
| ६३१।२०८०।१२।२७ | खादवारी सुपरमार्केटको सामाग्रि खरीद बापत बिल भुक्तानी | ४५३६० |
| जम्मा | | ४८१४२९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८१,४२९ |

२२ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख भएको छैन।पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विभिन्न ७९ व्यक्तिहरुलाई रु.७६९९००।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२२०३१००८।४५ को करिब ३.४९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२३ **सार्वजनिक परीक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिम पालिकाले सार्बजनिक सुनुवाई गरी रु.४९५२७९।०० खर्च गरेकोमा सो सुनुवाइ कार्यक्रमबाट प्राप्त सुझाबहरुको अभिलेखांन गरी सुधार गर्नुपर्दछ ।

२४ **फोहरमैला व्यवस्थापन** –

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२५ **जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले

यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२६ **सार्वजनिक सम्पति ब्यवस्थापन प्रणाली:-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सबै समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । वडा कार्यालयवाट खरिद भएका कतिपय सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२७ **वार्षिक खरिद योजना/गुरुयोजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यसपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६४७३५१७९।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो। अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२८ **भरपाई नभएको:**

**१७०।२०८१।३।२३**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७(१) मा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ।नगर शिक्षा समिति बैठक भत्ता निम्न व्यक्तिलाइ भुक्तानी गरेकोमा सम्वन्धितले बुझेको भरपाइ नभएकोले भरपाइ पेश गर्नुपर्ने रु

| नाम | बैठक संख्या | रकम |
|---|---|---|
| महेश थपलिया | ३ | ३००० |
| महेश्वरा श्रेष्ठ | ३ | ३००० |
| युवराज आचार्य | १ | १००० |
| निरन्जन श्रेष्ठ | २ | २००० |
| गणेश प्रसाद निरौला | २ | २००० |
| बोधराज हुमागाइ | ३ | ३००० |
| दिपकमणी घिमिरे | ३ | ३००० |
| हिम बहादुर भट्टराइ | २ | २००० |
| जम्मा | | १९००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,००० |

२९ **योजना तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

३० **आवधिक योजना:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली प्रकृतीका साना साना विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

३१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्र भित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

३२ **योजना प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण

संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडागत र पालिकास्तरका कुल ३७६ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमका योजना | 223 | 15156694.54 |
| २ | रु १ लाख देखि पाँच लाख सम्मका योजना | 129 | 30777686 |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | 8 | 6417000 |
| ४ | रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना | 16 | 29793000 |
| ५ | रु.५० लाख भन्दा माथीका | 0 | 0 |
| | **जम्मा** | **३७६** | **82144380.54** |

उपरोक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

३३ **कानुन निर्माण र सञ्चालन स्थिति:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ८ वटा नियमावली, ४८ कार्यविधि तथा ८ निर्देशिका लगायत ७९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ३२ वटा कानूनहरु निर्माण गरी सभा\कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ।

३४ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ र यो वर्ष थप भएको १७ गरी कुल २५ विवाद दर्ता भएकोमा १८ वटा मात्र फर्स्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३५ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन भने पालिका भित्र रहेका सहकारीको अध्यावधिक विवरण राखेको छैन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३६ **दरबन्दि र पदपूर्ति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा

संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, सबईन्जिनियर सहित २० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

## ३७ सेवा प्रवाह

स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ। स्थानीय तहमा दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको, कार्यालय भवन तथा अन्य पूर्वाधारको अभाव रहेको, भौगोलिक कठिनाइ लगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन। नगर सभाबाट धेरै संख्यामा स-साना टुक्रे योजना पारित हुने, पारित योजनाहरू कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खरिद प्रक्रिया कानून अनुसार नहुने, दिगो योजना नबनाउने लगायतका समस्या रहेका छन्। स्थानीय तह आफैँले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्थामार्फत् गराउने कार्यहरूको पुनरावलोकन नहुँदा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन। पालिकावाट यस बर्ष प्रवाह भएको विवरण यस प्रकार छ ।

| सि.नं. | सेवाको किसिम | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | ११८५ |
| २ | घरबाटो सिफारिस | ८८३ |
| ३ | नाता प्रमाणित | ६४६ |
| ४ | जन्म, मुत्यु, बिबाह, बसाईसराई, सम्बन्ध विच्छेद दर्ता | १३१५ |
| ५ | अन्य | ७८४७ |
| **जम्मा** | | **११८७६** |

माथि उल्लेखित विवरण अनुसार पालिकाको सेवा प्रवाह पञ्जिकरण तर्फ बढी तथा नाता प्रमाणितमा क्षेत्रमा न्यून देखिन्छ ।

## ३८ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकामा आन्तरिक लेखापरीक्षण बार्षान्तमा भएको भएतापनि परिक्षणबाट देखिएका ब्यहोराहरुलाइ समयमै कार्यान्वियन गरेको देखिएन । अत आन्तरिक लेखापरिक्षण ऐनमा भएको ब्यबस्था बमोजिम त्रैमासिक रुपमा गरि परीक्षणबाट देखिएका कमि कमजोरिहरुलाइ समयमै कार्यान्वियन गरि गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ३९ अवलोकन भ्रमण:

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।कर्मचारीको सेवा सर्त सुविधा सम्वन्धि कानून नबनेको अवस्था खाँदवारी नगरपालिका तालिम गोष्ठी सेमिनार अन्तर्कृया कार्यसाला तथा अध्ययन अवलोकन भ्रमण संचालन मापदण्ड र खर्च सम्वन्धि निर्देशिका को आधारमा न्याय सम्पादन कार्य सम्वन्धि अनुभव आदान प्रदान को लागि मिति २०८१।२।१ देखि ८ गते सम्म काठमाण्डौ मुस्ताङ पोखरा लगायतका पालिकामा न्यायिक समिति का ७ जना पदाधिकारी तथा कर्मचारी को भ्रमण खर्चमा रु ३२५००० खर्च लेखेको पाइयो।अध्ययन अवलोकन भ्रमण सम्वन्धि कूनै कार्यविधि तयार नगरेको अवस्थामा पालिकाले अध्ययन अवलोकन भ्रमण कार्यक्रम पालिकाको बार्षिक बजेटमा समावेश गरि खर्च लेखेको नियमसम्वत देखिएन।

भ्रमण खर्च नियमावली २०६४ को नियम नियम ७ मा सरकारी कामको सिलसिलामा मुलुक भित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसुचि २ बमोजिम दैनिक भत्ता पाउने व्यवस्था छ।पालिकाले न्यायिक समितिको अध्ययन अवलोकन भ्रमण बापत ३२५००० खर्च लेखेकोमा दैनिक भ्रमण भत्ता बापत निम्न ७ जनाको रु ७६८०० खर्च लेखेको र पुन खाना बापत रु ४४१०० र आवास बापत रु ६३००० खर्चलेखेको पाइयो। खाना तथा आवास खर्च उपलव्ध गराएपछी पुन दैनिक भ्रमण भत्ता उपलब्ध गराउने व्यवस्था नभएकोले दैनिक भ्रमण भत्ता रु ७८८०० असुल गर्नुपर्ने रु

| सि नं | नाम | पद | रकम |
|---|---|---|---|
| १ | महेश्वरा श्रेष्ठ बज्राचार्य | उपप्र मुख | १४४०० |
| २ | उदिम कुमार राइ | सदस्य | ९६०० |
| ३ | सरोज कुमार श्रेष्ठ | लेखा अधिकृत | १२८०० |
| ४ | टंक बहादुर डाँगि | उजुरी प्रशासक | १२८०० |
| ५ | किरण शाक्य | कानूनी सल्लाहकार | ९६०० |
| ६ | सरोज श्रेष्ठ | स क अ | ९६०० |
| ७ | उपेन्द्र तामाङ | सवारीचालक | ८००० |
| | जम्मा | | ७६८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७६,८०० |

४० **फरक खर्च शिर्षक:**

स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३( ७ )मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ।पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी गरेको अनियमित रु

| भौचर नं र मिति | विवरण | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ८५८।२०८१।२।३२ | चेतनामुलक सूचना प्रकासन खर्च भुक्तानी | छपाइ तथा सुचना प्रकाशन | संचार महशुल | ३०००० | |
| १०५८।२०८१।३।२२ | विभिन्न ५ जनाको भ्रमण खर्च भुक्तानी | भ्रमण खर्च भुक्तानी | मसलन्द तथा कार्यालय सामाग्रि | १६५०० | |
| १५६।२०८०।६।२९ | भ्रमण खर्च भुक्तानी | भ्रमण खर्च | विविध | ३२००० | |
| ५३६।२०८०।११।२० | राष्ट्रपती रनिङशिल्ड प्रतियोगिता संचालन खर्च | कार्यक्रम खर्च | नगरसभा संचालन खर्च | ४९९५८० | |
| ८४७।२०८१।२।३० | राष्ट्रपती रनिङशिल्ड प्रतियोगिता संचालन खर्च | कार्यक्रम खर्च | नगरसभा संचालन खर्च | ४००००० | |
| ५६४।२०८०।११।३० | बाल विकाश शीक्षक र बिद्यालय कर्मचारीको तलब भुक्तानी | कार्यक्रम खर्च | करार सेवा शुल्क | ७९८००० | |
| | | | | १७७६०८० | |

| | |
|---|---|
| अनियमित भएको | १७,७६,०८० |

४१ **मर्मत खर्च:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागगत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु. २४६६९४४।, र मेशिनऔजार मर्मत मा रु ३०३१७९६ खर्च गरेकोमा लागत अनुमान तयार गर्ने गरेको पाइएन।मर्मत अभिलेख पाम्स(PAAMS) राखेतापनि वडा तर्फ मर्मत गरिएका सामग्रिहरुको अभिलेख पाम्स मा राखेको पाइएन।कानून वमोजिम मर्मत अभिलेख खाता अध्यावधिक गरि प्रतिस्प्रधाको माध्यम वाट मर्मत कार्य गर्नु पर्दछ।

**इन्धन खर्च**ः सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धन (कार्यालय प्रयोजन) मा रु. १६२३५४५। र इन्धन पदाधिकारी मा रु १२२५३४९। गरि जम्मा रु २८४८८९४।इन्धनमा खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च रउपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, ईन्धन खर्च र सवारीको प्रयोग (किलोमिटर ) बिष्लेशण सहित लग बुक अध्यावधिक गरि इन्धन प्रयोगको व्यवस्थीत अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।

**कोशेली घर** तुम्लिङटार बिमानस्थलमा कोशेली घर(स्थानीय सामान) राख्न तुम्लिङटार नागरिक उडयान कार्यलय संग ७५३ बर्ग मिटर क्षेत्रफल को लागि बार्षिक रु ४६४२२। मा सम्झौता गरि नागरिक उडयान कार्यालयलाइ भुक्तानी गरेकोमा उक्त कोशेली घर संचालनमा आएको पाइएन।कोशेली घर संचालन नगरी भाडा भुक्तानी भएको कार्य नियमित देखिएन । छलफलको क्रममा आर्थिक बर्ष २०८०।८१ मा संचालन नभएपनि हाल संचालनमा रहेको पालिकाको भनाइ रहयो।

**अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नमुना छनौट गरि परिक्षण गरेकोमा पालिकाले कृषि तथा पशु कार्यक्रम तर्फ अनुदानग्राहि छनौट तथा अनुदान वितरणको कुनै मापदणड तयार गरेको पाइएन। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।केहि उदारहण यस प्रकार छन।

| भौचर नं र मिति | विवरण | रकम |
|---|---|---|
| ९६५।२०८१।३।१८ | दलित तथा तालिम लिएका किशोरीहरुलाइ आयमुलक कार्यक्रम अन्तर्गत बिभिन्न २० जनालाइ उन्नतजातको बाख्रा वितरण | १००००० |
| ९४८।२०८१।३।१७ | उत्नत जातको विउ बिजन खरिद | ५०००० |
| ९८८।२०८१।३।१९ | फलफूल बिरुवा खरिद तथा वितरण कार्यक्रम अन्तर्गत १७०० गोटा सुन्तलाका विरुवा खरिद तथा बितरण | ९३५०० |
| ६२।२०८०।५।२४ | बिपन्न दलित परिवारलाई माउ बाख्रा कार्यक्र अन्तर्गत २७ गोटा बाख्रा बितरण | ३२०००० |
| १००७।२०८१।३।२० | न्यू लोटस ट्रेड एण्ड सप्लायर्स खादवारीको विल बाट १९ थान टनेल खरिद | ९५४७४ |

४२ **अनुगमन प्रतिवेदन:**

खादवारी पोखरी पार्क व्यवस्थापन कार्यक्रम अन्तर्गत पार्क व्यवस्थापनको लागि खादवारी नगरपालिका संखुवासभा उध्योग बाणिज्य संघ र पोखरी टोल बिकास संस्था बिच मिति २०८०।१।८ मा सम्झौता भइ सम्झौताका बखत रु १ लाख र हाल २ लाख पोखरी टोल

विकास संस्था लाइ भुक्तानी गरेकोमा सम्झौतामा काम को विवरण स्पस्ट उल्लेख नभएको तथा सम्झौतामा अनुगमन गर्ने उल्लख भएकोमा खर्च स्पस्ट देखिने गरि अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

४३ **बिल भरपाई नभएको:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७(१) मा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। नमुना छनौटको आधारमा परिक्षण गर्दा पलिकाले भौ नं ८७१।२०८१।३।११ बाट माध्यामिक बिद्यालय प्रसासनिक संचालन अनुदान अन्तर्गत विभिन्न ६विद्यालयलाई ४२५०० को दरले र ७ वटा विद्यालयलाइ३५००० को दरले रु ५००००० निकासा गरेकोमा श्रेष्ता साथ बिलभरपाई संलग्न भएको पाइएन।बिलभरपाइ पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्नें रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

४४ **कर्मचारी तह बृद्दि तथा तह मिलान:**

नेपालको संविधान २०७२ को धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था गरी दफा ८६(२) मा उपदफा (१) को अधिनमा रही स्थानीय स्वाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीयतहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ ।त्यसैगरी सघ प्रदेश र स्थानीय तह(समन्वय तथा अन्तर सम्वन्ध) ऐन २०७७ को दफा ४(२) मा प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून बनाउदा संघिय कानूनसँग बाझिन नहुने गरि बनाउनुपर्ने व्यवस्था छ।

पालिकाले स्थानीय सरकारी सेवा (गठन तथा संचालन ऐन,२०८० को आधारमा विभिन्न ५ जना कर्मचारीको तह बृद्दि गरेको छ।तर संघिय कानून हाल सम्म निर्माण भई लागु भएको छैन।

४५ **जिन्सि दाखिला नभएको:**

**१०३०।२०८१।३।२१** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहको र खरिद गरि वा नगरी कुनै प्रकार वाट प्राप्त हुन आएको सम्पति वा जिन्सि मालसामानको विवरण तथा मुलय समेत खुलाइ ७ दिन भित्र जिन्सि कितावमा आम्दानी वाँध्नुपर्ने व्यवस्था छ। नमुना छनौटको आधारमा परिक्षण गर्दा बिपद सामाग्रि खरिद कार्यक्रम अन्तर्गत ज्योति ट्रेड एण्ड सप्लायर्स को मिति २०८१।३।१६ को बिल बाट ९९ थान त्रिपाल , २२ थान सेफ्टी ज्याकेट, २२जोर गमबुट लगायत रु ४९९९३४ को सामाग्रि खरिद गरेकोमा जिन्सि कितावमा(पाम्स) आम्दानी वाधेको प्रमाण पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,९३४ |

४६ **स्थानीय भत्ता:**

अर्थ मन्त्रालयको च नं ५ मिति २०७१।४।२ को परिपत्र मा २०७१श्रावण १ देखि लागु हुने गरि स्थानिय भत्ता प्रयोजनको लागि स्थान वर्गिकरण र दर तोकिएको छ।उक्त परिपत्रमा यस पालिका क्षेत्र लाइ ग वर्गमा राखेकोर रा प तृतिय श्रेणी का कर्मचारीको मासिक स्थानीय भत्ता दर रु ३७५०।व्यवस्था भएकोमा पालिकाले निम्न कर्मचारीहरुलाइ मासिक रु ५०००को दरले स्थानीय भत्ता भुक्तानी गरेको पाइयो।परिपत्रको भन्दा फरक दरमा खर्च लेख्न मिल्ने भए प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| नाम | पद | हुनुपर्ने दर | भुक्तानी दर | बढी दर | महिना | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| दिपकमणी घिमिरे | अधिकृत आठौ | ३७५० | ५००० | १२५० | श्रावण-असार | १५००० |
| गुणराज खत्री | अधिकृत आठौ | ३७५० | ५००० | १२५० | माघ- असार | ७५०० |
| दिलिम श्रेष्ठ | अधिकृत आठौ | ३७५० | ५००० | १२५० | बैसाख- असार | ३७५० |
| जम्मा | | | | | | २६२५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,२५० |

४७ **कर्मचारी कल्याण कोषः**

४६८।२०८०।१०।२६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजजम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कायिरत प्रत्येक कर्मचारीले खाई पाइ आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले राजश्व बाडफाड बाट यस वर्ष रु १०००००० कल्याणकोषमा ट्रान्सफर गरेको छ । कोषको सञ्चालन सम्बन्धी काननुको व्यवस्था भएको छैन । कानुनको व्यवस्था नगरी नेपाल सरकारबाट प्राप्त अनुदानबाट कोषमा एकमुष्ट रकम ट्रान्सफर गरेकोले संचित कोषमा फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

४८ **भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं., भ्रमणमा खटिनेको नाम, दर्जा, भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । पालिकाले यस वर्ष कर्मचारी तथा पदाधिकारीको अनुगमन मुल्याङकन खर्च मा रु १६८६०६५ र भ्रमण खर्च मा रु १३५६८१८ गरि जम्मा रु ३०४२८८३। खर्च लेखेकोमा भ्रमणको स्पस्ट उदेश्य बेगर भ्रमण गरेको तथा अधिकांस भ्रमण तथा अनुगमनमा भ्रमण तथा अनुगमन प्रतिवेदन राखेको पाइएन। अनुगमन मुल्याङकन खर्च बाट भ्रमण खर्च भुक्तानी भएको पाइयो।भ्रमण अभिलेख खाता राखेता पनि अध्यावधिक भएको तथा भ्रमण अभिलेख खाता प्रमाणित भएको पाइएन । भ्रमण अभिलेख खाता अध्यावधिक राखि भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण प्रतिवेदन तथा अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी निययमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।

४९ **विविध खर्चः**

– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले बिबिधखर्च गर्दा खर्चको बिल पुष्टी हुने प्रमाण संलग्न नगरी खाना खाजाको बिलको आधारमा भुक्तानी गरेको पाइयो।यो वर्ष खाना तथा विविधतर्फ मात्र रु४६५५३४८। खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।विविध खर्चका केही उदारहण यस प्रकार छन।

| भौचर नं र मिति | विवरण | रकम |
|---|---|---|
| २०।२०८०।५।२ | यूजन खाजा घर लाई २०८० असार महिनाको १२ थान पान बिल बाट खाजा खाना बापतको रकम भुक्तानी | २९२४१५ |
| ४७।२०८०।५।५ | बजेट कार्यान्वयन गर्ने सिलसिलामा मन्त्रालय बिभाग बाट अनुगमनमा आउने पाउना गतबर्षको खर्च | ३००५८० |
| ५०।२०८०।५।६ | गत बर्षको बिबिध खर्च बापत दिनेश कट्टेललाइ भुक्तानी | १००००० |
| ६४।२०८०५।२४ | गत आ व को विविध खर्च दिनेश कट्टेल लाइ भुक्तानी | १५६५७५ |
| ३५९।२०८०।९।२२ | सामाजिक परिक्षण तथा अन्यकार्य बापत को खाना खाजा बात होटल होराइजन लाइ भुक्तानी | २१८३० |
| ४६६।२०८०।१०।२६ | न्यू होटल चाइना गेस्ट हाउस लाइ होटल बास खर्च भुक्तानी | ७९६० |
| ६१९।२०८०।१२।२२ | अरुण बरुण होटल लाइ खाना खाजा बापत भुक्तानी | २७१०० |
| ११२७।२०८१।३।२४ | खाजा खाना बापतको युजन खाजा घरको १२ थान पान विल बापत रु १४३०७६र अरुण बरुण होटलको ३ थान पान बिल बापत रु ४२४७६भुक्तानी | १८८३७८ |
| ८१७।२०८१।२।२२ | बिभिन्न समयको बैठकको खाना खाजा बापतको युजन खाजा घर लाइ भुक्तानी | ९६६१२ |
| ८१७।२०८१।२।२२ | बिभिन्न समयको बैठकको खाना खाजा बापतको युजन खाजा घर लाइ भुक्तानी | ९६६१२ |
| ६२४।२०८०।१२।२३ | शिक्षाको अनुगमन जादा भएको खाना खाजा को बिल बापत हिमालय एडभेन्चर ग्रुप लाइ भुक्तानी | १८३५० |
| ५९५।२०८०।१२।६ | कार्यपालिका तथा अफिस बैठक को खाना खाजा बापत युजन खाजा घर लाइ भुक्तानी | ८६९९० |
| ७०५।२०८१।१।२० | बिबिध खर्च बापत होटल भेनस एण्ड लज खाँदवारी लाइ भुक्तानी | २६६११५ |
| ६८५। | बिबिध खर्च बापत आरती होटल लाइ भुक्तानी | ११६९९९ |
| जम्मा | | १७७६५१६ |

५० **घर भाडा:**

कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७५ को दफा ३ मा नगरपालिका का प्रमुख ,उप प्रमुख ,वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले अनुसूचि १(ख) मा उल्लेख भएको सुविधालाइ अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरे वमोजिमको सुविधा पाउने व्यवस्था छ। पालिकाले ऐन मा व्यवस्था नभएको घरभाडा बापत मासिक ९००० को दरले उप प्रमुख महेश्वरा श्रेष्ठ लाइ भौ नं ४४९।२०८०।१०।२१ बाट रु ५४००० र भौ नं ८८७।२०८१।३।१३ बाट रु ५४०००गरि जम्मा रु १०८००० खर्च लेखेको पाइयो । ऐन मा व्यवस्था नभएको घरभाडा बापतको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,००० |

५१ **प्रोत्साहन भत्ता:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले सेवाका शर्त तथा सुविधा सम्बन्धी कानुन नबनाई गत बर्ष लम्पी स्कीन उपचारमा खटिने पशु चिकित्सक तथा प्राविधिक लगायत लाइ प्रोत्साहन भत्तामा रु २४५८२२ खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

५२ **वडा संचालन खर्च:**

स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडाकार्यालयहरुको मशलन्द इन्धन मर्मत विविध खर्च लगायतका खर्च भुक्तानी गर्दा एउटै खर्च शिर्षका मसलन्द तथा कार्यालय सामाग्रि(२२३११) वाट खर्च लेखेको पाइयो।सम्वन्धित खर्च शिर्षक वाट खर्च लेखि नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ। केही उदारहण यस प्रकार छन।

| भौ नं र मिति | विवरण | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|---|
| ८७८।२०८१।३।१३ | वडा नं ५ लाइ बैठक भत्ता, खाना खाजा, इन्धन, संचार, लगायत भुक्तानी | मसलन्द तथा कार्यालय सामाग्रि | ७८००० |
| १०५१।२०८१।३।२२ | वडा नं १ को भ्रमण खर्च भुक्तानी | मसलन्द तथा कार्यालय सामाग्रि | २५००० |
| | | | |

## ५३ कार्यवाहक वडाध्यक्ष:

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११६ मा वडाध्यक्षको पद कुनै कारणले रिक्त भएमा वडा समितिका सदस्यहरुले आफुमध्येबाट छनौट गरेको सदस्यले कार्यवाहक वडाध्यक्ष भई कार्य गर्ने व्यवस्था भएतापनि कार्यवाहक वडाध्यक्षको सेवा सुविधा सम्वन्धमा कहि उल्लेख भएको पाइएन।कार्यपालिका सदस्य पवित्रा गुरुङ लाइ कार्यवाहक वडाध्यक्षको जिम्वेवारी बापत ७ महिनाको थप रु ७६२३० भुक्तानी भएको पाइयो । भुक्तानी दिन मिल्ने प्रमाण पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,२३० |

## ५४ जिन्सि दाखिला:

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले निम्न सामाग्रि खरिद गरेकोमा जिन्सि कितावमा आम्दानी बाधेको तथा वितरण भरपाइ पेश नभएकोले खर्च पुष्टिहुने प्रमाण पेश गर्नुपर्ने रु

| भौचर नं र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १०७१। २०८१। ३।२३ | भैपरीआउने तथा विविध खर्च बाट रु ६९४८९ को तार्पोलिन खरिद | ६९४८९ | वितरण भरपाइ पेश नभएको |
| १४।२०८०।५।२ | नगरपालिका तथा वडामा सिफारिस सम्वन्धि सफ्टवेर खरिद गरि होभर टेक्नोलोजी प्रा ली लाइ भुक्तानी | ४९७२०० | जिन्सि दाखिला नभएको |
| १५।२०८०।५।२ | दर्ता नविकरण सम्वन्धि सफ्टवेर खरिद गरि निर्भान स्टुडियो भक्तपुर लाइ भुक्तानी | ४९७२०० | जिन्सि दाखिला नभएको |
| जम्मा | | १०६३८८९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,६३,८८९ |

## ५५ उपभोक्ता समिति परिचालन

५५.१ **बढि व्ययभार:**÷ सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १० अनुसार सार्बजनिक निकायले निर्माण कार्य लागत अनुमान तयार गर्दा सम्बनधित कार्यको स्विकृत नर्म्सको आधारमा लागत अनुमान तयार गरी निर्माण कार्य गराउनु पर्दछ । पालिकाले सडक निर्माण सम्बन्धि कार्य गराउदा नेपाल सरकार द्वारा स्विकृत सडक तथा पुल निर्माण सम्बन्धि नर्म्सको आधारमा लागत अनुमान तयार नगरी स्थानीय पुर्वाधार विकास विभाग (डोलिडार )नर्म्स प्रयोग गरी तयार भएको लागत अनुमानका आधारमा सम्झौता तथा भुक्तानी

गर्दा देहायबमोजिमको निर्माण कार्यहरुमा सडक विभागको स्विकृत नर्म्सको तुलानामा निम्नाअनुसार बढि व्ययभार पारेको अनियमित देखिएको रु

| गो भौ न र मिती | योजना उ स | आईटम | परीमाण | हुनु पर्ने | भएको | बढी दर | बढी मुल्याङ्कन | बढि ब्ययभार |
|---|---|---|---|---|---|---|---|---|
| १३५।८०।१२।२० | चिवा खोला तिस खोला सडक उ स | पि सि सि १२४ | ६५।१६ | ११९३० | १२८०३ | १६७२ | १०८९४७ | ९८०५२ |
| ४०।८१।२।१६ संघ | माल्टा गुवावारी माझगाँउ धुपु सडक उ स | पि सि सि ११।५३ | १०३।३८ | १३२३७ | १५७८२ | २५४४ | २६३०२२ | २१०४१७ |
| ६९।८१।३।२२ संघ | कालिका देवि भदौरे चन्दनपुर उ स | ढुङ्गाको गाह्रो १६ | १९७।९९ | ८५८५।३१ | ९१००।८४ | ५१५।५३ | १०२०६९ | ८१६५५ |
| १६३।८१।१।१८ | वडाकार्यालय पिप्ले ढलान उ स | पि सि सि १२४ | ३१.९५ | १०९५१ | १२५९८ | १६४६ | ५२५९६ | ४७३३६ |
| २४८।८१।३।१९ | धोविखोला आईतवारे ढल उ स | पि.सि.सि १२४ | ६।९९ | १०९५१ | १२५९८ | १६४६ | ११५०५ | १०३५४ |
| १९।८०।५।२४ | मनकामना अम्बिका मा वि ठाडो उ स | आर .सि.सि १.२.४ | ५९.५८ | १०६५६ | १२३९१ | १७३४ | १०३३५५ | ९३०२० |
| २३१।८१।३।१७ | सचेन्द्र मनोज घर सडक उ स | पि.सि.सि १२४ | ४५.७१ | १०९५१ | १२५९८ | १६४६ | ७५२३८ | ६७७१४ |
| | | | | | | | | ६०८५४८ |

| अनियमित भएको | ६,०८,५४८ |
|---|---|

५५.२ **ढुंगाको प्रयोगः**-सडक विभागको स्विकृत अर्थवर्कको नर्म्स २०७५ को सेक्सन ९०० सि न ९.१(**IV, A**) मा कडा चट्टान खन्ने काममा चट्टान प्रयोग गर्न सकिने अवस्थामा ५० प्रतिशत प्रयोग गर्नुपर्ने उल्लेख गरेको छ। कडा चट्टान आएकोमा स्टोन सोलिङ लगायतको काममा सोही ढुंगा प्रयोग गर्न सकिनेमा गरेको छैन भने ढुंगा उत्खनन भएकोमा उक्त ढुंगाको रोयल्टी लिइ प्रयोग गर्न दिनुपर्नेमा सो पनि गरेको छैन। ढुंगाको मितव्ययी प्रयोग मार्फत लागत अनुमानमा किफायती ल्याउनुपर्ने गत विगतको लेखापरीक्षण प्रतिवेदनमा समेत औल्याईएकोमा स्थिती सुधार गरेको पाईएन ।नमुना छनौट गरी परीक्षण गरिएका निम्न कार्यहरुमा खन्ने कार्यमा कडा ढुङ्गा उत्खन्न भएको जनाई ढुङ्गा काट्ने कार्य वापत भुक्तानी भएको छ ।केही योजनाको निर्माण कार्यमा सोही योजनामा सोलिङ्गको कार्य तथा गार्हो लगाउने कार्य गरी सोही ढुङ्गा प्रयोग भएको अवस्थामा समेत स्विकृत नर्म्स अनुसार ढुङ्गाको परीमाण नघटाएको तथा ढुङ्गाको कार्य गर्दा ढुङ्गा खरिद वापत भुक्तानी भएकोले सोही योजनामा उत्खन्न भएको ढुङ्गा प्रयोग गरी ढुङ्गा खरिद गरेको जनाई भुक्तानी लिएको जनश्रमदान अंश घटाई असुल गर्नु पर्ने रु

| गो भौ न | उपभोक्ता समिति काम | कडा ढुङ्गा परिमाण | ५०% ढुङ्गा | ढुङ्गा दर | बढी मुल्याङ्कन | असुल गर्नु पर्ने रु | अन्यकाम |
|---|---|---|---|---|---|---|---|
| **२०७।८१।२।२०** | अरुणाथान सित्तलपाटी आङ्ला सडक उपभोक्ता समिति | १०७ घ.मि. | ५३.५ | १४०० | ७४९७० | ६४४७६ | १७९.९५ घ.मि. सोलिङ्ग |
| २९।८०।५।३१ | कटहरे खोल्सी खानीडाडा मोटरबाटो उ स | २४३ घ मि. | १२१.५ | १३६५ | १६५८४७ | १४९२६२ | १७५.९१ घ.मि.सोलिङ्ग |

| असुल गर्नुपर्ने | २,१३,७३८ |
|---|---|

५५.३ **निर्माण व्यवसायीवाट कार्य** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र निर्माण व्यवसायीबाट गराउन सक्ने छैन । उपभोक्ता समितिले निर्माण व्यवसायीवाट काम गराएको जानकारी भएमा सार्वजनिक निकायले सम्झौता तोडी बाँकी काम ऐन नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ ।पालिकाले गो भौ न ७०।८०।९।२३ बाट कन्दुरी क्लब खेल मैदान उपभोक्ता समितिले खेल मैदान निर्माणको कार्य गर्ने गरी भएको रु १६३८४८ सम्झौतको भुक्तानी गर्दा पेश गरेको विल बिजक अनुसार आईरिस कन्ट्रक्सन कम्पनीले उक्त कार्य गरी बिजक न ३।८०।९।१९को रु १६३८४८ को बिजकका आधारमा कार्यालयले उपभोक्ता समितिलाई रु १४८७६५ भुक्तानी दिएको छ समितिले निर्माण व्ययवसायी सँग सम्झौता गर्ने गरी कार्यालयवाट स्विकृती समेत देखिएन ।अत उपभोक्ता समितिले आफूले जिम्मा पाएको सम्पुर्ण कार्य निर्माण व्यवासायीवाट गराई भुक्तानी लिएको अनियमित देखिएको रु

| अनियमित भएको | १,४८,७६५ |
|---|---|

५५.४ **हेभिकोटेड ग्याविन गुणस्तर परिक्षण:**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । यसै गरि जिल्ला दररेट निर्धारण समिति संखुवासभाले मिति २०८०।अषाढ मा स्विकृत गरेको दररेट फलाम जन्य निर्माण सामाग्री सि न ८ अनुसार मेशिन वाट बुनिएको षटकोणिय जाली **हेभिकोटेड**को प्रति वर्ग मिटर रु २६० रहेको छ । कार्यालयवाट लागत अनुमान तयार गर्दा हेभिकोटेड ग्याविन जाली प्रयोगहुने भनी लागत अनुमान तयारी तथा सोही आधारमा सम्झौता र भुक्तानी भएको छ । तर समितिहरुवाट पेश भएका बिजकहरुमा खरिद गरिएका जालिहरु हेभिकोटेड भएको खुल्न नआएको तथा सो को गुणस्तर परीक्षण पश्चात हेभि कोटेड रहेको प्रमाण समेत संलग्न नरहेकोले निम्न उपभोक्ता समितिवाट खरिद भएका ग्याविन जालिहरु हेभि जिङ्क कोटेड भएको प्रमाण पेश गर्नु पर्ने रु

| गो भौ न | उपभोक्ता समिति | ग्याविन परिमाण घ मी | रकम |
|---|---|---|---|
| ४०।८१।२।१६ संघ | माल्टा गुवावारी माझगाँउ धुपु सडक उ स | १४.५ | ६४४८० |
| ६९।८१।३।२२ संघ | कालिकाथान देवि भदौरे चन्दनपुर उ स | ७४.५ | ११८२९५ |
| ९३०।८१।३।१७ | भगिवन्त रंगशाला नि उ स | ११८.५ | १३६८८० |
| ९४२।८१।३।१७ | सेकाहा रंगशाला नि उ स | ११८.५ | १३६८८० |
| | | | **४५६५३५** |

| प्रमाण पेश नगरेको | ४,५६,५३५ |
|---|---|

५५.५ **हेभी इक्विपमेण्टको प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतीसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।उपभोक्ता समितिवाट गराईएका निर्माण कार्यहरुमा मेशनरी भाडामा प्रयोग गरेको आधारमा भुक्तानी भएता पनि कार्यालयवाट भुक्तानी हुने रकम बराबरको कर बिजक प्राप्त भएकोले लाभग्राहीको योगदान के कसरी भयो यकिन गर्न सक्ने अवस्था रहेन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन

| गो भौ न | उपभोक्ता समिति | प्रयोग गरेको उपकरण धनी | उपकरण | भाडा वापतको रकम |
|---|---|---|---|---|
| ४०।८१।२।१६ संघ | माल्टा गुवावारी माझगाँउ धुपु सडक उ स | अन्नपुर्ण अरुणा कन्ट्रक्सन | जेसिभि | २२०५८ |
| ६९।८१।३।२२ संघ | कालिकाथान देवि भदौरे चन्दनपुर उ स | अन्नपुर्ण अरुणा कन्ट्रक्सन मंगलादेवी नि से | जेसिभि | ९८५१३ |
| २३०।८१।३।१७ | सिरुवारी पिप्ले कटहरे सडक उ स | गेट्स कन्ट्रक्सन | जे सि भि | ३०७५५३ |
| २०७।८१।२।२० | अरुणाथान सित्तलपाटी आङ्ला सडक उ स | आईरसि कन्ट्रक्सन रुट सर्भिसेज | एक्जाभेटर | ३४९१७० |

५५.६ **लागत सहभागिता** — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले नगद लागत सहभागिता सहितका लागत अनुमान तयार नगरी यस बर्ष २९४ उपभोक्ता समिति वाट रु ६,९६,७८,९४९ को कार्य गरेको पाईयो। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

**उपभोक्ता समिति दर्ता**÷ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष रु ८,२३,२९,०२८ लागत अनुमान भएका विभिन्न २९४ वटा उपभोक्ता समितिसँग रु ६,९६,७८,९४९को सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुनाले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ

५५.७ **उपभोक्ता समिति धरौटी:-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम१२३(४) मा सम्झौता बमोजिम धरौटी कट्टा गर्नु उल्लेख छ । यसै गरी पालिका र उपभोक्ता समिति बीच भएको सम्झौताको अन्तिम शर्तमा पाँचलाख भन्दा माथीका कार्यान्वयन हुने योजना आयोजनामा ५ प्रतिशत धरौटी रकम कट्टा गरी राखिने र यस्तो धरौटी रकम एक बर्ष पछि भुक्तानी गरिने उल्लेख छ । तर कार्यालयले उपभोक्ता समिति मार्फत रु ५ लाख भन्दा बढिका निर्माण कार्य गराई भुक्तानी दिदा निम्न निर्माण कार्यहरुमा सम्झौताको शर्त अनुसार धरौटी कट्टा नगरी सम्पुर्ण रकम उपभोक्ता समितिलाई भुक्तानी गरेकोले निर्माण पश्चातको त्रुटि सच्चयाउने दायित्व उपभोक्ता समितिहरुले पुरा नगर्ने जोखिम रहन्छ । अत सम्झौता अनुसारको धरौटि कट्टा गर्नु पर्दछ । अन्य निर्माण कार्यमा समेत धरौटी कट्टा छुट भएको कार्यालयवाटै यकिन गरी समितिहरुवाट सम्झौता बमोजिम धरौटि जम्मा गरेको प्रमाण पेश हुनु पर्ने रु

| गो भौ न | उपभोक्ता समिति | सम्झौता अनुसार कट्टा गर्नु पर्ने धरौटी रु |
|---|---|---|
| १३५।८०।१२।२० | चिवा खोला तिस खोला सडक उ स | ४९७६१ |
| ४०।८१।२।१६ संघ | माल्टा गुवावारी माझगाँउ धुपु सडक उ स | १४९१८८ |
| ६९।८१।३।२२ संघ | कालिकाथान देवि भदौरे चन्दनपुर उ स | १४३१२८ |
| २४८।८१।३।१९ | धोविखोला आईतवारे ढल उ स | २८४३६ |
| १९।८०।५।२४ | हाईवे मनकामना अम्बिका मा वि ठाडो उ स | ४४७६४ |
| २३१।८१।३।१७ | सचेन्द्र मनोज घर सडक उ स | ३२४०९ |
| २३०।८१।३।१७ | सिरुवारी पिप्ले कटहरे सडक उ स | ४९९९२ |
| २०७।८१।२।२० | अरुणाथान सित्तलपाटी आङ्ला सडक उ स | ४९८०६ |
| १३८।८०।१२।२१ | कालिका मावि नि उ स | ३९९७१ |
| ५५।८०।७।२१ | तुम्लिङ्टार सार्वजनिक सौचालय नि उ | ८७४०६ |
| २७७।८१।३।२४ | ढोलबाजे सा वन फुटरेल नि उ स | ९२४०४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६७,२६५ |

५५.८ **जटिल संरचना** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी.फ्रेम स्ट्रक्चर सहितका भवन पि सि सि ढलान सहितका बाटो लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचनानिर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्यव्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउनउपयुक्त हुने देखिन्छ ।नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । यससम्बन्धि केहि उदाहरणहरु देयाह बमोजिम रहेका छन ।

| गो भौ न | उपभोक्ता समिति | कार्य | यस बर्ष भुक्तानी |
|---|---|---|---|
| १३५।८०।१२।२० | चिवा खोला तिस खोला सडक उ स | पि सि सि सहित बाटो स्तरनोन्नती | ९९५२३६ |
| १९।८०।५।२४ | मनकामना अम्बिका मा वि ठाडो उ स | ढलान सहित सडक स्तरोन्नती | ८९५२९३ |
| १३८।८०।१२।२१ | कालिका मावि नि उ स | भवन | ७९९४३१ |
| ४०।८१।२।१६ संघ | माल्टा गुवावारीमाझ धुपु सडक उ स | पिसिसि ११।५ ३ | १४१७६९० |
| ४४।८१।२।२३ | खेलकुद पुर्वाधार निर्माण उ स | पि/आर सि सि ढलान | १४५०९३५ |

५६ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६७ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष मेयर विवधि कार्यक्रम कोषमा ३० लाख,उपमेयर विबिध कार्यक्रम कोषमा २५ लाख तथा योजना यकिन नगरी नगर गौरबका आयोजनामा रु २० लाख समेत रु.७५,००,००० अबण्डा बजेट व्यवस्था गरी खर्च गरेको छ। बजेट अबण्डामा राखी नगर प्रमुख उपप्रमुखको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

५७ **कर्मचारी व्यवस्था:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको अधिकार क्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी विवरण तयार नगरि जम्मा ८९ जना कर्मचारी करारमा राखि रु ३१८१८४२२। तलव भत्तामा खर्च लेखेको छ। त्यसैगरी

सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालयसहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैँचेल गायतका पदमा मात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेकोछ।पालिकाले उल्लेखित पदवाहेकको इन्जिनियर १, सब ईन्जिनियर २ , अमिन १ , असिस्टेन्ट सव इन्जिनियर ३ , सहायक चौथो १ ,कम्प्यूटर अपरेटर २ र सहायक कम्प्युटर अपरेटर १३ गरी जम्मा २३ जना करार नियुक्ति गरी बर्षभरीमा रु. १०५२४४६५। भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,०५,२४,४६५ |

५८ **अनुगमन प्रतिवेदन:**

कोशी प्रदेशगाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को अनुसूची १ (ख) मा नगरपालिका प्रमुखको रु. 1१000/-, उपप्रमुखको रु. 1१000/-, वडाध्यक्षको रु. 4५00/- र कार्यपालिका सदस्यको रु. 2000/- मासिक अनुगमन भत्ताको व्यवस्था छ । उक्त अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा मासिक अनुगमन प्रतिवेदन पेश नभएतापनि रु १०५००००।अनुगमन भत्ता भुक्तानी भएको पाइयो।ऐनमा भएको व्यवस्था अनुसार अनुगमन प्रतिवेदन पेश नभएको रु

| पद | संख्या | मासिक अनुगमन भत्ता दर | वार्षिक अनुगमन भत्ता |
|---|---|---|---|
| नगर प्रमुख | 1 | 1१000 | 1३२000 |
| नगर उप प्रमुख | 1 | 1१000 | 1३२000 |
| वडाध्यक्ष | ११ | ४५00 | ५९४००० |
| कार्यपालिका सदस्य | ८ | 2000 | १९२000 |
| **जम्मा** | | | **१०५००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,५०,००० |

५९ **बढी ग्रड भुक्तानी:**

कर्मचारी को तलब तथा ग्रेड भुक्तानी गर्दा पारित तलबी प्रतिवेदन अनुसार भुक्तानी गर्नुपर्नेमा निम्न कर्मचारीहरुको तलबी प्रतिवेदन भन्दा बढी ग्रेड भुक्तानी भएको पाइयो । बढी ग्रेड रकम असुल गर्नुपर्ने रु

| सि नं | नाम | पद | पाउने ग्रेड संख्या | भुक्तानी ग्रेड संख्या | बढी ग्रेड संख्या | ग्रेड दर | महिना चाडपर्व समेत | जम्मा संचयकोष थप समेत |
|---|---|---|---|---|---|---|---|---|
| १ | रुद्रमणी श्रेष्ठ | अधिकृत सातौ | ६ | ७ | १ | १५२८ | ११ | १८४८८ |
| २ | लवहाङ राई | अधिकृत सातौ | ५ | ६ | १ | १५२८ | १२ | २०१६९ |
| ३ | जानूकला राई | सहायक पाँचौ | ४ | ६ | २ | ११५८ | १२ | ३०५७१ |
| | जम्मा | | | | | | | ६९२२८ |

| असुल गर्नुपर्ने | ६९,२२८ |
|---|---|

६० **सल्लाहकार ,प्रेस सल्लाहकार र कानूनी सल्लाहकार :**

कोशी प्रदेश गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ मा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । ऐन वितरित पालिकाले नगर प्रमुख को सल्लाहकारमा श्यम प्रसाद निरौला लाइ नियुक्त गरी मासिक रु३४७३० को दरले बार्षिक तलब भत्ता रु ५१७७२० , प्रेस सल्लाहकारमा ईन्द्र कुमार गिरी लाई नियुक्त गरि मासिक रु २०००० को दरले बार्षिकर रु२२०००० र न्यायिक समितिमा कानूनी सल्लाहकारमा किरण शाक्य लाई नियुक्त गरी मासिक रु २०००० को दरले बार्षिक रु २४०००० गरि ३ जनाको रु ९७७७२० भुक्तानी गरेको पाइयो। ऐन बिपरित कर्मचारी नियुक्त गरि भुक्तानी गरेको अनियमित देखिएको रु

| अनियमित भएको | ९,७७,७२० |
|---|---|

६१ **यातायात खर्च:**

कोशी प्रदेश गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची-१ (ख) मा नगरपालिकाका पदाधिकारीले पाउने यातायात खर्च सम्बन्धी व्यवस्था उल्लेख छ। उक्त व्यवस्था अनुसार नगर प्रमुखले सवारी साधन पाउने र उपलब्ध नभएमा मासिक रु १०००० उपलब्ध गराउने व्यवस्था छ। तर सवारी साधन उपलब्ध भएको अवस्थामा पालिकाले भौ नं ५२।२०८०।५।६ बाट रु १२०००० र भौ नं ८३७।२०८१।२।२८ बाट रु १२०००० गरि जम्मा रु २४०००० यातायात खर्च बापत नगर प्रमुख लाइ भुक्तानी गरेको पाइयो। ऐन बिपरितको सुविधा असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | २,४०,००० |
|---|---|

६२ **पोषाक खर्च:**

कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७५ को दफा ३ मा नगरपालिका का प्रमुख ,उप प्रमुख ,वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले अनुसूचि १(ख) मा उल्लेख भएको सुविधालाइ अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरे वमोजिमको सुविधा पाउने व्यवस्था छ। उक्त ऐनमा पदाधिकारीहरुलाइ पोषाक खर्च सम्वन्धि व्यवस्था भएको पाइएन। तर निम्न पदाधिकारीलाइ पालिकाले रु १० हजारको दरले पोषाका खर्च वापत रु ५८००००।भुक्तानी गरेको पाइयो।ऐनमा व्यवस्था नभएको पोसाका खर्च रकम सम्वन्धित बाट असुल गर्नुपर्ने रु

| सि नं | नाम | पद | रकम |
|---|---|---|---|
| 1 | श्री महेश थपलिया | नगरप्रमुख | १०००० |
| 2 | श्री महेश्वरा श्रेष्ठ बज्रचार्य | नगर उपप्रमुख | १०००० |
| 3 | श्री निरञ्जन श्रेष्ठ | वडाध्यक्ष | १०००० |
| 4 | श्री योगेन्द्र थापा | वडाध्यक्ष | १०००० |
| 5 | श्री भरतकुमार घिमिरे | वडाध्यक्ष | १०००० |
| 6 | श्री विनोद गुरुङ्ग | वडा सदस्य | १०००० |
| 7 | श्री टंकबहादुर घिमिरे | वडाध्यक्ष | १०००० |
| 8 | श्री अर्जुन तामाङ | वडाध्यक्ष | १०००० |
| 9 | श्री देवबहादुर पुंवार मगर | वडाध्यक्ष | १०००० |
| 10 | श्री डम्बरबहादुर कटुवाल | वडाध्यक्ष | १०००० |
| 11 | श्री बिमलराज गौतम | वडाध्यक्ष | १०००० |
| 12 | श्री बेदबहादुर चौहान | वडाध्यक्ष | १०००० |
| 13 | श्री अनिलराई लोहोरुङ्ग | वडाध्यक्ष | १०००० |
| 14 | श्री नरेन्द्रकुमार राई मेवाहाङ | का.पा.सदस्य | १०००० |
| 15 | श्री दिपेन्द्र राई लोहोरुङ | का.पा.सदस्य | १०००० |
| 16 | श्री डम्बरबहादुर घले | का.पा.सदस्य | १०००० |
| 17 | श्रीईन्द्रमाया बराइली | का.पा.सदस्य | १०००० |
| 18 | श्री ललिताआले मगर | का.पा.सदस्य | १०००० |
| 19 | श्री राधाओझा | का.पा.सदस्य | १०००० |
| 20 | श्री दुर्गा मगर | का.पा.सदस्य | १०००० |
| 21 | श्री पवित्राकुमारी गुरुङ | का.पा.सदस्य | १०००० |
| 22 | श्री सुमनशाक्य | वडा सदस्य | १०००० |
| 23 | श्री सृजनाशंकर | वडा सदस्य | १०००० |
| 24 | श्री शारदापराजुली गौतम | वडा सदस्य | १०००० |
| 25 | श्री उद्धिम कुमार राई | वडा सदस्य | १०००० |
| 26 | श्री सावित्री देवी अधिकारी | वडा सदस्य | १०००० |
| 27 | | | |

| | | | |
|---|---|---|---|
| | श्रीरुपमाया वि.क. | वडा सदस्य | १०००० |
| 28 | श्री पूर्णसिंह खम्बु राई | वडा सदस्य | १०००० |
| 29 | श्रीभुमादेवी पाण्डे | वडासदस्य | १०००० |
| 30 | श्री खेमराज पुलामी मगर | वडा सदस्य | १०००० |
| 31 | श्रीविष्णु गुरुङ्ग | वडा सदस्य | १०००० |
| 32 | श्रीपेम्बा शेर्पा | वडा सदस्य | १०००० |
| 33 | श्री कुलबहादुर राई | वडा सदस्य | १०००० |
| 34 | श्री सरितादर्जी | वडा सदस्य | १०००० |
| 35 | श्री टिकाराम गुरुङ्ग | वडा सदस्य | १०००० |
| 36 | श्री सिता विश्वकर्मा | वडा सदस्य | १०००० |
| 37 | श्री दिपकघिमिरे | वडा सदस्य | १०००० |
| 38 | श्री प्रेमकुमारी राई | वडा सदस्य | १०००० |
| 39 | श्रीइन्द्र बहादुर मगर | वडा सदस्य | १०००० |
| 40 | श्री यसोदा मगर | वडा सदस्य | १०००० |
| 41 | श्रीकल्पना सार्की | वडा सदस्य | १०००० |
| 42 | श्री धनबहादुर राई बान्तवा | वडा सदस्य | १०००० |
| 43 | श्री झलकलाल कुसुले | वडा सदस्य | १०००० |
| 44 | श्रीसिताकुमारी सार्की विश्वकर्मा | वडा सदस्य | १०००० |
| 45 | श्री जीतबहादुर कार्की | वडा सदस्य | १०००० |
| 46 | श्री उमेश श्रेष्ठ | वडा सदस्य | १०००० |
| 47 | श्री रुभिना रसाईली | वडा सदस्य | १०००० |
| 48 | श्री जुनका कार्की | वडा सदस्य | १०००० |
| 49 | श्री हरिहर खनाल | वडा सदस्य | १०००० |
| 50 | श्रीटिकाराम कुमाल | वडा सदस्य | १०००० |
| 51 | श्री अमृताविश्वकर्मा | वडा सदस्य | १०००० |
| 52 | श्रीटंक कुमार श्रेष्ठ | वडासदस्य | १०००० |
| 53 | श्री बिमलाकुमाल | वडा सदस्य | १०००० |
| 54 | श्रीसुशिला विश्वकर्मा | वडा सदस्य | १०००० |

| | | | |
|---|---|---|---|
| 55 | श्री मानबहादुर श्रेष्ठ | वडा सदस्य | १०००० |
| 56 | श्री कमानसिं राई लोहोरुङ्ग | वडा सदस्य | १०००० |
| 57 | श्री लिलाघले गुरुङ्ग | वडा सदस्य | १०००० |
| 58 | श्री कमला सार्की | वडा सदस्य | १०००० |
| | जम्मा | | ५८०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८०,००० |

६३ **यातायात खर्च:**

कोशी प्रदेश गाँउ तथानगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची-१ (ख) मा नगरपालिकाका पदाधिकारीले पाउने यातायात खर्च सम्बन्धी व्यवस्था उल्लेख छ ।उक्त व्यवस्था अनुसार वडाध्यक्षले मासिक रु ४५००,वडा सदस्यले मासिक रु २५०० यातायात खर्च पाउने तर सवारी साधन उपलव्ध गराउने व्यवस्था छैन। पालिका बाट उपलब्ध विवरण अनुसारदेहायका पदाधिकारी हरुलाइ सवारीसाधन(मोटरसाईकल)र मासिक यातायात खर्च दुबै सुविधा उपलब्ध गराएको पाइयो।यसरी दोहोरो सुबिधा उपलब्ध गराएकोले यातायात खर्च वापतको रकम असुल गर्नुपर्ने रु

| नाम | पद | वडा नं | यातायात खर्च मासिक | जम्मा महिना | रकम |
|---|---|---|---|---|---|
| अर्जुन तामाङ | वडाध्यक्ष | ६ | ४५०० | १२ | ५४००० |
| विनोद गुरुङ | वडाध्यक्ष | ४ | ४५०० | १२ | ५४००० |
| निरन्जन श्रेष्ठ | वडाध्यक्ष | १ | ४५०० | १२ | ५४००० |
| अनिल राई | वडाध्यक्ष | ११ | ४५०० | ६ | २७००० |
| झलकलाल कुसुले | वडा सदस्य | ७ | २५०० | १२ | ३०००० |
| टंक कुमार श्रेष्ठ | वडा सदस्य | ९ | २५०० | १२ | ३०००० |
| जम्मा | | | | | २४९००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४९,००० |

६४ **खरिद आदेश बेगर भुक्तानी**

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को उपनियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ ।उपनियम ३९ (१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले भौ.न.१०२।२०८०।१०।०४ बाट विभिन्न प्रकारका औषधीहरु खरिद गर्नको लागि मिति २०८०।०९।०१ मा पिण्डेश्वरी फार्मेसी (६०८२५८७०८) लाई खरिद आदेश दिएकोमा पिण्डेश्वरी फार्मेसी बाट औषधी खरिद नगरी महादेव फार्मेशी को बिल संलग्न गरी भुक्तानी गरेको देखियो । यसरी दररेट माग गरि न्युन दर कबोल गर्ने पिण्डेश्वरी फार्मेसीलाई खरिद आदेश दिएकोमा, खरिद आदेश बेगरको पार्टी महादेव फार्मेशी लाई भुक्तानी भएकोले अनियमित देखिएको रकम रु

| | |
|---|---|
| अनियमित भएको | ४,६६,७८४ |

६५ **सामाजिक सुरक्षा करकट्टी**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट स्वीकृत स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन २०७९/८० अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई पोशाक प्रोत्साहन स्वरुप रु १०००० का दरले पोशाक प्रोत्साहन वितरण गर्ने र पोशाक भत्तामा सामाजिक सुरक्षा कर कट्टी गर्ने व्यावस्था रहेको छ, पालिकाले भौ न १४७ मिति २०८०।१२।१४ बाट ३६ जना स्वास्थ्य स्वयमसेविकाहरुलाई रु १०००० को दरले जम्मा रु ३६०००० भुत्तानी गर्दा सामाजिक सुरक्षा कर कट्टी नगरेकाले सम्बन्धित बाट असुल गर्नुपर्ने रकम रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ६५.१ | अमृता बराल | १०० |
| ६५.२ | इन्दिरा पोख्रेल | १०० |
| ६५.३ | कमला वि.क | १०० |
| ६५.४ | कल्पना कट्टुवाल | १०० |
| ६५.५ | कुमारी श्रेष्ठ | १०० |
| ६५.६ | कौशल्या खनाल | १०० |
| ६५.७ | चेत कुमारी चर्मकार | १०० |
| ६५.८ | जानुका शार्की | १०० |
| ६५.९ | तारा घिमिरे | १०० |
| ६५.१० | तुलसा बाह्रकोटी | १०० |
| ६५.११ | दुर्गादिवि त्रिताल | १०० |
| ६५.१२ | दुर्गामाया गुरुङ | १०० |
| ६५.१३ | प्रमिला राई | १०० |
| ६५.१४ | बर्षा पराजुलि घिमिरे | १०० |
| ६५.१५ | बाल कुमारी तामाङ | १०० |
| ६५.१६ | भमा गुरुङ्ग | १०० |
| ६५.१७ | मनकुमारी घिमिरे | १०० |
| ६५.१८ | मनिला नाछिरिङ्ग राई | १०० |
| ६५.१९ | मालादेवि श्रेष्ठ | १०० |
| ६५.२० | रत्न कुमारी कुवँर | १०० |
| ६५.२१ | राजकुमारी मगर | १०० |
| ६५.२२ | लाक्पा वुटी शेर्पा | १०० |
| ६५.२३ | लिला तामाङ्ग | १०० |
| ६५.२४ | विष्णु खड्का | १०० |
| ६५.२५ | शान्तिदेवी राई | १०० |
| ६५.२६ | शारदा कार्की खत्री | १०० |
| ६५.२७ | शोभा कुमारी शर्मा | १०० |
| ६५.२८ | श्यामकला राई | १०० |
| ६५.२९ | संगिता आलेमगर राना | १०० |
| ६५.३० | संगिता खड्का | १०० |
| | | |

| | | |
|---|---|---|
| ६५.३१ | सर्मिला राई | १०० |
| ६५.३२ | सविता दाहाल | १०० |
| ६५.३३ | सविता श्रेष्ठ | १०० |
| ६५.३४ | सावित्रा मगर | १०० |
| ६५.३५ | सुनिता राई | १०० |
| ६५.३६ | सुशिलादेवि निरौला | १०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६०० |

६६ **सहभागिता भत्ता**

अर्थ मन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका २०७७ को बुँदा नम्बर ७.१.१५ अनुसार प्रशिक्षार्थी छनौट गरी वा नगरी सञ्चालन गरिएको जुनसुकै प्रकारको तालिम, गोष्ठीको सहभागीहरुलाई सहभागी भत्ता उपलब्ध नगराउने भनी सूचना गर्नुपर्ने, तालिम, गोष्ठी, कार्यशालाको सहभागीलाई सहभागी भत्ता दिने गरी कार्यक्रममै सहभागीहरुलाई सहभागी भत्ता वा सहभागीको भ्रमण खर्च वा दुवै दिने गरी स्वीकृत भएको कार्यक्रमका सहभागीहरुलाई जिल्लाभित्र दैनिक खाने बस्ने खर्च बापत रु ७०० उपलब्ध गराउन सक्ने व्यवस्था रहेको तथा निर्देशिकोको स्पष्टिकरण अनुसार जिल्लास्तरीय तालिम भन्नाले सदरमुकाम वा अन्यन्त्र जहाँ सञ्चालन गरिने भए तापनि सहभागीको आवासको व्यवस्था गर्नुपर्ने तालिम सम्झनुपर्दछ भन्ने व्यवस्था रहेको छ । कार्यालयले देहायबमोजिमका कार्यक्रमहरुमा सहभागिता भत्ता दिने गरी कार्यक्रम स्वीकृत भएको बेगर तथा सहभागीको आवासको व्यवस्था गर्नुपर्ने तालिम बेगर विभिन्न तालिम तथा कार्यक्रमहरुमा सहभागिता भत्ता बितरण गरेको पाईएकोले अन्य कार्यक्रम तथा विगतका कार्यक्रममा वितरण गरेको रकमको समेत कार्यालयद्वारा यकिन हुनुपर्दछ ।

नमुना छनोट गरि परिक्षण गरिएकोमा देहायबमोजिमका कार्यक्रमहरुका सहभागिहरुलाई कार्यसञ्चालन निर्देशिकाको मापदण्ड विपरित बढि रकम भुक्तानी भएकोले असुल गर्नुपर्ने रु

| भौ.नं. र मिति | कार्यक्रम | कर्मचारीको नाम | कार्यक्रम संख्या | जम्मा रकम करकट्टी बाहेक रु | कैफियत |
|---|---|---|---|---|---|
| २५२,२०८१।०३।११ | पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक डाटा भेरिफिकेसन एवं गुणस्तर कार्यक्रम | दिलिप कुमार श्रेष्ठ | ९ | ५३५५ | |
| | | कृष्णमोहन श्रेष्ठ | ९ | ५३५५ | |
| | | रेनुका सुनाम | ९ | ५३५५ | |
| | | तेम्बाला लामा | ९ | ५३५५ | |
| २४८,२०८१।०३।०४ | स्वास्थ्य संस्था स्तरिय CB-CBIMNCI स्थलगत अनुशिक्षण कार्यक्रम | दिपकमणि घिमिरे | १० | ५९५० | |
| | | दिलिप कुमार श्रेष्ठ | ४ | ३३८० | |
| | | रुद्रमणि श्रेष्ठ | ६ | ३५७० | |
| | | सरोज कुमार श्रेष्ठ | ५ | २९७५ | |
| | | तेम्बाला लामा | १६ | ९५२० | |
| | | कृष्णमोहन श्रेष्ठ | १० | ५९५० | |
| | | रेनुका सुनाम | १६ | ९५२० | |
| | | जानकी बल्लभ पोख्रेल | ४ | २३८० | |
| **जम्मा** | | | | **६४६६५** | |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ६६.१ | कृष्णमोहन श्रेष्ठ | ५,३५५ |
| ६६.२ | कृष्णमोहन श्रेष्ठ | ५,९५० |
| ६६.३ | जानकी बल्लभ पोख्रेल | २,३८० |
| ६६.४ | तेम्बाला लामा | ५,३५५ |
| ६६.५ | तेम्बाला लामा | ९,५२० |
| ६६.६ | दिपकमणि घिमिरे | ५,९५० |
| ६६.७ | दिलिप कुमार श्रेष्ठ | ३,३८० |
| ६६.८ | दिलिप कुमार श्रेष्ठ | ५,३५५ |
| ६६.९ | रुद्रमणि श्रेष्ठ | ३,५७० |
| ६६.१० | रेनुका सुनाम | ५,३५५ |
| ६६.११ | रेनुका सुनाम | ९,५२० |
| ६६.१२ | सरोज कुमार श्रेष्ठ | २,९७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,६६५ |

६७ **नर्म्स भन्दा बढी खर्च**

अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका २०७७ को बुदा ७.१.१५ को ४ मा तालिम केन्द्र/प्रतिष्ठान बाहेक अन्य निकायबाट सञ्चालित सवै प्रकारका तालिममा कार्यालयका कर्मचारी स्रोतव्यक्ति / प्रशिक्षक भएमा कार्यपत्र वापतको रु ७००.० मात्र पाउने र अन्य निकायका

स्रोतव्यक्ति भएमा कार्यपत्र वापत रु ७०० र कक्षा लिएवापत रु ६०० समेत रु १३०० भुक्तानी गर्न सकिनेमा नमुना छनोट गरि परिक्षण गरिएकोमा भौ.नं. २४४ मिति २०८१।०२।३२ बाट देहायबमोजिमका कार्यक्रमहरुमा कार्यालयकै कर्मचारीहरु प्रशिक्षक भएकोमा प्रशिक्षक भत्ता बुझेकोले नर्म्समा उल्लेख भएको भन्दा देहाय बमोजिम बढि भुक्तानी भएकोले असुल गर्नुपर्ने रु

| प्रशिक्षकको नाम | कार्यक्रमको नाम | कक्षा संख्या | दर | भुक्तानी रकम करकट्टी बाहेक |
|---|---|---|---|---|
| दिपक मणि घिमिरे | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि कार्यक्रम | १ | १५०० | १२७५ |
| डम्मर निरौला | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि कार्यक्रम | ५ | १५०० | ६३६५ |
| रुद्रमणि श्रेष्ठ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि कार्यक्रम | २ | १५०० | २५५० |
| लवहाङ राई | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि कार्यक्रम | १ | १५०० | १२७५ |
| गुणराज खत्री | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि कार्यक्रम | १ | १५०० | १२७५ |
| जम्मा रु. | | | | १२७५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,७४० |

६८ **फरक खर्च शिर्षक**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ चालु खर्च संकेत तथा वर्गीकरण र व्याख्या सम्बन्धि प्रावधान अनुसार सम्बन्धित खर्च सम्बन्धित खर्च शिषर्ककाट लेख्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ । देहायबमोजिम शिर्षक फरक पारी रकम खर्च गरेकोले अनियमित रु

| भौ न र मिति | लेख्नुपर्ने खर्च संकेत नम्बर | लेखेको खर्च संकेत नम्बर | रकम रु. |
|---|---|---|---|
| ३७,२०८०।०८।२५ | भ्रमण खर्च (२२६१२) | तलब भत्ता(२११११) | ६०००० |
| ७०,२०८०।०९।०३ | पानी तथा बिजुली(२२१११) | तलब भत्ता(२११११) | २०००० |
| २९९,२०८१।०३।१९ | मसलन्द तथा कार्यालय सामाग्री(२२३११) | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन(२२५२२) | ९७२५ |
| जम्मा रु | | | ८९७२५ |

| | |
|---|---|
| अनियमित भएको | ८९,७२५ |

६९ **खर्चको पुष्टि**

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को उपनियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ ।उपनियम ३९ (१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायबमोजिमको खर्चको प्रमाण, कागजात, बिल, भर्पाई पेश नगरेकोले खर्चको प्रमाण, कागजात पेश गर्नुपर्ने रु

| गो.भौ.नं. र मिति | भुक्तानी पाउने | रकम रु. |
|---|---|---|
| २९९,२०८१।०३।१९ | अफिस सप्लायर्स | ९३०६८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९३,०६८ |

७० **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य

सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १२ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सशर्त चालु र समानिकरण चालु बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु.१२७३७४२/- को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| सि. नं . | वजेट उप शीर्षक | फर्मको नाम | रकम |
|---|---|---|---|
| १ | सशर्त चालु | महादेव फार्मेशी | १२७३७४२ |
| जम्मा | | | १२७३७४२ |

७१ **नदिजन्य पदार्थ**

७१.१ स्थानीय सरकार संचालन ऐन २०७४ कव दफा ६४(च) र दफा ११को(६) को ब्यवस्था बमोजिम सभाखोला र अरुण नदिको २९४४१.३ घ.मि नदिजन्य पदार्थ उत्खनन् गर्ने प्रयोजनका लागी न्यूनतम बोलपत्र रकम रु ५७००३७५ मा बढाबढबोल कबोल गर्ने गरि मिति २०८०।५।१ मा ३१ औ दिन १२ बजे सम्म बोलपत्र फारमहरु पेश गर्न सार्बजनिक सुचना आव्हान भएकोमा अन्तिम मिति सम्म कुनै पनि बोलपत्र पेश नभएकोले २०८०।६।२ मा १६ औ दिन सम्म बोलपत्र पेश गर्ने गरी सुचना प्रकाशन गरेको पाईयो । तर सुचना प्रकाशन गरी बोलपत्र आव्हानका लागी १५ दिने अवधि बाँकी नै रहेको अवस्थामा मिति २०८०।६।७को कार्यपालिका बैठक संख्या ३४ को निर्णय न १ वाट *नदिजन्य पदार्थको निकासी कर संकलनका लागी ठेक्का आव्हान गरिएकोमा उक्त कार्य नियमानुसारको प्रकृयामा नै रहेको तथा नदिजन्य पदार्थ उत्खनन् गर्ने समय समेत शुरु भएको हुदा ठेक्का प्रकृयावाट निकासी कर संकलन गर्ने कार्य टुङ्गो नपुगेसम्म नगरकार्यपालिकाको कार्यालयवाट कर्मचारी खटाई नियमानुसारको निकासीकर संकलन सम्बन्धि कार्य अगाडी बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने* भनि निर्णय भएको देखिन्छ । ।कार्यपालिका द्वारा सुचना अवधि समाप्त नहुदै नदिजन्य पदार्थ निकासी अनुमति दिई यस बर्ष रु ३१५२७७६ संकलन गरेकोमा उक्त रकम न्यूनतम कबोल अंकको तुलानामा रु २५४७५९९ ले घटि देखिन्छ । पालिकाले नदिजन्य पदार्थ निकासी कर संकलनका लागी सुचना प्रकाशन गर्ने तर सुचनामा उल्लेखित अवधि समाप्त नहुदै कार्यपालिकाले कर्मचारी खटाई निकासीकर उठाउने गरी नदिजन्य पदार्थ उत्खनन् अनुमती दिने कार्यले न्यून कर संकलन गरेको उचित देखिएन ।

७१.२ **अनुगमन:**- ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ अनुसार पालिकाले व्यवसायीसँग गरेको प्रत्येक सम्झौतामा कुनै किसिमको कर सेवा शुल्क र दस्तुर थप गरी लिन नपाउने र नियमानुसारको शुल्क दस्तुर कर असुल गर्दा पालिकाबाट प्रमाणित भर्पाई रसिदको आधारमा मात्र गर्ने उल्लेख भएकोमा प्रमाणित रसिद उपलव्ध गराएता पनि सोको भिडान र अनुगमन भएको नदेखिएकोले यसको सदुपयोगमा यकिन हुन सकिएन ।

**शर्तको पालना:**-ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ को दफा ९ अनुसार साधारण निर्माणमुखि नदिजन्य पदार्थको उत्खन्न सकलन गरि घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा तोकिएको शर्तहरुको पालना भए नभएको अनुगमन गरि जिल्ला समन्वय समितिले निर्देशन दिने तथा अनुगमन गरि आबश्यक कारबाही गर्नुपर्ने व्यवस्था रहेता पनि समन्वय समिति र पालिकाबाट सोहि मापदण्डको अनुसूचि ५ अनुसारको चेक लिस्ट प्रयोग गरि अनुगमन भएको लिखत अभिलेख देखिएन यसको अभावमा तोकिएको परिणाममा उत्खनन र राजस्व असुली तथा वातावरणिय पक्षमा असर परे नपरेको तथा दिएका सुझावको कारवाहि भएकोमा नियमानुसार भए नभएको एकिन हुन सक्ने अवस्था नरहेकोले यसमा तोकिएका जिम्वेवार पदाधिकारीलाई उत्तरदायी बनाउनु पर्ने देखियो ।

**बिक्री ढुवानी अभिलेख:**-ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ९ अनुसार उत्खनन संकलन वा ढुवानी कर्ताले संकलन वा ढुवानी गरेको परिणामको दैनिक पटके उत्पादन बिक्री वा ढुवानी गरेको परिणामको

अभिलेख अनुसुचि ४ (क) बमोजिम र दैनिक गरेको बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसुची ४ (ख) बमोजिम राख्नु पर्ने व्यवस्था रहेता पनि पालिकाले यस्ता विवरण लिई अध्यावधिक नराखेकोले यथार्थ उत्खनन तथा बिक्रीको परिणाम भिडान गर्न सकिएन ।
बिभिन्न व्यवसायीहरुवाट नदिवाट नदिजन्य पदार्थ संकलन गर्ने र पालिकावाट खटाएको कर्मचारीले शुल्क उठाउने गरेकोले नदिजन्य पदार्थ बिक्रि बिधि यकिन गर्न सकिएन । नदीजन्य पदार्थ संकलन तथा विक्रि गर्ने कार्य भएकोमा **IEE** ले अनुमान गरे भन्दा कम शुल्क उठेको देखिएकोले कर्मचारीवाट शुल्क उठाउने काममा नियन्त्रण हुनु पर्दछ

७२ **ICT LAB**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ३१५ मिति २०७९।०९।२९ को पत्रअनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतक संचालन तथा स्थापना गरिने ICT LAB को स्पेसिफिकेसन सम्बन्धि व्यवस्था रहेको छ । जसअनुसार यो कार्यक्रम संचालन गर्ने विद्यालय तथा स्थानिय तहहरुले अनिवार्य रुपमा तोकिए बमोजिमका स्पेसिफिकेसन पालना गरि देहायबमोजिमका सामाग्रीहरु खरिद गर्नुपर्ने उल्लेख रहेको छ ।

1. Development of Integrated Digital Library With Learning Management System Software – 1 Set
2. Establishment of Educational AVR System – 1 Set (75” or Higher with 4k Ultra HD display)
3. Provision Of All-in-One Computer – 1set (Branded, ISO 9001 Certified)
4. Provision Of Multifunction Printer – 1 Set (1200*1200 dpl or Higher copy Resolution)
5. Trolley Stand with Locking – 1 Set (Holding Capacity Up to 150 kg)
6. Networking and Electrical Writing (As per the requirement specified by the school)

कार्यालयले देहायबमोजिमका ३ वटा विद्यालयहरुमा ICT ल्याव स्थापना गर्नको लागि रु ६५०००० को दरले रकम निकाशा गरेकोमा विद्यालयहरुले तोकिएबमोजिमका सामाग्रीहरु खरिद गरेको पाईएन, सुचना प्रविधि प्रयोगशालाको लागि अनुदान रकम निकाशा भएकोमा मापदण्ड बमोजिमका सम्पूर्ण सामाग्रीहरु खरिद नभएकोले सुचना प्रविधि प्रयोगशाला स्थापना भई सञ्चालन भएको आधार र प्रमाण पेश गर्नुपर्ने रकम रु.

| गो.भौ.नं. र मिति | विद्यालयको नाम | खरिद सामाग्री | रकम रु |
|---|---|---|---|
| ९०,२०८०।०९।२५ र १३८, २०८०।१२।०५ | आदर्श मा.वि. पिप्ले | मापदण्ड बमोजमका सम्पूर्ण सामाग्री खरिद नगरेको | ६५०००० |
| १२४,२०८०।११।२९ र १४२, २०८०।१२।१२ | कालिका मा.वि. सेकाहा | SMART TV 55 Inch – 6 Piece And Laptop Dell i5 – 2 Piece | ६५०००० |
| ९०,२०८०।०९।२५ र १३८, २०८०।१२।०५ | विद्योदय संस्कृत मा. वि. पांठा | SMART TV 55 Inch – 6 Piece, Laptop Dell i5 – 1 piece And Laptop Dell i3 – 1 piece | ६५०००० |
| जम्मा रु. | | | १९५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,५०,००० |

७३ **विज्ञान प्रयोगशाला**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप न. २.७.१३.१३(९.६) मा एकपटक पनि यस प्रकारको अनुदान प्राप्त नगरेकोमाध्यमिक विद्यालय यकिन गरि अनुदान उपलब्ध गराउन सक्ने र सबै माध्यमिक तहले यस प्रकारको एक पटक अनुदान प्राप्त गरी सकेको भए उच्च विद्यार्थी सङख्या भएको र अनुमतिले जेष्ठता क्रममा रहेको आधारमूत तह कक्षा १-८ सञ्चालित विद्यालयलाई अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहको छ ।कार्यालयले भौ न ९० मिति २०८१।०९।२५ बाट जनता मा. वि. चन्दनपुर लाई रु ६५०००० अनुदान उपलब्ध गराएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश नभएको र अनुगमन तथा निरिक्षण प्रतिवेदन पेश नभएकोले निरिक्षण प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रकम रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

७४ **शिक्षा**

पालिकाले वित्तिय हस्तान्नतरण अन्त्रगतका कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्दा स्विकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । शिक्षा तर्फको कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रम कार्यान्वियन पुस्तिका २०८० को व्यवस्था अनुसार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका कार्यक्रमहरुको अवस्था निम्नाअनुसार देखिएको छ ।

· पालिका अन्त्रगत रहेका सामुदायिक विधालयहरुका सबै त्रियाकलापहरुको कार्यपालिका बाट नियमित रुपमा अनुगमन गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड निर्धारण नगरेको साथै अनुगमन गरि प्रतिवेदन समेत तयार गरी सार्वजनिक गरेको पाईएन ।

· पालिकाभित्र रहेका सम्पूर्ण निजि विद्यालयहरुका निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र मापदण्ड बमोजिम अनुगमन गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको र अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।

· कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड नबनाएको र मापदण्ड बमोजिम अनुगमन गरेको छैन अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरि प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा सो वमोजिम कुनैपनि त्रियाकलाप सञ्चालन गरेको पाईएन ।

सामुदायिक विद्यालयको अभिलेख अद्यावधिक र प्रत्येक विद्यालयका शिक्षक र कर्मचारीको अभिलेख अद्यावधिक भएको विवरण नरहेको, साथै अभिलेख बमोजिम निकासा अभिलेख खाता नरहेको र निकासा अभिलेख खाता र निकासा रकम भिडान भएको पाईएन ।

## ७५ बिद्यालय सहयोगी

कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९ को क्रियाकलाप नम्बर १.१.४.१(१.२)(क) अनुसार प्रत्यकेक सामुदायिक विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक रु ८००० का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान उपलब्ध गराउने र १०००० हजार रकम पोशाक बापत उपलब्ध गराउने व्यवस्था रहेको छ ।पालिकाले देहायबमोजमका विद्यालयहरुमा २ वटा विद्यालय सहयोगिको लागी अनुदान रकम निकाशा गरेको छ, विद्यालय मर्ज भएका कारण मर्ज भई आउने विद्यालयका सम्पूर्ण कर्मचारीहरु समेत मर्ज हुने विद्यालयमा समायोजन भएका कारण २ जनासम्म विद्यालय सहयोगिको लागि अनुदान रकम निकाशा भएको भन्ने कार्यालयको भनाई रहेको छ। शिक्षकहरुको दरबन्दी मिलान हुने भएतापनि विद्यालय सहयोगिहरुको सम्बन्धमा मर्ज पश्चात नियुक्ती दिन मिल्ने आधार र प्रमाण पेश गर्नुपर्ने अन्याथा सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु

| बिद्यालयको नाम | खर्च संख्या | निकाशा रकम | हुनुपर्ने संख्या | हुनुपर्ने निकाशा रकम रु | बढि निकाशा रकम रु |
|---|---|---|---|---|---|
| हिमालय मा वि खांदवारी | २ | २२८००० | १ | ११४००० | ११४००० |
| जनता मा वि चन्दनपुर | २ | २२८००० | १ | ११४००० | ११४००० |
| वागीश्वरी मा वि ढुंगेधारा | २ | २२८००० | १ | ११४००० | ११४००० |
| विद्योदय मा वि तल्लोपांठा | २ | २२८००० | १ | ११४००० | ११४००० |
| कालिका मा वि सेकाहा | २ | २२८००० | १ | ११४००० | ११४००० |
| सरस्वती मा वि माल्टा | २ | २२८००० | १ | ११४००० | ११४००० |
| आदर्श बिद्यामन्दिर पाठकगाँउ | २ | २२८००० | १ | ११४००० | ११४००० |
| जम्मा रु | १४ | १५९६००० | ७ | ७९८००० | ७९८००० |

| प्रमाण पेश नगरेको | ७,९८,००० |
|---|---|

## ७६ नमुना विद्यालय अनुदान

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप न. २.७.१३.१३ को ९.१२ मा स्विकृत नमुना विद्यालयलाई स्वीकृत गुरुयोजनाको आधारमा वार्षिक कार्यान्वियन योजना अनुसार खण्ड (क) मा उल्लेखित विद्यालयले भौतिक पूर्वाधार निर्माण कार्यका लागि बजेट बिनियोजन नरहेकोले तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्युनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि बिनियोजित बजेटको कार्य

प्रगतिसहित आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाई सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरि उत्त रकम विद्यालयको गुरुयोजना अनुसार खर्च गर्ने व्यवस्था रहेको छ । भौ न ३३,८९ र २३३ बाट मनकामना रत्न अम्बिका मा. वि. तुम्लिङटार लाई रु ४५०००००  अनुदान निकाशा गरेकोको माथि उल्लेखित मापदण्ड र प्रमाण बेगर रकम निकाशा गरेकोले भौतिक पूर्वाधार विकासका लागि बजेट मागमा कार्यप्रगतिको विवरण, यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम, स्थानिय तह र विद्यालयबिच कुन कुन कार्यक्रम संचालन हुने भनि गरिएको सम्झौता र कार्यप्रगतिको अनुगमन निरिक्षण तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्न रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००,००० |

७७ **सामुदायिक सिकाइ केन्द्र सञ्चालन**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.११(६.७) मा स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, विधान बमोजिम पदाधकारीको निर्वाचन भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ.व. को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको मापदण्ड पुरा भएको अवस्थामा मात्र अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले भौ न २४, मिति २०८०।०६।१७, भौ न ७५, मिति २०८०।०९।०३, भौ न १२५, मिति २०८०। ११।२९, भौ न २३१, मिति २०८१।०२।२५ बाट उल्लेखित मापदण्ड पुरा गरेको प्रमाण बेगर अनुदान उपलब्ध गराएको रकम अनियमित रु

| विद्यालयको नाम | रकम रु |
|---|---|
| आदर्श सामुदायिक अध्ययन केन्द्र | १३०००० |
| सिद्धेश्वर सामुदायिक अध्ययन केन्द्र | १३०००० |
| जनचेतना सामुदायिक अध्ययन केन्द्र | १३०००० |
| अरुण उपत्यका सामुदायिक अध्ययन केन्द्र | १३०००० |
| कनिम सामुदायिक अध्ययन केन्द्र | १३०००० |
| जम्मा रु | ६५०००० |

| | |
|---|---|
| अनियमित भएको | ६,५०,००० |

७८ **शिक्षकको पारिश्रमिक कर**

आयकर ऐन २०५८ को दफा ८९ ले अनुसुचि १ वमोजिमको वार्षिक आयको गणना गरी पारीश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले विभिन्न विद्यालयका शिक्षकहरुको तलब, भत्ता निकाशा गर्दा बार्षिक रुपमा लाग्ने पारिश्रमिक करको विवरण पेश गरेको छैन् , सम्पूर्ण विद्यालयहरुबाट बार्षिक लेखापरिक्षण प्रतिवेदन समेत प्राप्त नभएकोले सम्बन्धित विद्यालयहरुबाट शिक्षकहरुको पारिश्रमिक कर कट्टा भए नभएको बारेमा यकिन हुन सकिएन । पालिकाले यस सम्बन्धमा यकिन गरि पारिश्रमिक कर कट्टा नभएमा असुल गरि संघिय संचितकोष दाखिला हुनुपर्दछ ।

७९ **शिक्षक दरबन्दी र पदपुर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| विभिन्न ३२ विद्यालय | २९६ | २९६ | ४४ | ८३४८ |

## ८० निकासा अभिलेख खाता

नगरपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन नगरपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ।

## ८१ बिद्यालयहरुको लेखापरीक्षण

नगरपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । नगरपालिका अन्तर्गत ३२ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म १२ बिद्यालयले लेखापरीक्षण गराएको पाइएन । अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी नगरपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

## ८२ निशुल्क पाठ्यपुस्तक

८२.१ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने व्यावस्था रहेको छ । यसरि अनुदान उपलब्ध गराउदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी पाठ्यपुस्तकको सङ्ख्या यकिन गरेर मात्र पहिलो पटकमा ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न विद्यालयहरुलाई रु ४९,३४,५०६ रकम निकाशा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन नगराएको, पहिलो पटक निकाशा गरेपश्चात २५ प्रतिशत दोस्रो निकाशा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा मात्र गर्नुपर्नेमा सोझै निकाशा गरेकोले वास्तविक निकाशा खर्च यकिन हुन सकिएन ।

८२.२ लेखापरिक्षण अवधिसम्म अपडेट भएको IEMIS DATA अनुसार लेखापरिक्षण गरिएकोमा कार्यालयले देहायबमोजिमका विद्यालयहरुलाई पाठ्यपुस्तक बमोजिम रकम निकाशा गर्दा २०८१ सालमा भर्ना भएका IEMIS DATA मा रहेका विद्यार्थी संख्या भन्दा बढी संख्यामा निकाशा भएकोले यकिन गरि सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रकम रु

| सि.न. | विद्यालयको नाम | निकाशा हुनु पर्नेरकम | निकाशा भएको रकम | | जम्मा निकाशा | बढि निकाशा |
|---|---|---|---|---|---|---|
| | | | ७५ प्रतिशत | २५ प्रतिशत | | |
| १ | Adarsha Secondary School, Piple | १७७३७६.८ | १७२६३८ | १३३४८.६ | १८५९८६.६ | ८६०९.८ |
| २ | Himalaya Secondary School, Angla | ९६३७५.३ | १०३२५१ | ४१६४.९ | १०७४१५.९ | ११०४०.६ |
| ३ | Singheshwari Basic School Bohoratar | ५२७७०.२ | ४९२१६ | ९१८२.५ | ५८३९८.५ | ५६२८.३ |
| ४ | Vidyodaya sanskrit Secondary School | १९८१२०.१ | १५८२९९ | ४०४६४.३ | १९८७६३.३ | ६४३.२ |
| ५ | Adarsha Secondary Bidya Mandir Ratmate Pathakgaun | १५३८५१.४ | १३१८७० | ३९०९७.४ | १७०९६७.४ | १७११६ |
| ६ | Bhadrakali Basic School | ५३८५०.६ | ५४५६० | १२७८७ | ६७३४७ | १३४९६.४ |
| ७ | Deurali Basic School | २७६० | ३३१४ | १०८०.९ | ४३९४.९ | १६३४.९ |
| ८ | Himalaya Secondary School, Khandbari | ८४८६४० | ७२५७४८ | २१८४२६.८ | ९४४१७४.८ | ९५५३४.८२ |
| ९ | Jalapa Secondary School | १६६०१४.४ | १३७८४२ | ३३०५७.३ | १७०८९९.३ | ४८८४.९ |
| १० | Jalpa Pra VI yogidanda | २२९५०.६ | २००५५ | ६०४९.४ | २६१०४.४ | ३१५३.८ |
| ११ | Kalika Secondary School | १३३४८८.९ | ११४०८९ | ३०००८.५ | १४४०९७.५ | १०६०८.६ |
| १२ | Mahendra Secondary School | ५४४०४५.९ | ४५७६५५ | १०४८१०.६ | ५६२४६५.६ | १८४१९.७ |
| १३ | Manakamana Ratna Ambika Secondary School | ७८५७३७ | ६७२९०१ | १६८८२७.२ | ८४१७२८.२ | ५५९९१.१८ |
| १४ | Mangala Devi Basic School Gairipangma ४ | ३२२६४.६ | ३२९७३ | १४१.५ | ३३११४.५ | ८४९.९ |
| १५ | Mangaladevi basic school Heluwabeshi | ६५७७७.७ | ४८५०० | २०४९७.५ | ६८९९७.५ | ३२१९.८ |
| १६ | Shanti Pra V Mayam | ५०११.२ | ५७३८ | ३७४.४ | ६११२.४ | ११०१.२ |
| | जम्मा | ३३३९०३५ | २८८८६४९ | ७०२३१८.८ | ३५९०९६८ | २५१९३३.१ |

**(विस्तृत विवरण बेरूजु दफा ८२.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | २,५१,९३३.१ |
|---|---|

## ८३ दिवा खाजा

८३.१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.११.१ अनुसार प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थी संख्याको आधारमा वार्षिक १८० दिनका लागि प्रति विद्यार्थी रु १५ को दरले रकम निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । यसरि रकम निकाशा गर्दा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्नुपर्ने, IEMIS मा रहेको विद्यार्थी संख्या यकिन गर्नुपर्ने, पछिल्लो त्रैमासिकमा रकम निकाशा गर्दा भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यावस्था रहेको छ ।कार्यालयले विभिन्न सामुदायिक विद्यालयका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमाणित हाजिर र विद्यार्थी संख्या यकिन बेगर एकमुष्ठ रकम निकाशा गरेको औचित्यपूर्ण देखिदैन । कार्यालयले यस वर्ष देहायबमोजिमका विद्यालयहरुलाई दिवा खाजा निकाशा दिदाँ तोकिएका मापदण्डहरु पुरा भएको अवस्था बेगर रकम निकाशा गरेको पाईएकोले कानुन तथा निर्देशिकाको पालना गरि दिवा खाजा रकम निकाशा गर्नुपर्दछ ।

८३.२ कार्यालयसंग आर्थिक वर्ष २०८०।८१ मा जम्मा भौतिक रुपमा विद्यालय सञ्चालन भएको दिन माग गर्दा विवरण प्राप्त भएन, आर्थिक वर्ष २०८० सालको विद्यार्थीहरुको IEMIS DATA अनुसार बढिमा १८० दिनलाई आधार मानी रकम हिसाव गरिएकोमा कार्यालयले देहायबमोजिमका विद्यालयहरुलाई दिवा खाजा बमोजिम रकम निकाशा गर्दा २०८० सालमा भर्ना भएका IEMIS DATA मा रहेका विद्यार्थी संख्या भन्दा बढी संख्यामा रकम निकाशा भएकोले यकिन गरि सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रकम रु

| विद्यालयकोनाम | निकाशाहुनुपर्ने रकम | निकाशाभएको रकम | बढिरकम |
|---|---|---|---|
| देउराली आधारभूत विद्यालय | ३५१०० | ३७०८० | १९८० |
| सरस्वती आधारभूत विद्यालय हेलुवा | ९७२०० | १०१८३५ | ४६३५ |
| जम्मा रु | | | ६६१५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६१५ |

८४ **विद्यार्थी निर्वाह खर्च**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५० (२.६) अनुसार प्रति वद्यार्थी लागत अनुदान अन्तर्गत व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि विद्यालयलाई निकाशा गरेको अनुदान मध्ये विद्यार्थी निर्वाह खर्च स्वरुप प्रति महिना १ हजारका दरले रकम सम्वन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले भौ न ८९ मिति २०८०।०९।२५ र भौ न २२४ मिति २०८१।०२।२४ मा मनकामना रत्न अम्बिका मा.वि. तुम्लिङ्गटार लाई १२० जना विद्यार्थीको रु १५००० को दरले अनुदान बापत १६५०००० निकाशा गरेकोमा कक्षा १० मा अध्ययनरत ३१ जना विद्यार्थीको ३ महिनाको, कक्षा ११ मा अध्ययनरत २८ जना विद्यार्थीको ३ महिनाको, र कक्षा १२ मा अध्ययनरत २३ जना विद्यार्थीको ६ महिनाको गरि जम्मा ८२ विद्यार्थीको ३१५ महिनाको रु १००० को दरले जम्मा रु ३१५००० सम्बन्धित विद्यार्थीको बैंक खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१५,००० |

८५ **प्रारम्भिक बाल बिकास सहजकर्ता**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० को क्रियाकलाप नम्बर १.१.४.१(१.१) अनुसार स्वीकृत कोटा र स्थानीय तहको आफ्नै स्रोतबाट सञ्चालनको अनुमति प्राप्त बाल विकास केन्द्रको छुट्टाछुट्टै अभिलेख तयार गरि प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक प्रति महिना रु १०००० का दरले चाडपर्व खर्चसहित १३ महिना बराबरको रकम र बार्षिक रु १०००० पोशाक खर्च सहित विद्यालयको खातामा अनुदान उपलब्ध गराउनुपर्ने र यसरि अनुदान उपलब्ध गराउदा सम्बन्धित विद्यालयले प्रमाणित हाजिरी र सिफारिस पेस गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न ३८ वालविकास शिक्षकहरुलाई जम्मा रु ५३२०००० अनुदान रकम निकाशा गरेकोमा बाल बिकास केन्द्र शिक्षकको प्रमाणित हाजिरी र सिफारिसको प्रमाण बेगर अनुदान रकम निकाशा गरेकोले आगामी दिनमा बाल बिकास केन्द्र शिक्षकको प्रमाणित हाजिरी र सिफारिसको आधारमा अनुदान रकम निकाशा गर्नुपर्दछ ।

८६ **दोहोरो निकाशा**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नम्बर २.७.१३.१३(९.५) अनुसार विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला (ICT) र विज्ञान प्रयोगशालामध्ये कुनै कार्यक्रम सबै विद्यालयले एक पटक प्राप्त गरी सकेको भएमा स्थानीय तहबाट निर्णय गराई उल्लिखित एक कार्यक्रममा केन्द्रित रही विद्यालयको आवश्यकता र मागका आधारमा नदोहोरिने गरी बजेट र लक्ष्यको सीमा नबढ्ने गरी कार्यक्रम गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयले हालसम्म सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला (ICT) र विज्ञान प्रयोगशाला अनुदान कुन-कुन विद्यालयले प्राप्त गरेका छन् भनि विवरण माग गर्दा विवरण उपलब्ध हुन सकेन । तसर्थ कार्यालयले हालसम्म अनुदान प्राप्त गर्ने विद्यालयहरुको सूचि तयार गरि दोहोरिएको हो वा होईन यकिन हुनुपर्दछ ।

८७ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाका भित्रका ३३ वटा सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २४६२ जना रहेका छन । पालिकाले भौ न २९८ मिति २०८१।०३।१९ मा ANGEL TOUCH HYGIENE MANUFACTURING PVT. LTD. बाट ४९२४० प्याकेट स्यानिटरी प्याड रु १३,७०,५७२।४८ (मु अ कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको

खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी कुनैपनि प्याकेट प्याड वितरण नगरी प्याकेट प्याड मौज्दातमा राखेको देखिन्छ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ । सो सम्वन्धमा देखएका थप व्यहोरा निम्नानुसार छन् ।

- क ार्यविधिको अनुसुचि १ (१२) मा खरिद गरिने स्यानिटरी प्याडको गुणस्तरको अनिवार्य ल्याब परिक्षण गर्नुपर्ने उल्लेख रहेकोमा ल्याब परिक्षणको रिपोर्ट बेगर खरिद गरिएको स्यानिटरी प्याडको गुणस्तर परिक्षण रिपोर्ट पेश हुनुपर्दछ ।
- कार्यविधिको अनुसुचि १ मा स्यानिटरी प्याडको LENGTH साईज २२० एम एम देखि २६० एम एम तथा WIDTH ६० देखि ७५ एम एम सम्मको हुनुपर्ने व्यावस्था रहेको छ । पालिकामा प्राप्त भएको १०१६० परिमाणको PURE ULTRA CLEAR CHOICE (SANITARY PAD) को साईज २९० एम एम को रहेको छ । यसरी कार्यविधिको मापदण्ड बेगर खरिद गरेको र वर्षान्तमा खरिद गरि मौज्दातमा राखेकोले अनियमित भएको रकम रु

| | |
|---|---|
| अनियमित भएको | १३,७०,५७२ |

८८ **ईन्टरनेट जडान**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० (५.५) अनुसार सुचना तथा सत्र्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यावस्थापन गर्न सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेटको शुल्क भुक्तानी गर्ने प्रयोजनले प्रति विद्यालय रु १२ हजारका दरले अनुदान उपलब्ध गराउने व्यावस्था रहेको छ । पालिकाले विभिन्न ३० विद्यालयहरुमा इन्टरनेट जडान तथा सत्र्चालनको रु ३३६१७० खर्च जनाएकोमा विद्यालयहरुमा ईन्टरनेट जडान भएको र शुल्क भुक्तानी भएको यकिन नभएको र सक्कल बिल बिजक तथा प्रमाण पेश नभएकोले इन्टरनेट जडान भइ सञ्चालन भएको सक्कल बिल बिजकको प्रमाण पेश गर्नुपर्ने रकम रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ८८.१ | श्री आदर्श मा विद्यामन्दिर पाठकगाँउ | १२,००० |
| ८८.२ | श्री कालिका मा वि सेकाहा | १२,००० |
| ८८.३ | श्री जनता मा वि चन्दनपुर | १२,००० |
| ८८.४ | श्री जालपा देवी आ वि योगिडाँडा | १२,००० |
| ८८.५ | श्री बालबालिका आ वि चिप्ले | १२,००० |
| ८८.६ | श्री भद्रकाली आ वि चेवाबेसी | १२,००० |
| ८८.७ | श्री मंगलादेवी आ वि गैरीपांमा | ७,००० |
| ८८.८ | श्री मंगलादेवी आ वि हेलुवाबेसी | १२,००० |
| ८८.९ | श्री विद्योदय मा वि तल्लोपांठा | १२,००० |
| ८८.१० | श्री शान्ती आ वि मयम | १०,७३५ |
| ८८.११ | श्री शितला आ वि अर्चले | १२,००० |
| ८८.१२ | श्री सरस्वती आ वि थालडाँडा | १२,००० |
| ८८.१३ | श्री सरस्वती आ वि हेलुवा | १२,००० |
| ८८.१४ | श्री सरस्वती मा वि माल्टा | ७,७०० |
| ८८.१५ | श्री सिद्धदेवी आ वि दुल्चिौतारा | १२,००० |
| ८८.१६ | श्री सिंहेश्वरी आ वि बोहोराटार | १२,००० |
| ८८.१७ | श्री हिमालय आ वि राम्चे | १२,००० |
| ८८.१८ | श्री हिमालय मा वि आङ्ला | १२,००० |
| ८८.१९ | श्री हिमालय मा वि खाँदबारी | १२,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१७,४३५ |

८९ **सामाजिक सुरक्षा भत्ता वितरण**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रममा यस वर्ष रु १३,०६,९६,१००।८४ खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।

**परदर्शिता र जवाफदेहिता :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।

**सार्वजनिक सुनुवाई :**स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

**अनुगमन :**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

**एम.आई.एस. विवरण :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । नगरपालिकाबाट प्राप्त एम.आई.एसमूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र.प्र.नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

### ९० हिसाब भिडान

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ । सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

### ९१ बैंक रुजु

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ । तर पालिकाले सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिम ढाँचामा प्राप्त गरी आवश्यक छानबिन गर्ने गरेको छैन ।

### ९२ निष्कृय खाता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निस्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था छ । पालिकाले यस आ.व.मा प्रथम त्रैमासिकको राष्ट्रिय वाणिज्य बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा लेखापरीक्षणको क्रममा सम्पूर्ण निष्कृय भएको खाताको विवरण उपलब्ध हुन सकेन । यस सम्बन्धमा थप यकिन र छानबिन हुनुपर्दछ, कार्यालयले निष्कृय खाताको विवरण तयार गरि बाँकि रहेको रकम असुल गरि संघिय संचितकोष दाखिला गर्नुपर्दछ ।

### ९३ नागरिकता नम्बर एकै भएका लाभग्राही

नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका १,२ र ३ नम्बर वटा वडाकोप्रथम त्रैमासिककोनमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ । यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरीएकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ । नागरिकता नम्बर एउटै रहेका लाभग्राही फरक फरक भएको वा एउटै रहेको अन्य त्रैमासकको समेत यकिन गरि एकै रहेमा असुल गर्नुपर्दछ ।

| Ward | Personal Id | Member Name | Citizenship Number | Citizenship Date BS | CTZ District Name | Regular Amount | Bank Account Number | Deposited Amount |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 1993123159217 | Jaya Bahadur Rai | 1 | 30-12-2044 | Sankhuwasabha | 12000 | 2080100001462110 | 12000 |
| 1 | 2023092800267 | Manju Sakya | 1 | 30-12-2050 | Sankhuwasabha | 7980 | 2080100001720110 | 7980 |
| 1 | 2008123017064 | Devi Kumari Tamang | 327 | 30-12-2064 | Sankhuwasabha | 12000 | 2080100000981110 | 12000 |
| 1 | 2015080101262 | Bhagawati Shrestha | 327 | 6/3/2042 | Sankhuwasabha | 7980 | 2080100000758110 | 7980 |
| 1 | 2009051401619 | Rudra Bahadur Rai | 134214 | 14-11-2044 | Bhojpur | 12000 | 2080100004267110 | 12000 |
| 1 | 2008061102126 | rat kumari rai | 134214 | 14-11-2044 | Bhojpur | 12000 | 2080100004171110 | 12000 |
| 1 | 2001123357515 | Ram Bahadur Shrestha | 13262679 | 30-12-2033 | Sankhuwasabha | 12000 | 2080100001425110 | 12000 |
| 1 | 2014040106857 | Ram Bahadur Shrestha | 13262679 | 18-12-2044 | Sankhuwasabha | 6384 | 2080100003595110 | 6384 |
| 1 | 2012123058391 | Mana Kumari B K | 93004577 | ######## | Sankhuwasabha | 12000 | 2080100002060110 | 12000 |
| 1 | 2012123142013 | Man Kumari Bishwakarma | 93004577 | 19-03-2046 | Sankhuwasabha | 7980 | 2080100003502110 | 7980 |
| 2 | 2009020303433 | netra devi budhathoki | 121 | 16-11-2046 | Sankhuwasabha | 12000 | 2080100004220110 | 12000 |
| 2 | 2008020902251 | prem bahadur ojha | 121 | 9/2/2028 | Sankhuwasabha | 12000 | 2080100003874110 | 12000 |
| जम्मा रु. | | | | | | | | 126324 |

## ९४ नागरिकता नम्बर उल्लेख नभएको

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १४ (५) अनुसार लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा प्रणालीमा रहेको अनुसुची-७ बमोजिमको भरपाई प्रतिवेदन तथा अनुसूची-८ बमोजिमको फर्वाड फिडको आधारमा गर्नुपर्ने व्यवस्था छ । जसमा अनिवार्य नागरिकता नम्बर उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । वडा नं. १,२ र ३ को प्रथम त्रैमासिकको रिभर्स फिड विवरणको नमुना छनोट गरि परिक्षण गरिएकोमा देहायबमोजिमका लाभग्राहीहरुको नागरिकता नम्बर उल्लेख नगरी भत्ता वितरण गरेको पाईएकोले

यस सम्बन्धमा थप छानबिन र यकिन गर्नुपर्ने देखिन्छ । अन्य वडा तथा त्रैमासिकको समेत कार्यालयद्वारा भत्ता पाउने हुन वा होईनन् यकिन गरि लाभग्राही नरहेमा असुल गरि संघिय संचितकोष दाखिला हुनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ९४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ९५ भुक्तानी प्रतिवेदन

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २९ को उपदफा २ अनुसार सेवा प्रदायक मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले अनुसुची-१२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने उल्लेख रहेको छ । कार्यालयसंग अनुसुची- १२ बमोजिमको भुक्तानी प्रतिवेदन परिक्षणको लागि माग गरेकोमा कार्यालयद्वारा पेश भएको भुक्तानी प्रतिवेदन अनुसार ३७९२५८ रकम सम्बन्धित बैंकबाट फिर्ता गर्नपर्ने देखिएको छ । यसरि भुक्तानी प्रतिवेदनमा देखिएको रकम यकिन गरि फिर्ता गर्नुपर्ने भएमा सम्बन्धित बैंकबाट असुल गरि संघिय संचितकोष दाखिला गर्नुपर्दछ ।

| क्र.सं. | नाम | लाभग्राहीको खाता जम्मागरेको कुल रकम | कुल निकासा बजेट | सेवा प्रदायक बैंकबाटफिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| ३२३८ | मानवपरिवार | 1064 | 1206 | 142 |
| ३०१६ | सुहानावि क | 6136 | 6384 | 248 |
| ३००५ | आर्यनचर्मकार | 5887 | 6384 | 497 |
| ३१०६ | रोजीनाविश्वकर्मा | 5852 | 6384 | 532 |
| ३०५७ | रोसिकाविश्वकर्मा | 4788 | 5852 | 1064 |
| ३२०८ | मनिसअछामी | 4788 | 5852 | 1064 |
| ३२३७ | आरोसविश्वकर्मा | 0 | 1099 | 1099 |
| १६७ | जितबहादुर चुहान | 46660 | 48000 | 1340 |
| ५७४ | गंगामाया गुरुङ | 46660 | 48000 | 1340 |
| ३२३६ | समिरअछामि | 0 | 1348 | 1348 |
| २८३१ | रोषणमगर | 23940 | 25316 | 1376 |
| १९८३ | रत्नकुमारी मगर | 0 | 1419 | 1419 |
| ३०८५ | लियानाविश्वकर्मा | 4788 | 6384 | 1596 |
| १९७८ | चन्द्रमाया मगर | 0 | 1677 | 1677 |
| १९६९ | दिलमायासुवेदी | 0 | 2323 | 2323 |
| २१०५ | बेगमान कामी | 29260 | 31920 | 2660 |
| २४९० | विमलाराई | 29260 | 31920 | 2660 |
| २७०५ | निकमसिलवाल | 23940 | 26600 | 2660 |
| २७६३ | मंजुदर्जी | 23940 | 26600 | 2660 |
| १९३३ | धनबहादुर गुरुङ | 45320 | 48000 | 2680 |
| २५ | कैबहादुर कुमाल | 36000 | 38710 | 2710 |

| | | | | |
|---|---|---|---|---|
| १९६८ | लासाङमाया श्रेष्ठ | 0 | 3097 | 3097 |
| ५५९ | जयबहादुर श्रेष्ठ | 36000 | 39742 | 3742 |
| १५४ | भोलामानश्रेष्ठ | 36000 | 40000 | 4000 |
| ५१८ | भिमादेवीखड्का | 44000 | 48000 | 4000 |
| ५५७ | भक्तमाया बुढाथोकी | 36000 | 40000 | 4000 |
| ५९० | देवबहादुर पराजुली | 44000 | 48000 | 4000 |
| ६३६ | डम्वरकुमारी घिमिरे | 44000 | 48000 | 4000 |
| ६९८ | जगमायागुरुङ | 36000 | 40000 | 4000 |
| ७६३ | ईन्द्रदेवी कटुवाल | 36000 | 40000 | 4000 |
| १०४१ | निलबहादुर कटुवाल | 36000 | 40000 | 4000 |
| १६५१ | नरमायाविश्वकर्मा | 44000 | 48000 | 4000 |
| १७०७ | गोमाराई | 44000 | 48000 | 4000 |
| १८८७ | भगवतीप्रधान | 44000 | 48000 | 4000 |
| २०१३ | भीमकुमारी वि क | 23940 | 29260 | 5320 |
| २५०६ | विध्यादेवी वराल | 23940 | 29260 | 5320 |
| २५९८ | निर्मलाघिमिरे | 26600 | 31920 | 5320 |
| २७६६ | मन्जुपरियार | 26600 | 31920 | 5320 |
| २५३५ | ताराकोइराला | 23940 | 31920 | 7980 |
| २६२० | सावित्राकटुवाल | 23940 | 31920 | 7980 |
| २६४६ | निर्मलागुरुङ | 23940 | 31920 | 7980 |
| २७१५ | दुर्गामाया वि क | 23940 | 31920 | 7980 |
| ४८३ | भक्तबहादुर श्रेष्ठ | 36000 | 44000 | 8000 |

| | | | | |
|---|---|---|---|---|
| ५४५ | देवराजघिमिरे | 36000 | 44000 | 8000 |
| ६८९ | जानुकाकार्की | 40000 | 48000 | 8000 |
| ७२९ | भुवानसिं तामाङ | 40000 | 48000 | 8000 |
| ९७५ | निलादेवी कटुवाल | 16138 | 24138 | 8000 |
| ११२५ | इन्द्रबहादुर कार्की | 40000 | 48000 | 8000 |
| ११९४ | डम्वरबहादुर घिमीरे | 36000 | 44000 | 8000 |
| १४७७ | भागिरथीतिम्सीना | 40000 | 48000 | 8000 |
| १७५४ | गोपीमायाँ राई | 36000 | 44000 | 8000 |
| १७८५ | भीमकुमारी पाण्डे | 36000 | 44000 | 8000 |
| १९१३ | नैरुपदेवीराई | 36000 | 44000 | 8000 |
| ९८५ | लालबहादुर विश्वकर्मा | 39097 | 48000 | 8903 |
| १७०९ | धनबहादुर दर्जी | 36000 | 45320 | 9320 |
| ७३३ | डिल्लीमान राई | 38323 | 48000 | 9677 |
| ८४३ | चन्द्रमणीराई | 37677 | 48000 | 10323 |
| ७१४ | रामबहादुर कार्की | 37419 | 48000 | 10581 |
| ४२ | जीतवहादुर वी क | 36000 | 46660 | 10660 |
| ५५२ | गंगामाया वि क | 36000 | 46660 | 10660 |
| १२२ | लोकबहादुर श्रेष्ठ | 36000 | 48000 | 12000 |
| १२९ | तुलमायाँ श्रेष्ठ | 36000 | 48000 | 12000 |
| ३९७ | जोखिमायागुरुङ | 16000 | 28000 | 12000 |
| ६१५ | देवीमायाविश्वकर्मा | 36000 | 48000 | 12000 |
| ६३३ | देवकुमारी घिमिरे | 36000 | 48000 | 12000 |

| | | | | |
|---|---|---|---|---|
| १५२४ | रत्नबहादुर गुरुङ | 36000 | 48000 | 12000 |
| १६०२ | कर्णमायाँगुरुङ्ग | 36000 | 48000 | 12000 |
| जम्मारु. | | 1899777 | 2279035 | 379258 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७९,२५८ |

९६ **मृत्यु भएका लाभग्राहीलाई भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को अनुसुची १०(९)बमोजिम निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जिकरण विभागमा पठाउनुपर्नेमा पठाएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्याविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाइपाइ आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयबाट भक्तानी प्रतिवेदन अनुसुची-१२ प्राप्त नभएकोले देहायबमोजिम लगत कट्टा भएका लाभग्राहीको खातामा के कति रकम जम्मा भएको छ, फिर्ता गर्नुपर्ने रकम कति बाँकि छ यकिन हुन सकिएन । कार्यालयले तपशिल बमोजमका लाभग्राहीको खातामा जम्मा भएको रकम र लगत कट्टा लागु हुने मितिसम्मको यथार्थ तथ्याङ्क भिडाई निज तथा निजको हकवालाले पाउने अंश घटाई बढि भुक्तानी भएको रकम असुर गरि संघियसंचितकोष दाखिला गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ९६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९७ **सामाजिक सुरक्षा फिर्ता बाँकी**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १८ (३) मा भत्ता वितरणका लागि निकाशा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले राष्ट्रिय बाणिज्य बैंक खाँदबारी शाखा लाई पहिलो त्रैमासिकमा सामाजिक शुरक्षा भत्ता बापत रु ३२०७३२९८ निकाशा दिएकोमा लाभग्राहीको खातामा जम्मा गरेको रकम बाहेक बाँकी रहेको रकम फिर्ता नगरि सोझै खर्च गरेको पाईएकोले वितग आ.व. को समेत कार्यालयले छानविन र यकिन गर्नुपर्दछ ।पहिलो त्रैमासिकमा खर्च लेखेको रकम र लाभग्राहीको खातामा जम्मा भएको रिभर्स फिड परिक्षण गर्दा देहायबमोजमको रकम बाँकी देखिएकोले अघिल्लो आर्थिक वर्षको बाँकी रकम समेत यकिन गरि सम्बन्धित बैकंबाट असुल गरि संघिय संचितकोष दाखिला गर्नुपर्ने रकम रु

| Ward | Regular Amount | Deposited Amount | Different Amount |
|---|---|---|---|
| 1 | 2905537 | 2883961 | 21576 |
| 2 | 2146270 | 2114290 | 31980 |
| 3 | 2629255 | 2549275 | 79980 |
| 4 | 3295090 | 3251110 | 43980 |
| 5 | 1881038 | 1843442 | 37596 |
| 6 | 2701809 | 2689809 | 12000 |
| 7 | 2112389 | 2104409 | 7980 |
| 8 | 2902980 | 2852238 | 50742 |
| 9 | 4896878 | 4848878 | 48000 |
| 10 | 3716324 | 3702728 | 13596 |
| 11 | 2885728 | 2885728 | 0 |
| जम्मा रु | 32073298 | 31725868 | 347430 |

| असुल गर्नुपर्ने | ३,४७,४३० |
|---|---|

## ९८ दोहोरो सुविधा अभिलेख

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ अनुसार कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति, सरकारी कोषबाट निवृत्तिभरण पाइरहेको व्यक्ति र अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, अवकाश सुविधा एंव अन्य सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा पाउने छैन ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुमा यस किसिमको अभिलेख राखेको पाइएन । सो कारण सामाजिक सुरक्षा नपाउने व्यक्तिहरुको भिडान गर्न सकिएको छैन । आगामी दिनमा वडा कार्यायलयहरुले अभिलेख राख्नुपर्ने देखिन्छ ।

## ९९ कबर्डहल निर्माण

९९.१ पालिकाको बार्षिक विकास कार्यक्रम २०७८।७९ मा रहेको कभर्डहल निर्माण कार्यका लागी रु ४,७७,६१,२६१।-को लागत अनुमानका आधारमा बोलपत्रका माध्यम वाट मिति ८१ ।२।२४ मा कार्य सम्पन्न गर्ने गरी २०७९।२।२४ मा निर्माण कुन्सालिङ्ग अरुण जे.भी सँग रु. ३८४८३८३९को शुरु सम्झौता भई गौ भौ न २७।८०।५।२९ मा सातौ तथा अन्तिम विल सम्म रु ५२५६९३६०( पि.स.मुल्य बृद्धि तथा भेरिएशन समेत) भुक्तानी भएकोमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

९९.२ सम्झौताको विल अफ क्वान्टिटी प्रोभिजनल सम सि न ४ मा **Additional test conformity test on request of office except contractor duty for test for construction material specified** का लागी रु ८७९७० उल्लेख भएकोमा विल भुक्तानी गर्दा उक्त अतिरिक्त परिक्षण प्रोभिजनल सम आईटम वाट रु ८७९७० भुक्तानी भएको पाईयो ।तर निर्माण व्यबसायीलाई कार्यालयवाट अतिरिक्त गुणस्तर परीक्षण आदेश दिएको प्रमाण संलग्न नभएको तथा प्रोभिजनल समवाट भुक्तानी भएको कार्यवापत निर्माण व्यवसायीवाट खर्च भएको विल बिजक पेश नगरी भुक्तानी भएकोले अतिरिक्त परिक्षण आदेश तथा बिल बीजक पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

| असुल गर्नुपर्ने | ८७,९३० |
|---|---|

९९.३ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक १२ महिना भन्दा बढी अवधीको खरिद सम्झौता कार्यान्वियन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने उल्लेख छ ।कार्यालयले

निर्माण व्यवसायिसँग गरेको खरिद समझौतामा भेरिएसन पश्चात थप भएको (पुरानो आइटममा २५ प्रतिशत भन्दा बढी) आइटममा पुरानै बेस इन्डेक्स कायम राखि मूल्य समायोजन दिन मिल्ने देखिदैन। कार्यालयले २०७९।८।२५ र ८०।६।१८ स्वीकृत भएको भेरिएसन पश्चात कायम थप रु ५६५१३८७ को कार्य परिमाणका लागी पुरानै बेस इन्डेक्सलाई आधारमानि मूल्य अभिवृध्दि कर समेत रु.४१६६४५ / मूल्य समायोजन भुक्तानी दिएको देखियो । नँया आइटम तथा थप भएको पुरानो आइटममा पुरानै वेसको आधारमा भुक्तानी दिएको मूल्य समायोजन असुल गर्नुपर्ने (गत बर्ष कायम असुल गर्नु पर्नेबेरुजु रु १२५७८९ बाहेक) रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९०,८५६ |

९९.४ **बोनस** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा खरिद सम्झौता बमोजिमको काम सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समयलाई समेत आधार मानि नियम १० बमोजिम निर्माण कामको लागत अनुमान तयार गरि निर्माण काम गराउनुपर्ने तथा नियम १२६ मा खरिद सम्झौतामा तोकिएको अवधि भन्दा अघि काम सम्पन्न गर्ने निर्माण ब्यबसायीलाई सार्वजनिक निकायले प्रतिदिन ०.०५ प्रतिशतको दरले सम्झौता रकमको १० प्रतिशत भन्दा बढि नहुने गरि पुरस्कार (बोनस) दिन सक्ने व्यवस्था गर्न सकिनेछ भन्ने उल्लेख गरेको छ ।सार्वनजिक निकायले लागत अनुमान तयार गर्दा सो काम गर्न आवाश्यक पर्ने अबधिको बिश्लेषण गरि लाग्ने अवधिको यकिन गरि खरिद सम्झौतामा समयावधि उल्लेख गर्नुपर्दछ । निर्माण ब्यबसायीले सम्झौतामा तोकिएको समय भन्दा अघि निर्माण काम सम्पन्न गरेमा पुरस्कार दिन सकिने गरि सम्झौतामा समाबेश गर्न सकिने नियममा ब्यबस्था भएकोले अनिवार्य र सामान्य प्रकृतिको काममा पुरस्कार दिने गरि खरिद सम्झौता गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको देखिएन । तर कार्यालयले बोनस दिने गरी भएको सम्झौताको आधारमा बोनस गणना गर्दा निर्माण ब्ययसायीवाट कार्यतालिका बमोजिमको कार्य गरे नगरेको सो का आधारमा कार्यतालिकाका प्रत्येक चरणमा गरिने कार्य तोकिएको समय भन्दा अगाडी सम्पन्न गरे नगरेको अभिलेख नराखि एक मुष्ठ ठेक्का सम्झौता समाप्तीको अवधिलाई आधार मानी २०५ दिन छिटो कार्य सम्पन्न गरेको आधारमा गो भौ न १६७।८१।१।२०मा कुल कार्यसम्पन्न रकम रु ४४१३५२२६ को २०० दिनको रु ४४१३५२२ बोनस उपलब्ध गराएको छ । कार्यतालिकाको कुन चरणमा कति दिन छिटो कार्य सम्पन्न गरि समग्रमा कार्यसम्पन्न गरेको आधार संलग्न नभएको तथा सम्झौता अवधि भन्दा छिटो कार्य सम्पन्न भएको अवस्थामा निर्माण कार्यको गुणस्तरमा प्रभाव परे नपरेको प्रयाप्त बिश्लेषण नगरी समग्रमा कार्य सम्पादन छिटो भएको आधारमा बोनस भुक्तानी भएकोले यस्तो कार्यमा सुधार गर्नु पर्दछ

९९.५ **भेरिएशनः**- सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्व अनुमान गर्न नसकिने परिस्थिति सृजना भई सम्झौता कार्यान्वयन गर्न नसकिएमा नियमावलीको नियम ११८ को प्रकृया पुरा गरी सम्झौता अंकको बढिमा १५ प्रतिशत भेरिएशन गर्न सकिने उल्लेख छ । कार्यालयले क्याराभान ईन्जिनरिङ्ग बिल्ड्रसबाट मिति २०७९।१।८ मा रु ४९२००० खर्च गरी निर्माण कार्यको विस्तृत अध्ययन प्रतिवेदन प्राप्त गरेकोमा २०७९।२।२४ मा भएको सम्झौता पश्चात भवन वरिपरी रिट्रेनिङ्ग पर्खाल,पछाडिपट्टि पहिरो गएर ढुङ्गाको पर्खाल तथा भवनको जग खन्दा निस्किएको माटो फाल्ने कार्य लागत अनुमानमा छुटेकोले उक्त कार्य नगरी भवनको निमार्ण कार्य अगाडि बढाउन नसकिने प्राविधिक राय सहित २०७९।८।२५ मा रु ३७७९०३५ को भेरिएशन नगर प्रमुखवाट स्विकृत भएको छ ।यसै गरी मिति २०८०।६।१८ मा पि.सि.सि एम २०,सोलिङ्गको कार्य,ग्रनेटको कार्य,कम्पाउण्ड गेट,फल्स सिलिङ्ग बिद्युतिय आईटमहरु केहि परिमाण थप र नया आईटम थप सहित रु १८७२३५२को भेरिएशन २ समेत सम्झौता अंक ४४१३५२२६(मु अकर पिस बाहेक) कायम गरेको पाईयो । कभर्डहल निर्माण गर्दा जग्गाको बस्तुस्थिती मुल्याङ्कन सहित उक्त जग्गामा निर्माण कार्य गराउदा आवस्यक हुने निर्माण सरचना र परिमाण बिश्लेषण सहितको अध्धयन प्रतिवेदन तयार गर्नु पर्नेमा माटो फाल्ने कार्य, रिट्निङ्ग वाल, बिद्युतिय कार्य जस्ता बिषय समेत समावेश नगरी विस्तृत अध्ययन प्रतिवेदन तयार गरेको पाईएकोले पालिकाले अध्ययन कार्य गराएका प्रतिवेदनहरुको विश्वसनियता रहेको पाईएन ।यसै गरी पालिकाले गराउने अध्ययन कार्यका लागी प्रयाप्त तयारी नगरी प्रतिवेदन स्विकार गर्ने कार्यले सम्झौता पश्चात भेरिएशन मार्फत लागत बृद्दि भएको देखियो । यस्तो अध्ययन प्रतिवेदन तयार गर्दा निर्माणका लागी सबै आईटम र परिमाण समावेश नगरी प्रतिवेदन तयार गर्ने परामर्शदाता तथा ड्राफ्ट प्रतिवेदनमा सुझाव दिने प्राबिधिक तथा प्रतिवेदन स्विकार गर्ने ब्यक्तिलाई जिम्मेवार बनाई यथार्तपरक लागत अनुमान र सम्झौता गर्नु पर्दछ ।

९९.६ सम्झौताको विशेष शर्त न ७१.२ मा निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र निर्माण व्यवसायीले निर्माण कार्यको एजविल्ट नक्सा पेश गर्नु पर्ने र यस्तो नक्सा पेश नभएमा रु ४७,०००।- रोक्का राख्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधि सम्म निर्माण कार्यको एजविल्ट नक्सा पेश गरेको छैन भने कार्यालयले अन्तिम विलको भुक्तानी गर्दा सम्झौताको शर्त अनुसार रकम रोक्का गरेको पाईएन । अत सम्झौता बमोजिम एजविल्ट पेश नभएकोले शर्त बमोजिमको रकम असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,००० |

९९.७ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार निर्माण कार्य निर्माण भए पश्चात कार्यस्विकार प्रतिवेदन तयार गरी नियम १२५ बमोजिम त्रुटि सच्चयाउने अवधिको अभिलेख राखि सो अवधि समाप्त भए पछि तोकिएको प्रकृया पुरा गरी कार्य सम्पन्न प्रतिवेदन जारी गर्नु पर्नेमा मिति ८०।७।२१ मा अन्तिम बिल भुक्तानी गर्दा नै कार्य सम्पन्न प्रतिवेदन जारी गरेको पाईयो । नियमावलीको ब्यवस्था बमोजिम कार्य स्विकार तथा कार्य सम्पन्न प्रतिवेदन जारी गर्नु पर्दछ ।

९९.८ मिति २०८०।७।२९ मा कार्यसम्पन्न भएको निर्माण कार्यको बोनस गणना गर्ने प्रयोजनका लागि कार्यालयले २०७९।८।२५ र ८०।६।१८ मा भएको भेरिएशन रकम रु ५६५१३८७ समेतका लागी बोनस गणना गरी भुक्तानी दिएकोले *भेरिएशनवाट थप भएको कार्य सम्पन्न गर्ने स्पस्ट अवधि नखुल्ने हुदा तोकिएको अवधि भन्दा अगाबै कार्य सम्पन्न भएको भन्ने आधार बेगर* भेरिएशनको बोनस बापत भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६५,१३८ |

१०० **आन्तरिक लेखापरीक्षणका व्यहोरा हार्यान्वयन नभएको**

१००.१ आन्तरिक लेखापरीक्षणबाट देखिएका देहाय अनुसारका ब्यहोराहरुको सम्बन्धमा पालिकाले कार्यान्वयन गरेको नदेखिएकोले प्रतिबेदनमा उल्लेख कुराहरुमा सुधार गर्नुपर्दछ ।

(क) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उपभोक्ताको हितलाई ध्यानमा राखि तालिका बनाई बजार अनुगमन गर्नुपर्नेमा यस वर्ष बजार अनुगमन गरेको देखिएन ।

(ख) नगरपालिकाले हरेक चौमासिक अवधिमा नगरपालिकाको गतिविधिको जानकारी गराउन पालिका तथा वडाहरुमा चौमासिक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सो गरिएको देखिएन ।

(ग) श्रोत सुनिश्चत नगरि डि.पि.आर.खर्चमा नियन्त्रण गरिनुपर्दछ । केहि डि.पि.आर.भएका डकुमेन्टहरु जिन्सी दाखिला गर्नुपर्नेमा दाखिला भएको पाइएन ।

(घ) उपभोक्ता समिति मार्फत सम्पन्न भएका आयोजनाहरु फरफारक गरी उपभोक्ताहरुलाई हस्तान्त्रण गर्नुपर्नेमा सो भएको पाइएन ।

(ङ) आकस्मिक कोषबाट रकम खर्च गर्दा बास्तविक विपन्न वर्गका लागि मात्र खर्च गर्नुपर्दछ ।

(च) वडा नं. ९ मा केहि ठूला व्यावसायिक फर्मले घर बहाल कर दिन बाँकी देखिएकोले अविलम्ब यकिन गरि प्रचलित कानून अनुसार ब्याज तथा जरिवाना समेत असुल गर्नुपर्दछ ।

(छ) वडा नं.२ र ४ मा गत वर्षको आन्तरिक आय यस आर्थिक वर्ष २०८०।८१ सम्म दाखिला गर्न बाँकी रहेकोले देखिएकोले अविलम्ब यकिन गरि प्रचलित कानून अनुसार ब्याज तथा जरिवाना समेत असुल गर्नुपर्दछ ।

१००.२ देहायका विद्यालयहरुलाई छात्रवृत्ति बितरण गर्न गो भौ नं १३९।२०८०।१२।५ बाट रु.११३१०००।०० दिएको मा बिद्यालयबाट छात्रवृत्ती वितरण गरेको भरपाई पेश नभएको रु....

| क्र.स. | बिद्यालयको नाम | निकासा रकम रु |
|---|---|---|
| १ | श्री शान्ति आ वि मयम | २४०० |
| २ | श्री सरस्वती आ वि थालडाँडा | १०००० |
| ३ | श्री जालपा आ वि योगिडाँडा | १३२०० |
| ४ | श्री पद्मकन्या आ वि डाँडापांमा | २४०० |
| ५ | श्री बालबालिका आ वि चिप्ले | २८०० |
| ६ | श्री मंगलादेवी आ वि गैरीपांमा | १६४०० |
| ७ | श्री सिद्धकाली आ वि स्याम्दाङ | ६८०० |
| ८ | श्री भद्रकाली आ वि चेवाबेशी | २९६०० |
| ९ | श्री सिद्धदेवी आ वि दुब्लिचौतारा | १०४०० |
| १० | श्री हिमालय मावि खाँदबारी | १२४८०० |
| ११ | श्री सिंहेश्वरी आ वि बोहोराटर | २३००० |
| १२ | श्री आदर्श मा विद्यामन्दिर पाठक | ४०४०० |
| १३ | श्री शितला आ वि अर्चले | १२८०० |
| १४ | श्री लक्ष्मी आ वि गुवाबारी | ७६००० |
| १५ | श्री आदर्श मा वि पिप्ले | ५३२०० |
| १६ | श्री महेन्द मा वि मानेभन्ज्याङ | ८७६०० |
| १७ | श्री मनकामना र अमा वि | १८२४०० |
| १८ | श्री जालपा मा वि चेवा | ४६००० |
| १९ | श्री मंगलादेवि मा वि तीनपोखरी | ५३२०० |
| २० | श्री हिमालय आ वि राम्चे | २८००० |
| २१ | श्री विद्योदय स मा वि तल्लोपांठा | ४५२०० |
| २२ | श्री कालिका मावि सेकाहा | २३२०० |
| २३ | श्री बागीश्वरी मा वि ढुंगेधारा | ४९६०० |
| २४ | श्री सरस्वती मा वि माल्टा | ४०८०० |
| २५ | श्री देउराली आ वि छ्याडकुटी | २४०० |
| २६ | श्री जनचाहाना आ.बि बेलडाँडा | ६८०० |
| २७ | श्री सरस्वती आ बि हेलुवाबेशि | ६८०० |
| २८ | श्री मंलादेबी आ बि हेलुवाबेशि | २२४०० |
| २९ | श्री बालचेतना आ बि नागेशवरी | १३६०० |
| ३० | श्री अरुण आ बि बतासे | १०४०० |
| ३१ | श्री जनता मा बि चन्दनपुर | ६०००० |
| ३२ | श्री हिमालयमा बी आङ्ला | २८४०० |
| | जम्मा | ११३१००० |

**(विस्तृत विवरण बेरूजु दफा १००.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,३१,००० |

१०१ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समिति तथा निर्माण व्यवसायहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा हाल भएको परिमा र रकम,अघिल्लो रनिङ्ग बिलमा भएको परिमाण र रकम तथा हालसम्म भएको कामको परिमाण र रकम समेत खुलाउनुपर्नेमा केहि योजनाहरुको नापि किताब तथा प्राबिधिक मूल्यांकनमा हालको मात्र उल्लेख गरेको कारण ईन्जिनियरिङ्ग नमर्स अनुसार तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१०२ **सफ्टवेयर खरिद र परिचालन -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार खरिद गर्नु पर्ने व्यवस्था छ । सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

| क्र.सं. | सफ्टवेयरको नाम | खरिदगरेको वर्ष | मूल्य | यो वर्षको मर्मत सम्भार खर्च | हालसम्मको मर्मत सम्भार खर्च |
|---|---|---|---|---|---|
| १. | Sifarish Software | २०८० | **४९७२००** | **0** | **0** |
| २. | EJALAS software | २०८० | ४९७२०० | 0 | 0 |
| | **जम्माः** | | **९९४४००** | | |

१०३ **नापी किताबः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्ने गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन । यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ । अतः दुई वा दुई भन्दा बढी रनिङ विल हुने निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किताब (Measurement Book_) नै तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ ।

१०४ **ठेक्का अभिलेखः-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१०५ **निर्माण कार्यको गुणस्तर:-**

सार्वजनिक खरिद नियमावली ,2064 को नियम 9 (2) मा निर्माण कामको गुणस्तर कायम गर्न ठेक्काको बि ओ क्यूमा गुणस्तर परीक्षणको लागि रकम समाबेश गरि लागत अनुमान तयार गर्ने र सोहि अनुसार निर्माण ब्यबसायीहरुले गुणस्तर परिक्षण गरेको आधारमा भुक्तानी गर्ने गरिएको छ । तर सो रकमबाट गर्नु पर्ने जति सबै परीक्षण गराउनुपर्नेमा गराएको छैन । निर्माण व्यवसायीबाट Quality Assurance Plan पेश गराउनुपर्नेमा गराएको छैन । गुणस्तर परिक्षणको लागि सिलबन्दी नमुना संकलन गर्नुपर्नेमा खुला रुपमा गरेको छ । सोही कारणले ल्याब प्रतिवेदनमा समेत प्राप्त भएको नमुनाको मात्र परिक्षण भएको भन्ने शब्दावली प्रयोग गरी जिम्मेवारीबाट पन्छिने काम गरेको छ । स्पेशिफिकेशनको आधारमा तोकीएको संख्यामा क्यूव डण्डी बालुवा गिट्टी सिमेन्ट आदीको परीक्षण गर्नुपर्दछ ।

१०६ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.८२ देखि ३६.०३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान (मू.अ.कर स पि.एस.बाहेक) | सम्झौता रकम (मू.अ.कर स पि.एस.बाहेक) | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | लोहोरुङ्ग संग्रालय माङ्खिम संरचना निर्माण वडा नं. ४ | ६।०८०।८१ | मंगलादेबि।बरुण जे.भि. | ६२०३९९६ | ४९१८५४९ | २०.७२ |
| २ | अन्डरग्राउणड पार्किङ्ग निर्माण वडा नं. १ | ४।०८०।८१ | शेर ईन्जिनियरिङ्ग एण्ड बिल्डर्स सुनसरी | ९७८२२३९ | ६२५७७८६ | ३६.०३ |
| ३ | अरुण नदि गुठिटार लि.खा.पा. वडा नं. ९ | ६।०७९।८० | टपल्याणड। रानीढुङ्गा। आर.एस.जे.भि. खाँदबारी १ | २५२५७७९७ | २५०४९५८६ | ०.८२ |
| ४ | अरुण नदि ढोलबाजे लि.खा.पा.वडा नं. ८ | ५।०७९।८० | टेक्निकल ईन्जिनियरिङ्ग डिजाइन कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि. | १३७३९२९९ | १०७८६३६२ | २१.४९ |
| ५ | दुबेचौर सातकुवा लहरेबर सडक स्तरोन्नति वडा नं. १ | २।०८०।८१ | रानीढुङ्गा निर्माण सेवा खाँदबारी ३ | ६३०२५५० | ४६४९२७९ | २९.५३ |
| ६ | ल्याण्डफिल साइड ब्यबस्थापन वडा नं. १ रानीछाप टोल सुकेचौर | ७।०७९।८० | सितु।धिताल जे.भि.काठमाडौं | २८६६७८२१ | २६२४१६४६ | ८.४६ |
| ७ | सितलपाटी स्वा.चौ.निर्माण वडा नं. १० | ३।०८०।८१ | साजिला कन्स्ट्रक्सन खाँदबारी | ३३०२३६९ | २७९०३३९ | १५.२५ |

१०७ **परामर्श सेवा खरिद र उपभोग**

सार्वजनिक खरिद ऐन 2२०६३ तथा खरिद नियमावली २०६४को नियम नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष १४ कार्यमा रु ६७९६२५० र यो वर्ष ४ डि.पि.आर. अध्ययन कार्यमा रु.२२३५ समेत कुल रु ९३२१२५० खर्च गरेको छ। यसरी अध्ययन कार्य गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। गत बर्ष प्राप्त गरेका

१४ मध्ये ६ र यस बर्ष प्राप्त भएका ४ मध्ये २ वटा समेत ८ वटा अध्ययन प्रतिवेदन कार्यान्वयनमा गई योजना संचालन हुदै आएकोमा रु ५३६४८०० खर्च गरी प्राप्त १० अध्ययन कार्यान्वियनमा गएको पाईएन ।

कार्यालयवाट प्राप्त विवरण अनुसार आर्थिक बर्ष २०७८।७९ देखि ८०।८१ सम्म आयोजनाका लागी २७ अध्ययन प्रतिवेदन प्राप्त गरी १६४२७६११ खर्च गरेको छ ।कार्यालयवाट विबरण अनुसार ३१८११०७ खर्च गरी प्राप्त गरेका अध्ययन प्रतिवेदनहरुको अभिलेख ब्यवस्थित नभएको कारण अध्ययनवाट निर्धारिण भएको लागत खुल्ने विवरण पेश भएको छैन । यसै गरी ५२५७७१६ अध्ययन खर्च गरी प्राप्त गरेका १६२९१२० हजारका लागत अनुमानका १२ योजना कार्यान्यिवयनमा गएको पाईएन । प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १०७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१०८ **एज विल्ट ड्र्इङ्गः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम १ मा खरिद सम्झौता बमोजिम निर्माण काम सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सम्झौताको बुदाँ नं.७१.२ मा समेत एज बिल्ट ड्रइङ्ग पेश गर्नुपर्ने ब्यवस्था रहेको छ । देहाय अनुसारका ठेक्काहरुका निर्माण ब्यबसायीहरुलाई निर्माण कार्यको अन्तिम विल भुक्तानी गर्दा निर्माण कार्यको नक्सावापत रु.८५०००।०० भुक्तानी दिएकोमा निर्माण व्यवसायिले निर्माण कार्यको नक्सा पेश गरेको देखिएन । नक्सा पेश नगरी दिएको भुक्तानी असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,००० |

१०९ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।पालिकाले पूजि निर्माण नहुने निम्न बमोजिम वितरण मुखि कार्यवापत भुक्तानी दिएकोमा खर्च पश्चातको उपलब्धि मापन गरेको छैन भने विभिन्न संघ संस्थालाई दिने सहयोग/वितरण कार्यका लागी मापदण्ड तयारी नगरी बजेट बिनियोजन तथा खर्च गर्ने गरेकोले यस्तो कार्यमा सुधार हुनु पर्दछ ।

| गो भौ न | भुक्तानी पाउने संख्या | प्रयोजन | रकम |
|---|---|---|---|
| २७३।८१।३।२४ | जिल्ला फुटवल संघ | बल जर्सी | ४५००० |
| २६९।८१।३।२३ | विभिन्न ४६ जना | जस्तापाता | २१७७५३ |
| २१४।८१।२।२४ | १०४ जना | ट्र्याक सुट | ५०००० |
| १९३।८१।१।३१ | जिल्ला भलिवल संघ | बल नेट | ५०००० |

११० **ढोलबाजे लीफ्ट खा.पा.को बढि परिमाण भुक्तानिः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । अरुण नदि ढोलबाजे लिफ्ट खानेपानी निर्माण गर्न ठेक्का नं.५।०७९।८० को काम गर्ने टेक्निकल ईन्जिनियरिङ्ग डिजाइन कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.बिच रु.१२४४३५८९।०० मा सम्झौता भएकोमा निर्माण काम सम्पन्न गरि कुल प्राबिधिक मूल्यांकन रु.१२३२५०३१।०० भए अनुसार ढुङ्गा गिट्टि वापतको रु.१५५५३६।०० कट्टा गरि रु.१२१६९४९५।०० भुक्तानि भएको छ । यस निर्माण कामको स्टोन सोलिङ्ग र स्टोन मेशिनरिमा पहिले उल्लेखित परिमाण भन्दा परिमाण बढ्न जाने तथा आर.सि.एम.२०, फ्रेम बर्क,फ्लोर फिनिसिङ्ग,पनिङ्गमा परिमाण घट्न गई शुरु लागत अनुमान रु.१५७८०४०८।०० रहेकोमा भेरिएशन पश्चात रु.१४७८०७८२।०० र शुरु सम्झौता रकम रु.१२४४३५८९।०० रहेकोमा भेरिएशन पश्चात सम्झौता रकम रु.१२४१४३२३।०० कायम भए अनुसार चौंथो तथा अन्तिम रनिङ्ग बिल वापत भेरिएशन सहित गो.भौ.नं.५२,२४१।२०८१।३।१८

बाट रु.२१९९४१७।०० भुक्तानि दिएकोमा देहायको आइटमहरुमा भेरिएशन भन्दा बढि परिमाणको भुक्तानि दिएको रु.५८५५६९।०० असुल गरि संघिय संचितकोषमा दाखिला हुनुपर्ने रु......

| आइटम नं. | आइटमको नाम | भेरिएशन पश्चात कायम परिमाण | भुक्तानि परिमाण | बढि भुक्तानि परिमाण | दर | बढि भुक्तानि रकम |
|---|---|---|---|---|---|---|
| २ | Earth work in Excavation in trenches (hydraulic) | ८६८.३४ | १०७१.३८ | २०३.०४ | ३७० | ७५१२४ |
| ३ | Earth work in Excavation in trenches (manually) | ६० | १४५.२ | ८५.२ | ५७५ | ४८९९० |
| ४ | Earthwork filling | २४४ | २५६.७९ | १२.७९ | ४१२ | ५२६९ |
| ९ | Good qualitystone in 1:6 mortar,stone of proper size | ४१८.५ | ४५३.३२ | ३४.८२ | १०९०० | ३७९५३८ |
| १० | Stone soling in foundation and floor | ५७.९८ | ६१.५५ | ३.५७ | २६०० | ९२८२ |
| | जम्मा (मू.अ.कर समेत) | | | | | ५८५५६९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८५,५६९ |

१११ **संघिय सशर्त रकम फिर्ता सम्बन्धमा :**

अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धि व्यवस्था रहेको छ । प्रदेश तथा संघ सरकारबाट स्थानिय तहलाइ प्राप्त हुने अनुदान रकम मध्ये समपुरक,सशर्त,बिशेष अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभइ मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचितकोषमा फिर्ता गर्नुपर्दछ । साथै गत आर्थिक वर्ष २०७९।८० को योजनाको लागि संघिय समपुरक शिर्षकमा प्राप्त रकमबाट संघिय सरकारको बजेट ७० प्रतिशत र सम्बन्धित पालिकाको ३० प्रतिशतले हुने रकम लागत साझेदारी गर्पर्ने शर्त रहेको छ । तर नगरपालिकाले अरुण नदि ढोलबाजे लिफ्ट खानेपानी निर्माण काम गर्ने टेक्निकल ईन्जिनियरिङ्ग डिजाइन कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.बाट गराई कुल प्राबिधिक मूल्यांकन रु.१२३२५०३१।०० भएकोमा अनुसार ढुङ्गा गिट्टि वापतको रु.१५५५३६।०० कट्टा गरि रु.१२१६९४९५।०० भुक्तानि दिएको छ । सो कामको निर्माण ब्यबसायीलाई नगरपालिका

श्रोतको गो.भौ.नं.४८,४९,५६,२४१।२०८१।३।१८ बाट रु.३३९८०६३।०० र संघिय शिर्षकबाट गत बर्ष गो.भौ.नं.३७।२०८०।१।२९ बाट रु.३०९०५६६।०० तथा गो.भौ.नं.८,१०,२०,५२।२०८१।२।३२ बाट रु.५६८१०२९।०० खर्च लेखांकन तथा भुक्तानि दिएकोमा नगरपालिकाले कुल प्राबिधिक मूल्यांकनको ३० प्रतिशतले हुने रु.३६९७५०९।०० ब्यहोर्नुपर्नेमा रु.३३९८०६३।०० मात्र ब्यहोरेकोले कम ब्यहोरेको रकम रु.२९९४४६।०० संघिय संचितकोषमा फिर्ता गर्नुपर्ने रु.................

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९९,४४६ |

११२ **निर्माण कामको म्याद थप सम्बन्धमा:**

११२.१ सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको,सम्झौता तथा कार्यतालिका अनुसार काम गरे नगरेको लगायतका कुराहरु बिश्लेषण गरेर पालिकाले म्याद थप गर्नुपर्नेमा बर्षात लगायतको कारण देखाई म्याद थप गर्ने गरेको देखिन्छ । यसरि पालिकाले म्याद थप गर्नु अगाडि नियम तथा सम्झौतामा भएका प्राबधानहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पुन एउटै कारण देखाई गाउँपालिकाले नियम तथा सम्झौता अनुसार हर्जना नलगाउने गरि म्याद थप गरेको देखिएकोले पालिकालाइ थप व्ययभार पर्न गएको छ । नियममा भएको व्यवस्था बिपरित म्याद थप गर्दा निर्माण व्यवसायीले नियम तथा सम्झौता अनुसार काम सम्पन्न नगर्ने परिपाटिको बिकास भएको पाइयो । यस प्रकारको परिपाटिमा सुधार गर्नुपर्दछ ।

| ठेक्का नम्वर | निर्माण व्यवसायीको नाम र काम | सम्मझौता रकम (मू.अ.कर र पि.एस.बाहेक) | हालसम्म भुक्तानि रकम(मू.अ.कर र पि.एस.समेत) | शुरु गर्नुपर्ने मिति | सम्पन्न गर्नुपर्ने मिति (म्याद थप समेत) | कार्य सम्पादन जमानी रकम | पेश्कि रकम |
|---|---|---|---|---|---|---|---|
| ४।०८०।८१ | शेयर ईन्जिनियरिङ्ग तथा बिल्डर्स सुनसरी | ६२५७७८६ | ० | २०८१।१।३१ | २०८१।६।२० म्याद थप समेत | १४५३००० | ६२५००० |
| ३।०८०।८१ | साजिला कन्स्ट्रक्सन खाँदबारी | २८४५३३९ | २७८९०९१ | २०८१।१।२ | २०८१।३।१७ म्याद थप नभएको | १६५८०० | ० |

**(विस्तृत विवरण बेरूजु दफा ११२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

११२.२ सार्वजनिक खरिद नियमावली 2064 को नियम ११३ मा निर्माण व्यवसायीलाइ सम्झौता बमोजिम पेश्कि दिदाँ पेश्कि रकम खाम्नेगरि निर्माण व्यवसायीले सम्झौता बमोजिम काम नगरेमा सार्वजनिक निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाइ भुक्तानि गर्ने गरि बाणिज्य बैंकबाट जारि भएको बैंक जमानतको म्याद सम्झौतामा उल्लेख भएको पेश्कि फछर्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । वडा नं. १ को हाट बजार लाग्ने स्थानमा पार्किङ्ग असुबिधा भएकोले बिशेष गरि दुई पाङ्ग्रे सवारी साधनहरु पार्किङ्ग गूर्न अन्डरग्राउण्ड पार्किङ्ग बनाउने उद्धेश्यले प्रदेश समपुरक श्रोतबाट लागत अनुमान रु.१२०३७६८१।०० भएको काम मिति २०८१।३।२० ( ५० दिन) सम्म सम्पन्न गर्ने गरि रु.६२५७७८६।०० मा मिति २०८१।१।३१ गते निर्माण ब्यबसायी शेयर ईन्जिनियरिङ्ग तथा बिल्डर्स सुनसरी सँग सम्झौता भएको पाइयो । निर्माण ब्यबसायिले सम्झौता अबधि भर निर्माण काम नगरेको

भएतापनि गो.भौ.नं.१४।२०८१।३।११ बाट रु.६२५०००।०० पेश्कि दिएको छ । सम्झौताको जि.सि.सि.३४.३ मा कार्यतालिका अध्याबधिक गर्नुपर्नमा सो नगरेको, सम्झौता गरेको ५० दिन अबधिमा निर्माण काम नगरेको, निर्माण ब्यबसायीले कारण नखुलाइ म्याद थप माग गरे अनुसार नगरपालिकाले मिति २०८१।३।२० देखि मिति २०८१।६।२० ( ९० दिन) सम्म अर्थात सम्झौता अबधिको १८० प्रतिशत कारण नखुलाइ म्याद थप गरेको देखिएकोले निर्माण ब्यबसायीको लापरबाहिको कारण काम नगरेको अवस्थामा समेत पालिकाले हर्जना लगाउने गरि म्याद थप नगरेको कारण सम्झौता रकमको ०.०५ प्रतिशतले ९० दिनको रु.२८१६००।०० बराबरले व्ययभार पर्न गएकोले सम्बन्धितलाइ जिम्मेबार बनाइ असुल उपर गर्नुपर्दछ । निर्माण ब्यबसायी शेयर ईन्जिनियरिङ्ग तथा बिल्डर्स सुनसरीलाई गो.भौ.नं.१४।२०८१।३।११ बाट रु.६२५०००।०० पेश्कि दिएकोमा निर्माण काम शुरु नगरेको तथा पेश्कि वापत राखेको एन.एम.बि.बबरमहलबाट जारि भएको पेश्कि जमानत रु.१२५१०००।०० को मान्य अवधि मिति २०८१।३।३१ (२०२४।७।१५) गते समाप्त भएकोले पेश्कि रु.६२५०००।०० जोखिममा परेकोले प्रचलित कानून अनुसार असुल उपर गर्नुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२५,००० |

११३ **कोटेशनबाट काम गराएकोमा बढि भुक्तानि :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भई सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्नु पर्ने भएमा ऐन तथा नियमावलीको प्रकृया पूरा गरी जारी गर्नु पर्ने व्यवस्था रहेको छ । सितलपाटी स्वास्थ्य चौकि निर्माण गर्न ठेक्का नं. ३।०८०।८१ बाट लागत अनुमान रु.३३०२३६९।०० (मू.अ.कर र पि.एस.बाहेक) को काम निर्माण ब्यबसायी साजिला कन्स्ट्रक्सन खाँदबारीसँग रु.२८४५३३९।०० (मू.अ.कर बाहेक र पि.एस.सहित) अर्थात लागत अनुमानको तुलनामा १५.२५ प्रतिशत घटिमा मिति २०८१।१।२ गते सम्झौता गरि काम गरेको अवस्थामा पालिकाले निर्माणाधित भवनको तलमा ट्रसको काम नियमानुसार भेरिएशन गरि नेगोशेसनको आधारमा दररेट कायम गरि लागत अनुमानको दररेट भन्दा कम्तिमा १५.२५ प्रतिशत घटिमा मितव्ययि किसिमले गराउनुपर्नेमा कोटेशनको माध्यमबाट लागत अनुमानकै दररेटको आधारमा सोहि निर्माण ब्यबसायी साजिला कन्स्ट्रक्सन खाँदबारीबाट गराइ गो.भौ.नं.८८।२०८१।३।२४ बाट रु.४८९५५९।०० भुक्तानि दिएकोले प्रतिस्पर्धाको दर भन्दा १५.२५ प्रतिशतले हुने रु.७४६५८।०० बढि भुक्तानि भएकोले असुल हुनुपर्ने रु............

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,६५८ |

११४ **ननफाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायीबाट निर्माण कार्य गराउँदा विगत वर्षदेखि सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा आय विवरण दाखिला नगरि नन-फाइलर रहेकोमा सोहि निर्माण व्यवसायिबाट काम गराएको देखियो । यसरी ब्यवसायिक कारोबार गर्ने तर आय विवरण दाखिला नगर्दा आयको चुहावट हुने भएकोले NonFiler भएका ब्यवसायीबाट कारोबार गर्ने कार्य नियन्त्रण हुनु पर्दछ । देहायमा उल्लेख गरे बमोजिमका निर्माण व्यवसायीहरुलाइ मू.अ.कर रु.११८७९७७।०० सहित कुल रु.१२८२८५३५।०० भुक्तानि दिएकोमा सो कारोबारको निर्माण व्यवसायीले ऐन अनुसार सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा आय बिबरण नबुझाइ NonFiler देखिएकोले निर्माण ब्यवसायीलाई आयकर ऐन, २०५८ को दफा ११७ बमोजिम कारवाहीका लागी सम्बन्धित राजश्व कार्यालयमा लेखि पठाइ मू.अ.कर समायोजन पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु....

| ठेक्का नं. | गो.भौ.नं.र मिति | रकम | बिजक नं. र मिति | भुक्तानि रकम मध्ये मू.अ.कर रकम | निर्माण व्यवसायीको नाम र ठेगाना | पान नं. | NonFiler **रहेको मिति** |
|---|---|---|---|---|---|---|---|
| ६।०७९।८० | ३।०८०।६।४ | ४०८९४७१ | ०२।०८०।५।२२ | ४७०४७० | टपल्याण्ड।रानिढुङ्गा।<br>आर.एस.जे.भि.खाँदबारी | ६१९६८८६९९ | 2080/M/1 |
| ६।०७९।८० | १७।०८०।१०।५ | २१०६१६९ | ०३।०८०।१०।२ | २४२३०२ | टपल्याण्ड।रानिढुङ्गा।<br>आर.एस.जे.भि. खाँदबारी | ६१९६८८६९९ | 2080/M/1 |
| ६।०७९।८० | ३४।०८०।१२।३० | ६६३२८९५ | ०४।०८०।१२।२५ | ४७५२०५ | टपल्याण्ड।रानिढुङ्गा।<br>आर.एस.जे.भि. खाँदबारी | ६१९६८८६९९ | 2080/M/1 |
| जम्मा | | १२८२८५३५ | | ११८७९७७ | | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,८७,९७७ |

११५ **ल्याण्डफिल साइड ब्यबस्थापन:**

११५.१ पालिकाको वडा नं. ९ मा ल्याण्डफिल साइड ब्यबस्थापन गर्न लागत अनुमान रु.२८६६७८२१।०० (मू.अ.कर र पि.एस.बाहेक) भएको काम ठेक्का नं. ७।०७९।८० बाट प्रतिस्पर्धाबाट छनौट भएको निर्माण ब्यबसायी सितु।धिताल जे.भि.काठमाडौंसँग रु.२६२४१६४६।००(मू.अ.कर र पि.एस.बाहेक) मा मिति २०८०।२।२ गते सम्झौता भएको र सो निर्माण काम १८ महिना अर्थात मिति २०८१।७।२८ गतेभित्र सम्पन्न गर्नुपर्ने गरि सम्झौता भएकोमा तेश्रो रनिङ्ग बिलसम्म रु.११०५९६९४।०० भुक्तानि भएको देखियो । यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन ।

११५.२ निर्माण कामको प्रगति कम भएको: सार्वजनिक खरिद ऐन 2063 को दफा 59 मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि खरिद नियमावलीको नियम 121 अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पनन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा 63 अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरु गर्ने व्यवस्थाहरु छन । ल्याण्डफिल साइड ब्यबस्थापन गर्न ठेक्का नं. ७।०७९।८० बाट निर्माण ब्यबसायी सितु।धिताल जे.भि.काठमाडौंसँग १८ महिना अर्थात मिति २०८१।७।२८ गतेभित्र सम्पन्न गर्नुपर्ने गरि रु.२६२४१६४६।००(मू.अ.कर र पि.एस.बाहेक) मा मिति २०८०।२।२ गते सम्झौता भएकोमा तेश्रो रनिङ्ग बिलसम्म रु.११०५९६९४।०० भुक्तानि भएको पाइयो । निर्माण काम गर्ने समयाबधि मिति २०८१।३।३१ सम्म १४ महिना अर्थात ७८ प्रतिशत समाप्त भइ सकेको अवस्थामा ३६ प्रतिशत मात्र बित्तिय प्रगति भएको देखिएको (पालिकाले भौतिक प्रगति तयार नगरेको कारण सो सम्बन्धमा यकिन भन्न सकिएन) कारण निर्माण

ब्यबसायीको समयाबधि ७८ प्रतिशत ब्यथित भइसक्दा निर्माण कामको प्रगति धेरै कम भएको कारण निर्माण ब्यबसायीले ऐन,नियम,सम्झौता तथा कार्यतालिका अनुसार निर्माण काम गरेको नदेखिएको हुदाँ सम्झौता अबधिमा निर्माण काम सम्पन्न गर्न सक्ने देखिदैन । अत निर्माण ब्यबसायीलाइ सम्झौता अनुसार निर्माण काम नगरेको कारण म्याद थप गर्दा सार्वजनिक खरिद नियमावली बमोजिम पूर्ब निर्धारित क्षतिपूर्ति लगाउने गरि म्याद थप गरि निर्माण कामलाई मितव्ययि रुपमा समयमै सम्पन्न गराउने तर्फ पालिकाले उचित ध्यान दिनुपर्दछ ।

११५.३ बिमा अबधि: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी निर्माण काम शुरु भए देखि त्रुटि सच्याउने अवधि भन्दा थप एक महिना अवधिको वीमा गराउनु पर्ने तथा शुरु अबधिदेखि वीमा गराएर मात्र निर्माण व्यवसायीले कबोल गरेको बीमा वापतको रकम भुक्तानि गर्नुपर्ने व्यवस्था छ । ल्याण्डफिल साइड ब्यबस्थापन गर्न ठेक्का नं. ७।०७९।८० बाट निर्माण ब्यबसायी सितु।धिताल जे.भि.काठमाडौंसँग मिति २०८१।७।२८ गतेभित्र सम्पन्न गर्नुपर्ने गरि रु.२६२४१६४६।०० मा मिति २०८०।२।२ गते सम्झौता भएकोमा तेश्रो रनिङ्ग बिलसम्म रु.११०५९६९४।०० भुक्तानि मध्ये बिमा वापत रु.२५६५०९।०० भुक्तानि भएको देखियो । यसरि निर्माण ब्यबसायीले निर्माण काम शुरु भएको मिति २०८०।२।२ देखि बिमा गर्नुपर्नेमा शिखर इन्स्योरेन्स खाँदबारी निर्माण कामको बिमा मिति २०८०।३।२४ ( २०२३। ७।९ देखि २०२४।११।१३) देखि मिति २०८१।७।२८ सम्म गरि प्रिमियम रु.२५६५०९।०० बुझाएको बिजक पेश गरेको देखिएकोले निर्माण कामको बिमा शुरु देखि नगरि १ महिना २२ दिन ढिलो गरेको तथा कामदार र प्राबिधिकहरुको सामूहिक दुर्घटना बिमा गरेको देखिएन । अत खरिद सम्झौता तथा नियममा भएको ब्यबस्था अनुसार सम्पूर्ण पक्षको बिमा नगरेको तथा शूरु देखि बिमा नगरि कम अबधिको बिमा गरेको आधारमा बिमा रकम भुक्तानि दिन मिल्ने नदेखिएकोले सम्पूर्ण पक्षको बिमा पूरै अवधिको गरेको प्रमाण पेश हुनुपर्दछ ।

११५.४ लागत अनुमान: सार्वजनिक खरिद ऐन, २०६३ को दफा नं. ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन,योजना,नक्शा,डिजाइन,विशेष आवाश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्न, दफा नं. ५ मा सार्वजनिक निकायले निर्माण काम गर्न लागत अनुमान बनाउनुपर्ने, दफा नं. ५ (क) मा लागत अनुमान बिशेष कारण परि संशोधन गर्नु परेमा बाहेक एकपटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्यस्तो संशोधन शुरुको लागत अंकमा २५ प्रतिशत भन्दा बढि फरक परेमा वा त्रुटिपूर्ण डिजाइन गरेको वा अस्वाभाविक लागत अनुमान तयार,जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानून बमोजिम कारबाहीको भागिदार हुनेछ भन्ने ब्यबस्था गरेको पाइयो । पालिकाले वडा नं. ९ मा ल्याण्डफिल साइड ब्यबस्थापन गर्नको लागि डि.पि.आर.तयार गर्ने काम गत आर्थिक वर्ष २०७९।८० मा ए.आर.सि.कन्सल्टेन्सि प्रा.लि.सप्तरीबाट गराई गो.भौ.नं.९०।२०७९।९।२४ बाट रु.१०६७८५०।०० भुक्तानि दिएको छ । सो कन्सल्टेन्सीले पेश गरेको डि.पि.आर. अनुसार पहुँच सडक निर्माणमा रु.१००००००।०० समेत कुल रु.१९९२१२६७।०० (मू.अ.कर र पि.एस.बाहेक) को लागत अनुमान तयार गरि पेश गरेकोमा पालिकाले डि.पि.आर. को भन्दा फरक गरि पहुँच सडक निर्माणमा रु.६११९९६०।०० (डि.पि.आर. भन्दा ५१२ प्रतिशत बढि हुने गरि) समेत कुल रु.२८६६७८२१।०० (मू.अ.कर र पि.एस.बाहेक र ४४ प्रतिशत बढि हुनेगरि) को लागत अनुमान तयर गरि डि पि आर तयार गरेको वर्ष नै ठेक्का सम्झौता गरि काम शुरु गरेको देखियो । यसरि डि पि आरमा भएको परिमाण र रकममा २५ प्रतिशत भन्दा बढि हुने गरि संशोधन गरेको कारण स्पष्ट भएन । डि पि आरमा भएको परिमाण र लागत अनुमानलाइ आधार नलिइ पुन पालिकाको जनशक्तिबाट लागत अनुमान तयार गरि ठेक्का बन्दोबस्त गरेकोले डि पि आरमा भएको खर्च रु.१०६७८५०।०० औचित्य पुष्टि नहुनुको साथै डि पि आर बनाउने कन्सल्टेन्सीबाट हचुवाको भरमा फिल्ड भेरिफिकेशन नगरि तयार गरेको हो वा पालिकाका जनशक्तिबाट सो योजनाको लागत अनुमान लगायतको काम गर्न सक्षम भएकोले कन्सल्टेन्सीबाट तयार लागत अनुमानलाइ आधार नलिएको हो कारण नखुलेकोले डि पि आरमा भएको खर्च पालिकालाइ अनाबश्यक व्ययभार परेको देखिएकोले पालिकाले यकिन गरि पुष्ट्याई सहितको प्रमाणको आधारमा नियमित गर्नुपर्ने रु......

| | |
|---|---|
| अनियमित भएको | १०,६७,८५० |

११५.५ इन्जिनियरिङ्ग सुविधाः सार्वजनिक लेखा समितिको २०६९/१/८ को निर्णयले निर्माण कार्यको रेखदेख सुपरभिजन तथा अन्य कार्य गर्न बजेटमा व्यवस्था गरी स्रोत साधन व्यवस्थापन गर्ने, ठेक्काको विल अफ क्वान्टिटीमा इन्जिनियरिङ सुविधा राखेर निर्माण व्यवसायीलाई भुक्तानी गर्ने विषयमा नियन्त्रण गर्ने उल्लेख छ । सार्वजनिक लेखा समितिको निर्णय प्रतिकुल हुने गरी निम्न निर्माण कार्यको विल अफ क्वान्टिटीमा इन्जिनियरको लागि मोटरसाईकल खरिद आईटम समावेशगरी निम्नानुसार भुक्तानी दिएको देखियो । ल्याण्डफिल साइड ब्यबस्थापन गर्न ठेक्का नं. ७।०७९।८० बाट सितु।धिताल जे.भि.काठमाडौंबाट गराउदाँ निर्माण कार्यको विल अफ क्वान्टिटीमा १ थान मोटरसाईकल सप्लाइ वापत निर्माण व्यवसायिलाई भुक्तानि रु.७०००००।०० भुक्तानि नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,००,००० |

## ११६ **गुठिटार लिफ्ट खा.पा.:**

११६.१ पालिकाको वडा नं.९ मा अरुण नदि गुठिटार लिफ्ट खानेपानि योजना निर्माण गर्न रु.२९७५१३११।०० को लागत अनुमान भएको काम ठेक्का नं. ६।०७९।८० को काम मिति २०८१।७।१७ गते (१८ महिना) भित्र सम्पन्न गर्ने गरि रु.२६२५९५८६।०० मा मिति २०८०।१।१७ गते टपल्याण्ड।रानिढुङ्गा।आर.एस.जे.भि.खाँबारीसँग सम्झौता भए अनुसार गत बर्ष रु.१७३७१६३९।०० र यस बर्ष गो.भौ.नं.३,१७,३४।२०८०।१२।३० बाट रु.१२८२१८४९।०० गरि जम्मा रु.३०१९३४८९।०० भुक्तानि भएकोमा सो भुक्तानि मध्ये मूल्य समायोजन वापत रु.१६४१६१।०० र बोनस वापत रु.२३६०८८३।०० भुक्तानि भएको देखियो । यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन ।

११६.२ बोनस भुक्तानि सम्बन्धमा: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा खरिद सम्झौता बमोजिमको काम सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समयलाई समेत आधार मानि नियम १० बमोजिम निर्माण कामको लागत अनुमान तयार गरि निर्माण काम गराउनुपर्ने तथा नियम १२६ मा खरिद सम्झौतामा तोकिएको अवधि भन्दा अघि काम सम्पन्न गर्ने निर्माण ब्यबसायीलाई सार्वजनिक निकायले प्रतिदिन ०.०५ प्रतिशतको दरले सम्झौता रकमको १० प्रतिशत भन्दा बढि नहुने गरि पुरस्कार (बोनस) दिन सक्ने व्यवस्था गर्न सकिनेछ भन्ने उल्लेख गरेको छ । यसरि सार्वनजिक निकायले लागत अनुमान तयार गर्दा सो काम गर्न आवाश्यक पर्ने अबधिको बिश्लेषण गरि लाग्ने अवधिको यकिन गरि खरिद सम्झौतामा समयावधि उल्लेख गर्नुपर्दछ । निर्माण ब्यबसायीले सम्झौतामा तोकिएको समय भन्दा अघि निर्माण काम सम्पन्न गरेमा पुरस्कार दिन सकिने गरि सम्झौतामा समाबेश गर्न सकिने नियममा ब्यबस्था भएकोले अनिवार्य र सामान्य प्रकृतिको काममा पुरस्कार दिने गरि खरिद सम्झौता गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको देखिएन । अरुण नदि गुठिटार लिफ्ट खानेपानि योजना निर्माण गर्न ठेक्का नं. ६।०७९।८० को काम मिति २०८१।७।१७ गते (१८ महिना) भित्र सम्पन्न गर्ने गरि रु.२६२५९५८६।०० मा मिति २०८०।१।१७ गते टपल्याण्ड।रानिढुङ्गा।आर.एस.जे.भि.खाँबारीसँग सम्झौता भए अनुसार रु.३०१९३४८९।०० भुक्तानि भएको छ । निर्माण ब्यबसायीलाइ छैठौं तथा अन्तिम रनिङ्ग बिल रकम गो.भौ.नं.३४।२०८०।१२।३० बाट रु.६६३२८९५।०० भुक्तानि दिएकोमा निर्माण ब्यबसायीले सम्झौता अवधि भन्दा २०० दिन अघि नै अर्थात (११ महिनामा) मिति २०८०।१२।२५ गते सम्पन्न गरेकोले २०० दिनको कुल प्राबिधिक मूल्यांकन ( भ्याट र पि.एस.बाहेक) रु.२३६०८८३४।०० को आधारमा रु.२३६०८८३।०० बोनस भुक्तानि गरेको छ । पालिकाले एकै पटक ठेक्का बन्दोबस्त गरेको एकै प्रकृतिको काम वडा नं. ८ अरुण नदि ढोलबाजे लिफ्ट खानेपानिको (ठेक्का नं. ५।०७९।८०) निर्माण काम सम्पन्न गर्न सोहि आर्थिक बर्षमा मिति २०८०।१।२० गते सम्झौता गरि १२ महिना ( २०८१।१।२०) भित्र सम्पन्न गर्ने गरि ठेक्का सम्झौता गरेको देखिएको कारण पालिकाले निर्माण काम गर्न लाग्ने समयाबधि यथार्त तथा बस्तुपरक रुपमा अवधि राखेको पाइएन । अरुण नदि गुठिटार लिफ्ट खानेपानि योजनाको काम सम्पन्न गर्ने समयाबधि १२ महिनाको राखि सम्झौता गरेको भए निर्माण ब्यबसायीलाई पुरस्कार वापत रु.२३६०८८३।०० भुक्तानि नभइ संघिय सरकारलाइ ब्ययभार कम पर्न जाने देखिन्छ । यसर्थ पालिकाले निर्माण कामको यथार्त तथा बास्तबिक लाग्ने समय अबधि सम्झौतामा नराखि निर्माण काम गराएको कारण निर्माण ब्यबसायीलाई बोनस रु.२३६०८८३।०० थप भुक्तानि हुन गएकोले सम्बन्धितलाई जिम्मेवार बनाइ नियमित गर्नुपर्ने रु......

| | |
|---|---|
| अनियमित भएको | २३,६०,८८३ |

११६.३ **मूल्या समायोजनः** अरुण नदि गुठिटार लिफ्ट खानेपानि योजना निर्माण गर्न ठेक्का नं. ६।०७९।८० को काम गर्न मिति २०८०।१।१७ गते टपल्याण्ड।रानिढुङ्गा।आर.एस.जे.भि.खाँबारीसँग सम्झौतामा मूल्य समायोजन दिने प्रावधान गरेको पाइयो । सो काम गर्न रु.२६२५९५८६।०० मा मिति २०८०।१।१७ गते सम्झौता भएको र चौथौं रनिङ्ग बिल वापत गो.भौ.नं.३।२०८०।६।४ बाट रु.४०८२७८५।०० भुक्तानि गर्दा मूल्य समायोजन रु.१०७७८५।०० र अन्तिम रनिङ्ग बिल रकम गो.भौ.नं.३४।२०८०।१२।३० बाट रु.६६३२८९५।०० भुक्तानि मध्ये रु.५६३७६।०० मूल्य समायोजन वापत भुक्तानि भई मुल्य समायोजन वापत कुल रु.१६४१६१।०० निर्माण ब्यबसायीलाई भुक्तानि भएको छ । पालिकाले मूल्य समायोजनको गणना प्रत्येक रनिङ्ग बिल भुक्तानि गर्दा काम भएको मितिको ईन्ड्क्स ( नेपाल राष्ट्र बैंकको मूल्य सूचि) अनुसार गणना गरि यथार्त रुपमा गणना गरि मूल्य समायोजन रकम थप दिनुपर्ने वा कट्टा गर्नुपर्ने भए सोहि अनुसार प्रत्येक रनिङ्ग बिलमा समायोजन गर्नुपर्नेमा पालिकाले पहिलो रनिङ्ग बिल देखि चौंथो रनिङ्ग बिलसम्मको गणना चौंथो रनिङ्ग बिल मिति २०८०।५।१९ को इण्डेक्सको र पाँचौ तथा अन्तिम रनिङ्गको गणना अन्तिम रनिङ्ग बिल मिति २०८०।१२।२३ ( सन २०२४ को फेब्रुअरी।मार्चको इण्डेक्सबाट गणना गर्नुपर्नेमा २०२४ को जुलाई।अगष्टको इण्डेक्सको) आधारमा गणना गरेको देखिएकोले मूल्य समायोजनको गणना काम भएको यथार्त मितिको इण्डेक्सको आधारमा गणना भएको पाइएन । तसर्थ पालिकाले प्रत्येक रनिङ्ग बिलको इण्डेक्सको आधारमा गणना गरि मूल्य समायोजन रकम यकिन गरि पुष्ट्याइका कागजात सहित प्रमाण पेश हुनुपर्ने अन्यथा मूल्य समायोजन वापत दिएको रकम रु.१६४१६१।०० असुल गरि संघिय संचित कोषमा फिर्ता हुनुपर्ने रु..................

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६४,१६१ |

११७ **दुबेचौर सातकुवा सडकको गुणस्तर :**

सार्वजनिक खरिद नियमावली ,2064 को नियम 9 (2) मा निर्माण कामको गुणस्तर कायम गर्न ठेक्काको बि ओ क्यूमा गुणस्तर परीक्षणको लागि रकम समाबेश गरि लागत अनुमान तयार गर्ने र सोहि अनुसार निर्माण ब्यबसायीहरुले गुणस्तर परिक्षण गरेको आधारमा भुक्तानी गर्ने गरिएको छ । वडा नं. १ को दुबेचौर सातकुवा लहरेबर सडक स्तरोन्नति अन्तर्गत पि.सि.सि.ढलान समेतको काम गर्न ठेक्का नं. २।०८०।८१ बाट निर्माण ब्यबसायी रानीढुङ्गा निर्माण सेवा खाँदबारीसँग सम्झौता गरे मुबताबिक निर्माण काम सम्पन्न गरि कुल प्राबिधिक मूल्यांकन रु.५३९३१६०।०० भइ भुक्तानि भएको मध्ये गुणस्तर परिक्षण वापत रु.२३६८१।०० समेत भुक्तानि दिएको छ । उक्त निर्माण कामको अनुगमन समितिले मिति २०८१।२।२२ गते अनुगमन गर्दा ब्याकफिलिङ्गमा सोलिङ्ग गरि ढलान गरेको कारण सडक भाँसिन सक्ने उल्लेख गरि प्रतिबेदन दिएको देखिएकोले यस सम्बन्धमा पालिकाले प्राबिधिक रुपमा यकिन गरि गराइ आवाश्यक पर्ने सजगता अपनाइ सडक बिग्रनबाट जोगाउनुपर्दछ । तसर्थ यस प्रकारको निर्माण काममा पालिकाले उचित ध्यान दिइ सुधार गर्नुपर्दछ ।

११८ **रितपूर्बकको कर बिजक –**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका निर्माण व्यवसायीसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं ३।०८०।८१ का निर्माण व्यवसायी साजिला कन्स्ट्रक्सनले एउटै सिलसिलेबार नं भएको कर बिजक प्रयोग गर्नुपर्नेमा सो निर्माण व्यवसायीले एउटै सिलसिलेबार नं. भएको मू.अ.कर बिजक पेश नगरि देहाय अनुसार फरक फरक सिलसिलेबार नं. भएको तथा मिति अनुसारको सिलसिलेवार नं.नभएको मू.अ.कर बिजक पेश गरि मु.अ.कर रु.३१५९०५।०० समेत रु.२७८९०९१।०० भुक्तानि गरेको छ । तसर्थ उक्त निर्माण व्यवसायीले फरक फरक कर बिजक पेश गरि भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु......

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | बिजक नं | बिजक जारि मिति | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|---|
| ५९।०८१। ३।१० | साजिला कन्स्ट्रक्सन | ३०२३७४६५० | ६ | २०८१।२।३१ | १६५९९६२ | १८७०९९ |
| ८५।०८१। ३।२४ | साजिला कन्स्ट्रक्सन | ३०२३७४६५० | ५ | ०८१।३।२४ | ११२९१२९ | १२८८०६ |
| जम्मा | | | | | २७८९०९१ | ३१५९०५ |

| प्रमाण पेश नगरेको | ३,१५,९०५ |
|---|---|

११९ **त्रिपाल पाईप खरिद**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुत्तानी दिन आवश्यक बिल, भरपाई, प्रमाण र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुत्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गो भौ न २८७।८१।३।२४ मा प्रजल ट्रेड्र्सलाई रु ११६६९७ भुक्तानी गरिएकोमा संलग्न विल भरपाई परीक्षण गर्दा शुसिला किराना पसल बिल न १४४।८१।२।१७ वाट रु १८५०० को १० बोरा चामल तथा रु ९८१९७को प्रजवल टेर्ड्रसको न ५६०।८१।२।१२ बिल वाट वाट ८०० मिटर एच डि पि पाईप र १५ वटा त्रिपाल खरिद भएकोमा सबै रकम प्रजल ट्रेड्र्सलाई भुक्तानी भएको तथा चामल खरिदको प्रयोजन नखुलेको पाईप त्रिपाल जडान वितरणको प्रमाण संलग्न नभएको पाईयो । अत खरिद भएका सामाग्रीको खरिद प्रयोजन तथा जडान वितरण प्रमाण पेश हुनु पर्ने तथा सम्बन्धित शुसिला किराना पसललाई भुक्तानी भएको प्रमाण पेश हुनु पर्ने रु

| प्रमाण पेश नगरेको | १,१६,६९७ |
|---|---|

१२० **मु.अ.कर जरिवाना :**

मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १५ मा दर्ता नभएको व्यात्तिले कर उठाउन नहुने व्यवस्था रहेको छ र सोही ऐनको दफा २९ (घ) बमोजिम दर्ता नभएको व्यात्तिले कर उठाएमा उठाएको करको शतप्रतिशत जरिवाना गर्नुपर्ने व्यवस्था रहेको छ । आयुष आँचल निर्माण सेवा संखुवासभा (६२०७३९६२५) ले सूर्यचोकबाट कोशी हाइवेसम्म सडक पि.सि.सि. गरि प्राबिधिक मूल्यांकन भएको रु.९५२३३३।०० गो.भौ.नं.२४।२०८१।३।३० बाट रु.६६६६३३।०० आंशिक भुक्तानि दिएकोमा निर्माण ब्यबसायीले भुक्तानिको लागि बिजक नम्बर ०२ मिति २०८१।३।१६ बाट १३ प्रतिशत मुल्य अभिबृद्धि कर रु.१०९०४१।०० समेत Claim गरेको पाईएकोले शतप्रतिशत जरिवाना सहित असुल गरि संघिय सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्ने रकम रु

| असुल गर्नुपर्ने | १,०९,०४१ |
|---|---|

१२१ **ज्यालादारी कर्मचारी**

नेपाल सरकारले संघीय संरचना अनरूप सरकारका तीनैतहको आर्थिक कारोवारसञ्चालनका लागि स्वीकृतएकीककृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ चालु खर्च पुजिगत खर्चको संकेत र बर्गिकरण रहेका छन् । पूजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने पुजिगत शिर्षकवाट वडा कर्मचारी, तलब पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो ।अत बजेट सिद्दान्त विपरीत पुजिगत शिर्षकवाट चालु प्रकृतिका कार्य गर्न सुधार गर्नु पर्ने तथा नियुक्ती पत्र नरहेको १ कर्मचारीको नियुक्ती पत्र पेश हुनु पर्ने रु

| गो भौ न | भुक्तानी पाउने | प्रयोजन | भुक्तानी रकम | नाम | कैफियत |
|---|---|---|---|---|---|
| ८८।८०।१०।२४ | २ जना | तलब ज्याला | ९६१९२ | कृष्णमाया माझी तामाङ र राम बहादुर कुमाल | वडा कार्यालयवाट नियुक्ती दिई खर्च लेखेको |
| २८५।८१।३।२४ | १ जना | तलब ज्याला | ६८४०० | आयुषा कट्टवाल घिमिरे | आयुशा घिमिरे नियुक्तपत्र नरहेको |
| १८३।८१।१।२४ | २ | तलब ज्याला | ४८०९६ | कृष्णमाया माझी तामाङ र राम बहादुर कुमाल | |
| १८२।८१।१।२४ | १ | तलब | ४४००० | आयुषा कट्टवाल घिमिरे | |
| | | | २२५६६८ | | |

| प्रमाण पेश नगरेको | १,१२,४९६ |
|---|---|

१२२ **मर्मत संभार कोष:**

१२२.१ नगरपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०७५ को दफा ६ मा मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम पूर्वाधार बिकासको मर्मत संभारको नियमित,पटके र आकस्मिक मर्म संभार सम्बन्धि कार्यमा मात्र खर्च गर्न सकिने, दफा ७ मा उपभोक्ता समिति र वडा कार्यालय आदिबाट मर्मत सम्भारको लागि माग भइ आएका योजनाहरु र नगरपालिकाले आवाश्यक ठानेका योजनाहरु प्राथमिकताको आधारमा छनौट गरि तथा दफा ८ मा नगरभित्र रहेका भौतिक संरचनाहरुको मर्मत स्थानिय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरि जनसहभागिता जुटाई प्रभावकारी रुपमा संचालन गरिने उल्लेख भएको छ । यसरि कार्यबिधिमा मर्मत संभारको लागि छनौट लगायत कार्यान्वियनको मापदण्ड निर्धारण गरेको छ । पालिकाले यस वर्ष मर्मत संभार कोषमा ट्रान्सफर गरी रु.३००००००।०० गरि गत वर्षको मौज्दात समेत जम्मा रु.३१३२६३७।०० आम्दानी भएकोमा रु.२७५००३६।०० खर्च गरेको छ । पालिकाले कार्यपालिका तथा नगर प्रमुखको निर्णयानुसार वार्षिक वजेटमा समावेश गरि संचलानमा ल्याउन सकिने योजना समेतमा खर्च गरेको छ । यसरी तोक आदेशको आधारमा कोष संचालन कार्यविधिमा समेत कोषबाट खर्च हुने रकमको स्वीकृति गर्ने सम्बन्धमा उल्लेख नगरी योजना संचालन गरी खर्च गर्दा पारदर्शि प्रकृया अपनाएको देखिएन । पालिकाले कानूनमा उल्लेख भए वमोजिम कोषमा रकम ट्रान्सफर गरी पारदर्शि प्रकृयाबाट खर्च गरिनु पर्दछ । मर्मत सम्भार कोषवाट आकस्मिक आएपर्ने मर्मत संभार कार्यमा खर्च गर्नु पर्नेमा कतिपय नयाँ योजना तथा योजना विना नै वडाको सिफारिसमा इन्धन माग इन्धन दिएको देखिएको छ । वार्षिक वजेटमा समावेश गरी संचालन गर्न सकिने योजनाहरुमा खर्च गरेको पाइयो । यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन ।

१२२.२ **मर्मत संभार कोषबाट इन्धनमा खर्च:** नगरपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०७५ को दफा ६ मा मर्मत संभारमा मात्र खर्च गर्न पाउनेमा नगरपालिकाले देहाय अनुसार मर्मत काममा प्रयोग नहुने असम्बन्धित सवारी साधनहरु ट्रयाक्टर,जेनेरेटर,दमकल,कर्मचारी तथा पदाधिकारीका मोटरसाइकल,हलुका सवारी साधनमाहरुमा मिति २०८० श्रावण देखि असौज २३ गतेसम्मको इन्धनमा भएको खर्च वापत गो.भौ.नं.६।२०८०।७।३ बाट रु.३४४१५६।०० महालक्ष्मी अटोमोवाईल्स सेन्टर खाँदबारीलाई भुक्तानि दिएको पाइयो । यसरि यस कोषबाट भौतिक पूर्वाधारहरुको मर्मतमा मात्र खर्च गर्न मिल्नेमा कर्मचारी तथा पदाधिकारीहरुको सवारि साधनमा भएको इन्धन खर्च लेखांकन गरेको कार्यबिधिको भावना बिपरित भएकोले अनियमित देखिएको रु

| अनियमित भएको | ३,४४,१५६ |
|---|---|

१२२.३ **मर्मत संभार कोषबाट ब्यक्ति मार्फत खर्च:** लिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०७५ को दफा ८ मा नगरभित्र रहेका भौतिक संरचनाहरुको मर्मत स्थानिय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरि जनसहभागिता जुटाई प्रभावकारी रुपमा संचालन गरिने उल्लेख भएको छ । कार्यबिधि बिपरित पालिकाले ब्यक्ति मार्फत मर्मत कार्य देहाय अनुसार गरेकोले नियमित नदेखिएको रु...

| गो.भौ.नं. र मिति | खर्च रकम | कामको बिबरण | भुक्तानि पाउनेको नाम |
|---|---|---|---|
| २६।२०८१।३।२३ | ९५२७५ | वडा नं. ८ को विद्युत कार्यालय जाने सडक मर्मत | ज्ञानेन्द्र खनाल वडा नं. ८ |
| २२।२०८१।३।२१ | २९४९८ | वडा नं. १० को प्राङ्गण मर्मत | प्रबिन चौहान वडा नं. १० |
| **जम्मा** | **१२४७७३** | | |

| अनियमित भएको | १,२४,७७३ |
|---|---|

१२३ **ऋण अभिलेख**

स्थानीयतहले सबै कारोबार, शेयर तथा ऋण लगानी सुत्रमा लेखाङ्कन गरी अभिलेख राख्नु पर्दछ ।पालिकाले बिभिन्न योजनाका लागि समपुरक कोष शिर्षकबाट गो भौ न २८।८०।५।३१मा खादवाँरी खानेपानी सरसफाई उपभोक्ता समितिलाई ऋण वापत रु १०००००० उपलब्ध गराएकोमा उक्त रकम सुत्र कारोबार ऋण तथा लगानीमा अभिलेख जनाएको पाईएन । सबै ऋण तथा लगानीहरु सुत्र प्रणालीमा लेखाङ्क्न भएको प्रमाण पेश हुनु पर्ने रु

| प्रमाण पेश नगरेको | १०,००,००० |
|---|---|

१२४ **खन्ने कामको मेशिन र मानिसको दररेटले भुक्तानि :**

सार्वजनिक खरिद नियमावली,2064 को नियम 10 अनुसार निर्माण कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत काम गराउँदा स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार हुने रकममा मुल्य अभिवृद्धि कर लाग्ने सामानको मुल्य अभिवृद्धि कर समेत हुने दरमा सम्झौता गरी भुक्तानी गर्नुपर्ने ब्यवस्था अनुरुप गाउँपालिकाले यस आर्थिक वर्ष २०८०।८१ को लागि निर्माण काम गराउनको लागि बिभिन्न आइटमको दर बिश्लेषण तयार गरि स्विकृत गरेको छ । योजनामा मेशिन प्रयोग हुन सक्ने स्थानमा मेशिन प्रयोग हुने गरि दर बिश्लेषण गरि मेशिनको दररेट अनुसार काम गराइ मितव्ययि किसिमले निर्माण काम गर्नुपर्दछ । योजनामा मेशिन प्रयोग भएको अबस्थामा सोहि योजनामा मानिसको दररेट समाबेश गरि लागत अनुमान तयार गरि काम गराउन मिल्ने देखिदैन । तर देहायका योजनाहरु उपभोक्ता समितिहरुबाट कार्यान्वयन गराउदाँ माटो खन्ने कामको लागि मानिसको दररेट अनुसार लागत अनुमान तयार भएकोमा मेशिन प्रयोग भएको पुष्टि हुने फोटो लगायतका बिल भरपाइहरु संलग्न रहेको र मेशिनबाट काम गराउन सकिने योजनामा मेशिनको मात्र दररेट समाबेश गरि लागत अनुमान बनाइ काम गराउनुपर्नेमा पालिकाले मेशिन र मानिसको दररेट समाबेश गरि औषत दरको आधारमा काम गराएको पाइयो । यसरी मेशिनको दररेट भन्दा मानिसको दररेट समाबेश गरि काम गराउदाँ उपभोक्ता समितिहरुलाई बढि भुक्तानि हुन गएको रु.९२७४४।०० असुल हुनुपर्ने रु.....

| शिर्षकको नाम | उपभोक्ता समितिको नाम | गो भौ नं र मिति | भुक्तानि रकम | माटोको भुक्तानि परिमाण | मानिस।औषत दररेटले भुक्तानि रकम | मेशिनको दररेटले हुने रकम | बढि भुक्तानि (उपभोक्ताको योगदान कट्टा पश्चात) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश पूँजिगत | खाँदबारी खेलमैदान स्तरोन्नति वडा नं. ७ | ११।२०८१।२।३० | १९३८४८९ | १७६.६३ | ३६०.५ | ६१.२४ | ४६४२० | उपभोक्ता समितिले रुट सर्भिस बिराटनगरको लोडर प्रयोग गरेको |
| प्रदेश पूँजिगत | खाँदबारी रंगशाला मर्मत वडा नं. १ | १०,२०।२०८०।२।२१ | १८९७९०६ | ६३.२ | ३६०.५ | ६३.२४ | १७००७ | उपभोक्ता समितिले सनम निर्माण सेवाको मेशिन प्रयोग गरेको |
| सडक बोर्ड | भरत बस्तेतको घर देखि पाठक गाउँ स्कुलसम्म सडक | २१।२०८१।३।३० | १३५१५६१ | ११५.०३ | ३६०.५ | ६३.२४ | २९३१७ | उपभोक्ता समितिले निशान कन्स्ट्रक्सन खाँदबारीको मेशिन प्रयोग गरेको |
| जम्मा | | | | | | | ९२७४४ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,७४४ |

## १२५ ठेक्कामा बचत रकमबाट पुन काम गराएको :

अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धि व्यवस्था रहेको छ । प्रदेश तथा संघ सरकारबाट स्थानिय तहलाइ प्राप्त हुने अनुदान रकम मध्ये समपुरक,सशर्त,बिशेष अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभइ मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचितकोषमा फिर्ता गर्नुपर्दछ । संघिय श्रोतको बजेटबाट सितलपाटी स्वास्थ्य चौकि निर्माण गर्न ठेक्का नं. ३।०८०।८१ बाट लागत अनुमान रु.३३०२३६९।०० (मू.अ.कर र पि.एस.बाहेक) को काम प्रतिस्पर्धाबाट छनौट भएको निर्माण ब्यबसायी साजिला कन्स्ट्रक्सन खाँदबारीसँग रु.२८४५३३९।०० (मू.अ.कर बाहेक र पि.एस.सहित) अर्थात लागत अनुमानको तुलनामा १५.२५ प्रतिशत घटिमा मिति २०८१।१।२ गते सम्झौता भए अनुसार यस बर्ष रु.२७८९०९१।०० भुक्तानि भएको पाइयो । यस ठेक्काबाट बचत रकमबाट पालिकाले सोही निर्माणाधिन भवनको तलामा ट्रस निर्माण कोटेशनको माध्यमबाट सोहि निर्माण ब्यबसायी साजिला कन्स्ट्रक्सन खाँदबारीबाट गराइ गो.भौ.नं.८८।२०८१।३।२४ बाट रु.४८९५५९।०० भुक्तानि (गोश्वरा भौचर साथ हिमालय कन्स्ट्रकसन धरानको बिजक नं.५५।०८१।३।२४ पान नं.३०००१८७१० बाट रु.४८९५५९।०० को बिजक जारि गरेको कारण खुलाएको छैन । कोटेशनबाट भएको कामको रकम ठेक्काबाट काम गरेको निर्माण ब्यबसायी साजिला क्न्स्ट्रक्सन खाँदबारीको नाममा रकम इएफटि तथा कर कट्टि भएको कारण निर्माण काम पनि साजिला क्न्स्ट्रक्सनले गरेको पुष्टि भएकोले प्रचलित कानून अनुसार बचत रकम संघिय संचित कोष फिर्ता गर्नुपर्ने रु.....................

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८९,५५९ |

## १२६ निर्माण ब्यबसायीलाई बढि भुक्तानि:

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानि दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । याङखेलावर घोडावाल सडकमा पि.सि.सि.को काम निर्जरा निर्माण सेवा खाँदबारीबाट गराइ गो.भौ.नं.१०।२०८१।२।१ बाट रु.९५०३३४।०० भुक्तानि दिएकोमा उक्त निर्माण कामको प्राबिधिक मूल्यांकन रु.९५६०८०।०० मध्ये ल्याबटेष्ट समेत पि.एस.आइटम वापत रु.८०००।०० को बिल भरपाइ पेश नगरको र निर्माण ब्यबसायीले आफ्नो बिजकमा समेत समाबेश नगरेको कारण सो कट्टा गरि रु.९४८०८०।०० भुक्तानि दिनुपर्नेमा रु.२२५४।०० बढि भुक्तानि दिएको रकम असुल हुनुपर्ने रु.....

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२५४ |

१२७ **खरिद प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४को नियम ८५(१)मा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने,नियम ८४मा रु.१० लाखभन्दा माथि सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै नियम ८५(१ख)मा सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटा आपूर्तिकर्तासंग सीमाभन्दा बढीको सोझैखरिद गर्न नहुने उल्लेख छ । नमुना छनौट गरी परिक्षण गरिएका निम्नकार्यहरुमा पालिकाले रु ६८७५००८ लागत अनुमान भएका ७ निर्माण कार्य गर्दा लागत अनुमान भन्दा ०.३९ घटि प्रतिशतमा प्रतिस्पर्धात्मक विधि नपनाइ निर्माण कार्य गराई भुक्तानी दिएको पाईयो । फरक फरक योजनाका लागी छुटै बजेट बिनियोजन भएको तथा भौगलिक रपमा एउटै ठेक्का लगाउन नसकेको कार्यालयले छलफलको क्रममा जनाएको छ । निर्माण कार्य गराउदा अधिक प्रतिस्पर्धात्मक तबरले गराउनु पर्दछ ।

| गो भौ न | कार्य | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता | घटि % | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ६४।८०।८।१४ | चिस्यानकेन्द्र ब्यवस्थापन | रानीढुङ्गा निर्माण सेवा | ९९६६१५ | ९९१८२९ | -०.५ | ९८९५१२ |
| ७२।८०।१०।२ | पोखरी पार्क निर्माण | हिमाल कन्ट्रक्सन | ९९७६८५ | ९९०५८९ | -०.७ | ६६२००९ |
| १२०।८०।१२।४ | वडा ६ खेल मैदान समेत कार्य | सेकनेदम बिल्डर्स प्रा.ली. | ९४८४२३ | ९४६८४९ | -०.२ | ९२४८९७ |
| १२१।८०।१२।४ | खानीडाडा बर्खेडाडा मोटरवाटो | ईमान कन्ट्रक्सन | ९९९७०८ | ९९६०७८ | -०.४ | ९८९९८५ |
| २६८।८१।३।२३ | दुवैचौर संखुवासभा रोड | के.के.कन्ट्रक्सन | ९७९६८७ | ९७२५८९ | -०.७ | ९७२५६० |
| ७०।८१।३।२२ संघ | माल्टा स्वास्थ्य चौकि निर्माण | लेलिन निर्माण सेवा | ९६५५८० | ९६४०५८ | -०.२ | ९६४०५८ |
| ७२।८१।३।२२ | तुम्लिङ्गटार स्वास्थ्य चौकि निर्माण | मुनाल कन्ट्रक्सन | ९८७३१० | ९८६१०० | -०.१ | ९८६१०० |
| | | | **६८७५००८** | **६८४८०९२** | **(०.३९)** | **६४८९१२१** |

१२८ **उपभोक्ता समितबाट धरौटि कट्टा नभएको:**

नगरपालिकाले उपभोक्ता समितिहरुबाट निर्माण काम गराउदाँ उपभोक्ता समितिसँग गरिएको सम्झौताको बुदाँ नं. १९ मा पाँच लाख भन्दा माथीका कार्यान्वयन हुने योजना तथा आयोजनामा ५ प्रतिशत धरौटी रकम कट्टा गरि राखिनेछ । उक्त रकम निर्माण कार्य सम्पन्न भएको १ वर्ष पछि मात्र भुक्तानि गरिने प्राबधान सम्झौतामा उल्लेख गरेको पाइयो । यसरि उपभोक्ता समितिबाट गरेको काममा त्रुटि देखिएमा समितिले मर्मत नगरेको खण्डमा कट्टा गरेको धरौटि रकमबाट मर्मत संभार गर्नुपर्ने हुन सक्ने भएकोले धरौटी कट्टा गर्नुपर्दछ । नमूना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले सम्झौतामा उल्लेख गरे अनुसार देहायका उपभोक्ता समितिलाई भुक्तानि दिदाँ रु.६८३२००।०० धरौटी कट्टा नगरि भुक्तानि दिएकोले सम्बन्धितबाट असुल गरि धरौटी खातामा दाखिला हुनुपर्ने रु....

| गो.भौ.नं. र मिति | भुक्तानि रकम | धरौटी रकम | उपभोक्ता समितिको नाम र काम |
|---|---|---|---|
| १०,२०।२०८०।२।२१ | १८९७९०६ | ९४८९५ | खाँदबारी रंगशाला मर्मत वडा नं. १ |
| ११।२०८१।२।३० | १९३८४८९ | ९६९२४ | खाँदबारी खेलमैदान स्तरोन्नति वडा नं. ७ |
| २६।२०८१।३।२३ | १३३०१३० | ६६५०६ | महेन्द्र मा.बि.खेल मैदान स्तरोन्नति |
| ४४।२०८१।२।२३ | १४५०९३५ | ७२५४६ | वडा नं. खेलकुद पूर्वाधार निर्माण |
| ५८,७९।२०८१।३।२३ | १४९२१४९ | ७४६०७ | चनौटे पाडहरे भूक्षय नियन्त्रण माल्टा |
| ९,१८।२०८१।२।१ | १९४०००० | ९७००० | हाइवे वसपार्क छेउबाट भेटनरीसम्म पि सि सि |
| २१।२०८१।३।३० | १३५१५६१ | ६७५७८ | भरत बस्नेतको घरदेखि पाठकगाउँ स्कुल सम्म सडक मर्मत |
| २२।२०८१।३।३० | १३५६५९७ | ६७८२९ | सिमलिधारा अर्चले रयले सडक पि.सि.सि. |
| १७,२३६,११३१।२०८१।३।२४ | ९०६३०२ | ४५३१५ | |
| जम्मा | १३६६४०६९ | ६८३२०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८३,२०० |

१२९ **शसर्तको कार्यक्रम फरक कार्य**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ९(२) मा नेपाल सरकारले योजना कार्यान्वयन गर्न शर्त तोकि योजना प्रदान गर्न सक्ने र सम्बन्धित प्रदेश स्थानीयतहले शर्तको पालना गर्नु पर्ने उल्लेख छ । संघिय सरकारको बार्षिक कार्यक्रम २०८०।८१मा संखुवासभा जिल्लाको खादबारी न.पा. १० कालिकादेवी थान देखि भदौरे ज.मा.वि. चन्दनपुर हुदै १० नं वडा कार्यालय सम्म कालोपत्रे ***(80104401511)*** योजनाका लागी रु ३० लाख बजेट बिनियोजन भई पालिकावाट उपभोक्ता समिति मार्फत ग्राभेल सोलिङ्ग ह्यूमपाईप माटो कटान जस्ता कार्य गर्ने गरी सम्झौता गरी ३५८१००५ को कार्यसम्पन्नका आधारमा उपभोक्ता समितिलाई २८६२५७७ भुक्तानी

भएको छ । संघिय सरकारवाट कालोपत्रे योजना स्विकृत भई आएकोमा योजना शंसोधन समेत नगरी फरक कार्यमा खर्च गरी भुक्तानी दिएको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २८,६२,५५७ |

१३० **सुरक्षित नागरिक आवास**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानि दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत लाभग्राहीहरुलाई रकम भुक्तानी दिएको मध्ये नमूना छनौटको आधारमा परिक्षण गर्दा निर्माण कामको अनुगमन गरेको नदेखिएको कारण सुरक्षित नागरिक आवास कार्यक्रम कार्यबिधि २०७५ तथा प्रचलित कानून बमोजिम निर्माण सम्पन्न भए भन्न सकिएन । यसरी नियममा व्यवस्था भए अनुसार लाभग्राहिहरुले यस कार्यक्रम अन्तर्गत आवास तयार गरि सो को रकम भुक्तानि गर्दा देहायका लाभग्राहिहरुले निर्माण सामाग्रि खरिद गरेको बिल बिजक तथा भरपाई पेश गरेको नदेखिएको रु....

| ब.उ.शि.नं. | भौ.नं.।मिति | खर्चरकम | विलमर्पाई पेश नभएको लाभग्राही नाम | वडा नं | भुक्तानीरकम |
|---|---|---|---|---|---|
| संघिय पूँजिगत | ६।०८०/६/३० | ४००००० | खडग व वि. | १० | ५०००० |
| | | | जय व.श्रेष्ठ | १० | ५०००० |
| | | | धनकुमारीराई | ८ | ५०००० |
| | | | मधुमायादमाई | १० | ५०००० |
| | | | लाल बवि.क. | १० | ५०००० |
| | | | सिता देवीवि.क | १० | ५०००० |
| संघिय पूँजिगत | १४। ०८०/८/२७ | २२५००० | कृष्णकुमारी थापा | १० | २५००० |
| | | | जानुकादाहाल | ८ | ५०००० |
| | | | टिकामगर | ३ | २५००० |
| | | | देवी राई | १० | २५००० |
| संघिय पूँजिगत | २१। ०८०/१०/१६ | १७५००० | जुनुविश्वकर्मा | ९ | ५०००० |
| | | | दिलकुमारीदर्जी | ९ | ५०००० |
| | | | प्रदिपदर्जी | ९ | ५०००० |
| | | | सोम वहादुरकुमाल | ९ | ५०००० |
| संघिय पूँजिगत | ४५। ०८१/२/२७ | ५०००० | अम्वर वराझ | ११ | ४९२५० |
| संघिय पूँजिगत | ५४। ०८१/२/२३ | १००००० | खडग व खाती | ५ | ४९२५० |
| | | | चन्द्र कलातामाङ् | १० | ४९२५० |
| संघिय पूँजिगत | ६१। २०८१/०३/२० | ५७५००० | पेमासेर्पा | ४ | ४९२५० |
| | | | धाम जुनराई | ४ | ४९२५० |
| | | | नविन राना | ६ | २४६२५ |
| | | | यज्ञमायाश्रेष्ठ | ९ | ४९२५० |
| | | | दिलिपमगर | ९ | ४९२५० |
| | | | लिला देविश्रेष्ठ | ९ | ४९२५० |
| | | | टेक वहादुरश्रेष्ठ | ९ | ४९२५० |
| | | | गंगा गुरूङ | १० | ४९२५० |
| | | | कला थपलिया | १० | ४९२५० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | थुममायाथापा | १० | ४९२५० |
| | | | गोलेगुरुङ् | ११ | ४९२५० |
| | | | हिरालालराई | ११ | ४९२५० |
| संघिय पूँजिगत | ६४। ०८१/३/२० | ५५०००० | कृष्णवहादुर तामाङ | ५ | ४९२५० |
| | | | मनोज राई | ८ | ४९२५० |
| | | | शुर्यराजकटुवाल | ८ | ४९२५० |
| | | | सिता देवीथापा | ५ | ४९२५० |
| संघिय पूँजिगत | ६८। ०८०१/३/२१ | २५०००० | जस वहादुरगुरुङ् | ४ | ४९२५० |
| | | | यम कुमारवि.क. | ४ | ४९२५० |
| न.पा.पूँजिगत | २३७। ०८१/३/२३ | ४००००० | दुर्गाकटुवाल | ८ | ४९२५० |
| | | | विमला राई | ८ | ४९२५० |
| | | | सारदातामाङ | ८ | ४९२५० |
| जम्मा | | २७२५००० | | | १७८२३७५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,८२,३७५ |

१३१ **सामाग्रि बितरण :**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानि दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । देहाय अनुसारका सामानहरु अपाङ्गता भएका ब्यक्तिहरुलाई बितरण गर्न खरिद गरेकोमा बितरण नभइ बाँकि देखिएकोले बितरण गरेको भरपाइ पेश हुनुपर्ने रु.....

| **गो.भौ.नं.र मिति** | **रकम** | **बिबरण** | **खरिद संख्या** | **बितरण संख्या** | **बितरण गर्न बाँकि** | **रकम** |
|---|---|---|---|---|---|---|
| ४।२०८०।८।२४ | ५५०००० | अपाङ्गता दिबस खर्च मध्ये ज्याकेट खरिदमा रु.४९४९८।०० | ५७ | २७ | ३० | २६०५१ |
| ३८।२०८१।३।२३ | ९६००० | वाल्कर समेत ११ आइटम ३७ थान | ३५ | ० | ३५ | ९६००० |
| | | **जम्मा** | | | | **१२२०५१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२२,०५१ |

१३२ **वन क्षेत्रमा निर्माण कार्य**

कोशि प्रदेश वन नियमावली २०८० को नियम १४ मा स्थानीयतहले वन क्षेत्रमा प्रयापर्यटन कार्यक्रम संचालन गर्दा प्रदेश वन निर्देशनालयवाट स्विकृती लिनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले ढोलबाजे सामुदायिक बनमा फुटट्रेल निर्माण कार्य गराई निर्माण उपभोक्ता समितिलाई गो भौ न २७७।८१।३।२४वाट रु २०४११३०को कार्य सम्पन्नको आधारमा रु १८०१६०० भुक्तानी दिएको पाईयो ।पालिकाले फुटट्रेल निर्माण उपभोक्ता समितिमार्फत सामुदायिक वन क्षेत्रमा १५५.०७ घमि माटो खन्ने, ४०.९० सोलिङ्ग,ढुङ्गाको

पर्खाल १५५.२५ घ मि तथा ३८.६४ घ मि. पि.सि.सि ढलानको कार्य गरी खर्च लेखेको सम्बन्धित वन निर्देशनालय तथा डिभिजन वन कार्यालयवाट स्विकृति लिएको पाईएन । अत सामुदायिक वन क्षेत्रमा नियमावलीको व्यवस्था अनससार स्विकृति नलिई ढलान कार्य समेत गरी खर्च लेखेको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १८,०१,६०० |

१३३ **अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम:**

१३३.१ नगरपालिका भित्र अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम संचालन गर्नको लागि खाँदबारी न.पा.र करुणा फाउण्डेशन नेपाल बिच मिति २०७७।४।९ गते सम्झौता भई ३ वर्ष लागत साझेदारीमा बिभिन्न कार्यक्रमहरु संचालन गरेकोमा उक्त अबधि समाप्त पश्चात यस आर्थिक बर्ष २०८०।८१ को लागि मिति २०८० साल भदौ महिनामा उक्त संस्थाको प्राबिधिक सहयोग हुने गरि पालिकाले रु.११७०४००।०० र प्रदेश सरकारले रु.८०००००।०० समेत कुल बजेट रु.१९७००००।०० बाट बिभिन्न कृयाकलापहरु संचालन गरि रु.१६२४३५५।०० खर्च भएको पाईयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन ।

१३३.२ **अनुगमन भत्ता भुक्तानि:** कोशि प्रदेश गाउँ तथा नगरसभाका सदस्यहरुको सुबिधा सम्बन्धि ऐन,२०७५ को अनूसुचि १ (ख) मा पदाधिकारीहरुलाइ मासिक अनुगमन भत्ताको ब्यवस्था छ । त्यस्तै भ्रमण खर्च नियमावली,२०६४ को नियम ७ को उपनियम ३ मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कने गरि सरकारी काममा काज खटी जाने पदाधिकारी वा कर्मचारीले नियम बमोजिम भ्रमण खर्च र दैनिक भत्ताको २५ प्रतिशत खाजा खर्च बापत पाउने उल्लेख गरेको छ । यसरि उल्लेखित ऐन तथा नियमानुसार नगरपालिका मूकाम क्षेत्रमा भएका तालिम,गोष्ठि लगायतका कार्यक्रमहरुमा अनुगमन भत्ता भुक्तानि दिन मिल्ने देखिदैन । नगरपालिका एरियामा अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम अन्गार्तका तालिम कार्यक्रममा देहाय पदाधिकारी तथा कर्मचारीहरुलाइ अनुगमन भत्ता भुक्तानि दिएको देखिएकोले सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्ने रु...

| **कार्यक्रमको नाम र स्थान** | **गो.भौ.नं. र मिति** | **खर्च रकम** | **अनुगमन भत्ता (कर कट्टा गरि)** |
|---|---|---|---|
| मुढा बनाउने तालिम मिति २०८०।१२।२० देखि २९ सम्म,स्थान:टुडिखेल शिखरपुर तालिम हल (कर्मचारी र पदाधिकारी ४ जना) | १६। २०८१। १।२४ | १०४६३० | ५१०० |
| माला बनाउने सिपमूलक तालिम मिति २०८१।२।१७ देखि २३ सम्म, स्थान:पालिका सभा हल (कर्मचारी र पदाधिकारी ४ जना) | ३२। २०८१। ३।१४ | ११८४०५ | ५१०० |
| **जम्मा** | | | **१०२००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२०० |

१३३.३ तालिममा आवास खर्च : नगरपालिका तालिम,गोष्ठि,सेमिनार,अन्तरकृया,कार्यशाला संचालन मापदण्ड र सम्बन्धी निर्देशिका, २०७६ को बुदाँ नं.१५ मा बास बस्नुपर्ने गरि आवासिय तालिम संचालन गर्दा आवास वापत प्रति ब्यक्ति रु.१०००।०० का दरले खर्च लेखांकन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाल अर्थ मन्त्रालय तथा प्रदेश कार्यसंचालन निर्देशिकामा भएको प्रशिक्षक भत्ता,खाजा,खाना लगायतमा भन्दा बढि दररेटले निर्देशिका बनाएको देखिएकोले सो निर्देशिका अन्य सरकारको भन्दा बढि नहुने गरि आवाश्यक संशोधन गर्नुपर्दछ । पालिकाको वडा नं. १० मा मिति २०८१।२।२१ गते र वडा नं. ११ मा मिति २०८१।२।२० गते अपाङ्गता शिविर संचालन गरेको र ति शिविर आवासिय नभइ एक दिने भएको अवस्थामा समेत सिरिसे किरान पसल खाँदबारीको बिल ११ मिति २०८१।२।२२ गते खाजा खाना बाहेक आवास खर्च १२ जनाको रु.१२०००।०० र सुशांख्य होटल एण्ड लज खाँदबारी वडा नं. ३ मानेभञ्ज्याङ्को

बिल ८८ मिति २०८१।२।२१ बाट आवास खर्च ८ जनाको रु.८०००।०० समेतका बिल बिजकको आधारमा खेमराज निरौलाको पेश्कि रु.१५००००।०० फछ्र्यौट गरि बाँकि रकम सोधभर्ना गो.भौ.नं.३७।२०८१।३।२३ बाट रु.१७८२००।०० खर्च लेखांकन गरेको पाइयो । तसर्थ निर्देशिका अनुसार आवासिय तालिम नभएकोमा आवास वापत खर्च भएको रु.२००००।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.........

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

१३४ **विपद ब्यबस्थापन कोष:**

१३४.१ नगरपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि,२०७५ को बुदाँ नं. ४ मा कोषबाट खर्च गर्नको लागि विपद् जोखिम व्यवस्थापन समितिले निर्धारण गरे पश्चात खर्च गर्नुपर्ने यसरि खर्च गर्दा कार्यबिधिको बुदाँ नं. ४ मा उल्लेखित विपदबाट पिडित तथा प्रभावित ब्यक्ति,समुदायको लागि उद्धार,अस्थायि आवास,भरण पोषण,देहावसान भएका ब्यक्तिको काजकिरया एवम आर्थिक सहायता लगायतमा खर्च गर्न सकिने तथा कार्यबिधिको बुदाँ नं. ५ मा कुनै कर्मचारीलाई पारिश्रमिक वा सुबिधा नियमित रुपमा,भ्रमण खर्च वा त्यस्तै प्रकारको खर्च,कसैलाई चन्दा पुरस्कार प्रदान गर्न र प्रकोपसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता प्रदान गर्न नसकिने प्रावधान राखेको पाइयो । यस कोषमा गत वर्षको मौज्दात रु.५४०४३७।०० रहेकोमा यस बर्ष रु.१५०००००।०० गरि जम्मा आम्दानि रु.२०४०४३७।०० भइ आम्दानी रकम सम्पुर्ण रु.२०४०४३७।०० खर्च गरि मौज्दात शुन्य बनाएको पाइयो । विपद्सँग असम्बन्धित काममा समेत खर्च गरि कोष शुन्य मौज्दात गराएकोले नगरपालिका भित्र भैपरि रुपमा आइपर्ने विपद् तथा समस्याको तत्काल रुपमा सहयोग गर्नको लागि स्थापना गरिएको कोषमा रकम शुन्य बनाउनु उचित देखिएन । तर पालिकाले खर्च गर्दा विपद् जोखिम व्यवस्थापन समितिले निर्धारण नगरि खर्च गरेको पाइएको यस कोषबाट खर्च गर्दा निर्देशिका तथा कार्यबिधिको पालना गर्नु गराउनु पर्दछ । कोषबाट विपद् सँग असम्बन्धित निर्माणको काम,अनुगमनको खाजा खर्च,औषधि खरिद,पाइप खरिद जस्ता शिर्षकमा खर्च गरेकोले ति खर्च विपद्सँग सम्बन्धित भएको पुष्टि नहुने हुदाँ यस प्रकारको खर्चमा सुधार गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन ।

१३४.२ कोषबाट भवन निर्माण: नगरपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि,२०७५ को बुदाँ नं. ४ मा कोषबाट खर्च गर्न विपदबाट पिडित तथा प्रभावित ब्यक्ति,समुदायको लागि उद्धार,अस्थायि आवास,भरण पोषण,देहावसान भएका ब्यक्तिको काजकिरया एवम आर्थिक सहायता लगायतमा खर्च गर्न सकिने उल्लेख छ । यसरि पालिकाले बार्षिक रुपमा बजेट बिनियोजन गरि योजनाको रुपमा भवन निर्माण गर्नुपर्नेमा कार्यबिधि बिपरित कालिका मा.बि.नयाँ भवनको भूइतलाको स्ल्याब ढलानको काम उपभोक्ता समितिबाट गराइ गो.भौ.नं.१७,१८६,११३१।२०८१।३।२४ बाट रु.९०६३०२।०० भुक्तानि दिएको नियमसम्मत नभएको रु......

| | |
|---|---|
| अनियमित भएको | ९,०६,३०२ |

१३४.३ **कोषबाट अनुगमनको खाजामा खर्च:** नगरपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि,२०७५ को बुदाँ नं. ५ मा कुनै कर्मचारीलाई पारिश्रमिक वा सुबिधा नियमित रुपमा,भ्रमण खर्च वा त्यस्तै प्रकारको खर्च,कसैलाई चन्दा पुरस्कार प्रदान गर्न र प्रकोपसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता प्रदान गर्न नसकिने प्रावधान रहेको छ । नगरपालिकाले योजना तथा वडा कार्यालयको अनुगमन गर्दाको खाजा खर्च वापत गोकुल खनाललाइ सोधभर्ना वापत गो.भौ.नं.१५।२०८१।३।२२ बाट रु.२३५००।०० खर्च लेखांकन गरेको देखिएकोले विपद् निर्देशिका तथा कार्यबिधि अनुसार बिपद् सँग असम्बन्धित खाजा खर्च गर्न मिल्ने नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २३,५०० |

१३४.४ **भुक्तानि बाँकि दायित्व बढि सिर्जना गरेको:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ मा स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति वा फर्मसँग भएको सम्झौता बमोजिमको रकम भुक्तानि गर्न चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा म ले प फा नं २२१ मा भुक्तानि बाँकिको बिबरण

प्रमाणित गराइ दायित्व सिर्जना गरि मात्र भुक्तानि दिन सकिने व्यवस्था रहेको छ । नगरपालिकाले कालिका मा.बि.नयाँ भवनको भूइतलाको स्ल्याब ढलानको काम उपभोक्ता समितिबाट गराइ प्राबिधिक मूल्यांकन रु.१००८१८६।०० भइ उपभोक्ता समितिको योगदान १०.११ प्रतिशतले हुने रकम कट्टा गो.भौ.नं.१७,१८६,११३१।२०८१।३।२४ बाट रु.९०६३०२।०० भुक्तानि दिएकोले उक्त उपभोक्ता समितिलाइ भुक्तानि दिन बाँकि नदेखिएकोमा नगरपालिकाले आर्थिक वर्ष २०८१।८२ को लागि दायित्वको बिबरणमा सो उपभोक्ता समितिलाइ रु.६०७२४।०० समाबेश गरि राखेको देखिएकोले भुक्तानि दिन मिल्ने देखिदैन ।

१३४.५ **पाइप बितरण वडाध्यक्षहरु मार्फत:** नगरपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि,२०७५ को बुदाँ नं. ४ मा कोषबाट खर्च गर्न विपदबाट पिडित तथा प्रभावित ब्यक्ति,समुदायको लागि उद्धार,अस्थायि आवास,भरण पोषण,देहावसान भएका ब्यक्तिको काजकिरया एवम आर्थिक सहायता लगायतमा खर्च गर्न सकिने उल्लेख छ । नगरपालिकाले पाइप खरिद सोझै खरिद गरी देहाय अनुसारका वडाध्यक्षहरुलाइ दिएको देखिन्छ । विपदका लागि खरिद भएको भएता पनि अन्य कार्यमा समेत पाइप विरतरण हुन सक्ने हुदाँ सो कार्यमा नियन्त्रण गरि पाइप विपद् व्यवस्थापन गर्ने कार्यमा मात्र प्रयोग हुनुपर्दछ । तसर्थ गो.भौ.नं.१३।२०८१।३।२१ बाट रु.९९५२९३।०० बराबरको पाइप खरिद गरि वडाध्यक्षहरुलाई बितरण गर्न दिएका पाइपहरु विपद् वाट बास्तबिक पिडितहरुलाई बितरण गरि सो प्रयोग भएको सुनिश्चित हुने प्राबिधिक तथा अनुगमन प्रतिबेदन सहित बितरणको भरपाइ पेश हुनुपर्ने रु......

| सि.नं. | नाम | पद | विवरण | परिमाण | ईकाई | दर | जम्मा मुल्य |
|---|---|---|---|---|---|---|---|
| १ | बेद बहादुर चौहान | वडा नं १० अध्यक्ष | HDPE Pipe 90 mm Pn 16 | 40 | r.m | 896 | 35,840.00 |
| | | | HDPE Pipe 63 mm Pn 16 | 50 | r.m | 436 | 21,800.00 |
| | | | मू.अ.कर समेत | | | | 65,133.00 |
| २ | अनिल राई | वडा नं ११ अध्यक्ष | HDPE Pipe 90 mm Pn 16 | 40 | r.m | 896 | 35,840.00 |
| | | | HDPE Pipe 63 mm Pn 16 | 50 | r.m | 436 | 21,800.00 |
| | | | HDPE Pipe 110 mm Pn 16 | 75 | r.m | 1329 | 99,675.00 |
| | | | मू.अ.कर समेत | | | | १७७७६६ |
| ३ | निरन्जन श्रेष्ठ | वडा नं १ अध्यक्ष | HDPE Pipe 90 mm Pn 16 | 25 | r.m | 896 | 22,400.00 |
| | | | मू.अ.कर समेत | | | | २५३१२ |
| ४ | योगेन्द्र थापा | वडा नं २ अध्यक्ष | HDPE Pipe 90 mm Pn 16 | 25 | r.m | 896 | 22,400.00 |
| | | | HDPE Pipe 110 mm Pn 16 | 40 | r.m | 1329 | 53,160.00 |
| | | | मू.अ.कर समेत | | | | ८५३८३ |
| ५ | अर्जुन तामाङ | वडा नं ६ अध्यक्ष | HDPE Pipe 90 mm Pn 16 | 40 | r.m | 896 | 35,840.00 |
| | | | HDPE | 42 | r.m | 436 | 18,312.00 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | Pipe 63 mm Pn 16 | | | | |
| | | | HDPE Pipe 110 mm Pn 16 | 50 | r.m | 1329 | 66,450.00 |
| | | | मू.अ.कर समेत | | | | १३६२८० |
| ६ | टंक बहाडुर घिमिरे | वडा नं ५ अध्यक्ष | HDPE Pipe 90 mm Pn 16 | 50 | r.m | 896 | 44,800.00 |
| | | | HDPE Pipe 63 mm Pn 16 | 57 | r.m | 436 | 24,852.00 |
| | | | HDPE Pipe 110 mm Pn 16 | 40 | r.m | 1329 | 53,160.00 |
| | | | मू.अ.कर समेत | | | | १३८७७८ |
| ७ | पवित्रा गुरुङ | वडा नं ४ का.वा अध्यक्ष | HDPE Pipe 90 mm Pn 16 | 40 | r.m | 896 | 35,840.00 |
| | | | HDPE Pipe 63 mm Pn 16 | 42 | r.m | 436 | 18,312.00 |
| | | | HDPE Pipe 110 mm Pn 16 | 50 | r.m | 1329 | 66,450.00 |
| | | | मू.अ.कर समेत | | | | १३६२८० |
| ८ | भरत घिमिरे | वडा नं ३ अध्यक्ष | HDPE Pipe 90 mm Pn 16 | 30 | r.m | 896 | 26,880.00 |
| | | | HDPE Pipe 63 mm Pn 16 | 30 | r.m | 436 | 13,080.00 |
| | | | HDPE Pipe 110 mm Pn 16 | 35 | r.m | 1329 | 46,515.00 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | मू.अ.कर समेत | | | | ९७७१६ |
| ९ | देव वहादुर पुवार मगर | वडा नं ७ अध्यक्ष | HDPE Pipe 90 mm Pn 16 | 41 | r.m | 896 | 36,736.00 |
| | | | HDPE Pipe 63 mm Pn 16 | 60 | r.m | 436 | 26,160.00 |
| | | | मू.अ.कर समेत | | | | ७१०७२ |
| १० | डम्बर बहाडुर कटुवाल | वडा नं ८ अध्यक्ष | HDPE Pipe 110 mm Pn 16 | ४१ | r.m | 1329 | 54,489.00 |
| | | | मू.अ.कर समेत | | | | ६१५७३ |
| | | | कुल जम्मा | | | | 995,293.00 |

**(विस्तृत विवरण बेरूजु दफा १३४.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९३,२९३ |

१३५ **कडा चट्टान काट्ने दर**

सडक विभागको स्विकृत अर्थवर्कको नर्म्स २०७५ को सेक्सन ९०० सि न ९.१(**IV, A**) मा कडा चट्टान खन्ने काममा चट्टान प्रयोग गर्न सकिने अवस्थामा ५० प्रतिशत प्रयोग गर्नुपर्ने उल्लेख गरेको छ। कार्यालयले खानीडाडा बर्खेडाडा मोटर बाटो निर्माण कार्यका लागी लागत अनमान तयार गर्दा १०६.८८ घ.मि हार्डरक कटिङ्गको दर प्रति घ.मि रु १४०० को दरविश्लेषण गरेको छ । सोहि कार्यमा ५८.७४ घ.मि सोलिङ्गको कार्य हुने ईस्टिमेट भएकोमा कडा चट्टान काट्ने दर गणना गर्दा नर्म्स बमोजिम प्रति घन मिटरमा ०.५ घ मि ढुङ्गाको मुल्य घटाउनु पर्नेमा नघटाएको कारण उत्खन्न भएको परिमाणको ५० प्रतिशत (५३.४४ घमि*१३६५)ढुङ्गाको मुल्य रु ७२९४५ बढि लागत अनुमान तयार भएको छ । निर्माण कार्यको लागत अनुमान रु ९९७७०८ का आधारमा निर्माण व्यवसायी ईमान कन्ट्रक्सनले कबोल गरेको रु ९९६०७८(लागत अनुमानको तुलानामा ०.४%) घटिमा सम्झौता भई गो भौ न १२१।८०।१२।१४ वाट भुक्तानी भएकोले फरक लागत अनुमानका आधारमा कार्यगराई बढि ब्ययभार पारेको(रु ७२९४५-०.४%) रु.७२६५३ अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७२,६५३ |

१३६ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने र यस्तो निवेदन २१ दिन अगाबै दिनु पर्ने व्यवस्था छ । यसै गरी निर्माण व्यवसायीको कारण अवधि थप गर्नु पर्ने नियमावली १२१ पुर्वनिर्धारित क्षतिपुर्ति लिई म्याद थप गर्न सकिने व्यवस्था छ ।थालेडाडा लिफटिङ् खानेपानी योजन निर्माण कार्यका लागी २०८०।२।३० सम्म कार्य सम्पन्न गर्ने गरी कश्मिक सोलुसन प्र.लि. सँग मिति २०७९।२।१६ मा रु ७६५३५७१ को सम्झौता भएकोमा निर्माण व्यवसायीवाट समयमा कार्य सम्पन्न नगरी मिति २०८०।२।२२ मा २०८०।४।३२ सम्म अवधि थपको माग निवेदन पेश गरेको छ । तर कार्यपालिकोको मिति ८०।४।३१ को निर्णयवाट ढिलाई हुनुको कारण र निर्माण व्यवसायीको प्रयासको प्रयाप्त विश्लेषण वेगर हर्जना नलिई निर्माण कार्यको अवधि २०८०।८।समान्त सम्म थप गरेको आधारमा मिति २०८०।८।३० मा रु ७३३९३५९ को कार्य सम्पन्न भएको छ । निर्माण व्यवसायीले प्रयाप्त प्रयासका वाबजुत पुर्व

अनुमान गर्न नसकिने कारणवाट म्याद थप गर्नु पर्ने भएमा वास्तविक ढिलाई भएको अवधि र कारण विश्लेषण गरी हर्जाना समेत लिएर मात्र म्याद थप गर्नु पर्दछ ।

### १३७ परामर्श सेवा

सार्वजनिक खरिद ऐन 2063 को नियम 8.9 मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले निम्न २ कार्यका लागी खर्च गरेको छ। यसरी बिस्तृत ईन्जिनिईरिङ् अध्ययन कार्य गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता परामर्शदाता सेवा खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ।

| गो भौ न | परामर्शदाता | कार्य | लागत अनुमान | खरिद बिधि | अध्ययन वाट निर्धारीत लागत | आ व ८१।८२ मा बिनीयोजित बजेट | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| ४३।८०।६।२२ | सि.एम. छिन्नमस्ता कन्ट्रक्सन एण्ड कन्सल्टेन्सी | ३०कि.मि फुटरेल DER | १२६१६२७ | मौजुदा सुची | २३०४८२२७५ | ० | १२४९७८० |
| १०७।८०।११।१७ | फाईन डिजाईन एशोसियट | सभाहल DER | ८५९९१५ | RFT | ११९७३८६३९ | ० | ८५८००० |
| | | | | | | | |

**क)** कार्यालयले दुबै अध्ययन कार्य गराउनु अघि पालिकाको आवस्यक्ता अनुसार सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२(२ख) अनुसार कार्यक्षेत्रगत शर्त तयार गरेको छैन । कार्यक्षेत्रगत शर्त तयार नगरेको कारण कार्यालयको आवस्यक्ता यकिन नगरि परामर्शदातावाट आएको प्रतिवेदन स्विकार गरी गो भौ न १०७।८०।११।१७वाट फाईन डिजाईन एशोसियट रु ८५८००० तथा ४३।६।२२ वाट सिएम छिन्नमस्ता कन्सल्टेन्सीलाई रु १२४९७८० भुक्तानी भएको छ ।

**ख)** खादवारी नगरपालिका फुट ट्रेल अध्ययन कार्यका लागी परामार्श सेवाको लागत अनुमान तयार गर्दा नेपाल सरकार भौत्तिक पुर्वाधार मन्त्रालय सडक विभागवाट सडक फिजिवलिटी अध्ययनका लागी प्रयोग हुने नर्म्सका आधारमा प्रति १० कि.मिका लागि टोलि प्रमुख १ महिना,समाजशास्त्री ०.५३(करिब १५ दिन) महिना सर्भेयर ०.६९महिना(करिब २१ दिन) ईन्पुट रहने समेतको आधार लिई ३० कि.मि का लागी रु १२६१६२७ को लागत अनुमान तयार गरेको छ ।तर परामर्श दातावाट सम्झौता भएको मिति २०८०।६।९ वाट १३ दिन २०८०।६।२२ मा कार्यसम्पन्न पश्चात अन्तिम भुक्तानी लिएकोले कार्यालयले तयार गरेको लागत अनुमान यथार्तपरक देखिएन।

**ग)** कार्यालयले लागत अनुमानका लागी लिएको फिजिविलटी अध्ययनको Scope of work अन्तर्गत सामाजिक आर्थिक अध्ययनमा जनसाङ्खिक सुचना,Land use pattern, Health & Education Facilities , तथा Selection of Feasible option of Road अन्तर्गत बैकल्पिक alignment, typical cross section to compare alternative, cost benefits analysis of alternative उल्लेख भएकोमा परामर्शदाताले पेश गरेको प्रतिवेदनमा बैकल्पिक एलाईमेन्ट र लाभलागत बिश्लेषण नभएको, जनसाङ्खिक,स्वास्थ्य शिक्षा सुविधा उल्लेख नभएकोले परामार्शदातावाट उपर्युक्त प्रतिवेदन पेश भएको छ भन्ने आधार देखिएन ।

सम्झौताहरुमा ३ प्रति मुख्य प्रतिवेदन,ड्रईङ्ग र abstract of cost समेत बुझाउनु पर्ने उल्लेख भएकोमा कार्यालयको जिन्सी खातामा १ प्रति मात्र आम्दानी जनाएको पाईएकोले सम्झौता अनुसारको प्रतिवेदन प्रति बुझाएको देखिएन ।

### १३८ सुचना प्रकाशनमा छुट

गोरखापत्रसंस्थानले मितिर२०७०।०४।२३मा संस्थानका सवैप्रकाशनहरु बाट प्रकाशित हुने सूचना तथा विज्ञापनहरु मासरकारीको हकमा २५ प्रतिशत छुट दिने गरेको र अन्यपत्रिकाहरु ले समेत सो अनुसारनै छुट दिने गरेको देखिन्छ।नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले प्रकाशित गरेको सूचना तथा विज्ञापनहरुमा २५ प्रतिशतले छुटलिएको देखिएन।कार्यालयले निम्नाअनुसार सुचना प्रकाशन गरेकोमा २५प्रतिशत रकम छुट नलिएकोले बढि खर्च भएको देखिन्छ । विज्ञापनप्रकाशन कार्यलाई प्रतिस्पर्धि र मितव्ययी बनाई खरिद गर्नु पर्दछ ।

| **गो भौ न** | **भुक्तानी पाउने** | **प्रकाशक** | **मिति** | **भुक्तानी** | **लिएको छुट प्रतिशत** |
|---|---|---|---|---|---|
| ३८।८०।६।५ | त्रिरत्न संचार गृह | मध्यान्ह दैनिक | ८०।६।३ | २०१७०५ | १५ |
| ५३।७।१९ | त्रिरत्न संचार गृह | हिमालय टाईम्स | ८०।७।१४ | २०१७०५ | १५ |
| | | | | | |

१३९ **खर्च मितव्ययिता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमाआवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । पालिकाको आन्तरिक आय रु २,२०,३१,००८मात्र रहेको अवस्थामा पालिकाले यस वर्ष निम्न बमोजिम खर्च समानिकरण अनुदान र राजश्वबाडफाँट बाट प्राप्त भएको रकमवाट देहाय बमोजिम खर्च लेखेको छ ।

| विवरण | खर्च रु |
|---|---|
| कर्मचारीकोबैठक भत्ता | १३,२१,६०० |
| कर्मचारीप्रोत्साहन तथा पुरस्कार | २,४५,८२२ |
| अन्यभत्ता | २,१६,४८० |
| पदाधिकारीबैठक भत्ता | १७,९१,८५० |
| पानीतथा बिजुली | १३,६९,८४५ |
| संचारमहसुल | २४,६८,१०३ |
| इन्धन (पदाधिकारी) | १२,२५,३४९ |
| इन्धन (कार्यालय प्रयोजन) | १६,२३,५४५ |
| सवारीसाधन मर्मत खर्च | २४,६६,९४६ |
| मेशिनरीतथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३०,३१,७९६ |
| मसलन्दतथा कार्यालय सामाग्री | ९०,७४,९७९ |
| पुस्तकतथा सामग्री खर्च | ४,१२,८७६ |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १३,५५,५३७ |
| कर्मचारीतालिम खर्च | १,१८,१६० |
| अनुगमन, मूल्यांकन खर्च | १७,८०,०६५ |
| भ्रमणखर्च | १४,०६,८१८ |
| विविधखर्च | ४६,७५,१८८ |
| सभासञ्चालन खर्च | १०,९९,५८० |
| सवारीसाधन तथा मेशिनर औजार भाडा | ३,९८,५०० |

ü अनुगमन मुल्याङ्कन भ्रमण खर्च र अन्य भ्रमण खर्च शिर्षकवाट पदाधिकारी कर्मचारीको भ्रमण खर्च लेख्दा भ्रमण अभिलेख नराखी तथा भ्रमणको स्पस्ट उदेश्य वेगर कतिपय पालिका क्षेत्र भित्रै भ्रमण तथा अनुगमन गरेको आधारमा भ्रमण खर्च लेखेको पाईयो भने भ्रमण गर्ने पदाधिकारी कर्मचारीवाट भ्रमण प्रतिवेदन समेत पेश भएको छैन ।

ü मर्मत आदेश तथा अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन ।

ü सवारी लगबुक नराखी ईन्धन खर्च लेखेको छ ।

ü निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो ।

ü विविध खर्चको प्रयोजन नखुलेको आवस्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो ।सवारीलग बुक बेगर ईन्धन खर्च गरेको पाईयो ।

ü पुस्तक तथा सामग्री खर्च र पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च लेख्दा छुट नलिएको तथा पर्तिस्पर्धात्मक तवरले नगरी खर्च गरेको छ ।

कार्यालय सामाग्री तथा मसलन्द खर्च गर्दा कार्यालयको आवस्यक्ता आंकलन गरी बार्षिक खरिद योजनाका आधारमा प्रतिस्पर्धात्मक बिधिवाट खरिद गर्नु पर्नेमा सो गरेको पाईएन ।

१४० **पेश्कि बाँकि**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाको हाल सम्म मोबिलाईजेशन पेश्कि रु ९२९९५२२ पदाधिकारी रु ५०००००० कर्मचारी १८८९९९० संस्थागत ४७४०००० समेत रु १६१७९५१२ रहेको छ ।जस जस मध्ये म्याद नाघेको गत बर्ष बेरुजु कायम भएको तथा निर्माण व्यवसायीको बैक जमानतको मान्य अवधि रहेको तर सुत्रमा म्याद नाघेको उल्लेख भएको रकम लगति बेरुजुमा समावेश नगरिएको बाहेक निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.१५२०००० बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु

| क्र.सं. | पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ती, फर्म वाकम्पनीको नाम | चालु आ. व. | | |
|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | | म्याद नाघेको |
| | | | रकम | फछ्यौंटको अन्तिमम्याद | |
| १ | २०८०/१०/०४ | भरत कुमारघिमिरे | ० | २०८०/११/१० | २,५०,००० |
| १५ | २०८०/१०/०२ | बुद्धिबहादुर घिमिरे ३ नं. वडा सचिव | ० | २०८०/११/०८ | ३०,००० |
| १६ | २०८०/१०/०२ | बुद्धिबहादुर घिमिरे ३ नं. वडा सचिव | ० | २०८०/११/०८ | ७५,००० |
| १७ | २०८०/१०/०२ | बुद्धिबहादुर घिमिरे ३ नं. वडा सचिव | ० | २०८०/११/०८ | १०,००० |
| १८ | २०८०/१०/०२ | बुद्धिबहादुर घिमिरे ३ नं. वडा सचिव | ० | २०८०/११/०८ | ५०,००० |
| १९ | २०८०/१०/०२ | बुद्धिबहादुर घिमिरे ३ नं. वडा सचिव | ० | २०८०/११/०८ | ३०,००० |
| २० | २०८०/१०/०२ | बुद्धिबहादुर घिमिरे ३ नं. वडा सचिव | ० | २०८०/११/०८ | ५,००० |
| २१ | २०८१/०१/०३ | बुद्धिबहादुर घिमिरे | ० | २०८१/०२/०७ | १,००,००० |
| २२ | २०८१/०२/२८ | रमेश शंकर | ० | २०८१/०३/३१ | ३०,००० |
| ३ | २०८१/०३/११ | शेयरइन्जिनियरिङग एण्ड बिल्डर्स प्रा.लि | ० | २०८१/०३/२४ | ६,२५,००० |
| ७ | २०८०/०७/१९ | अरुणउपत्यका सामुदायिक विकास क्लव | ० | २०८०/०८/२४ | १,८०,००० |
| ८ | २०८०/१२/२७ | जिल्लाफुटवल संघ संखुवासभा | ० | २०८१/०२/०१ | २०,००० |
| ९ | २०८१/०२/३० | लोहारुङ्गराई समाज संखुवासभा | | २०८१/ | १,००,००० |
| कुल जम्मा | | | | | १५,२०,००० |

पालिकाको कुल पेश्कि बाँकिको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. | | | गत आ. व.सम्मको | | | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | | म्याद नाघेको | म्याद ननाघेको | | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| | | | रकम | फछ्र्योटको अन्तिम म्याद | | रकम | फछ्र्योटको अन्तिम म्याद | | | | |
| १ | पदाधिकारी | | | | | | | | | | |
| १ | १०/०४/२०८० | भरत कुमार घिमिरे | ० | ११/१०/२०८० | २,५०,००० | ० | | ० | ० | २,५०,००० | २,५० |
| १ | ०४/०१/२०८० | उपेन्द्र तामाङ | ० | | ० | ० | ०३/३१/२०८१ | १२५०० | ० | १२,५०० | |
| २ | ०४/०१/२०८० | गणेश श्रेष्ठ | ० | | ० | ० | ०३/३१/२०८१ | ३०००० | ० | ३०,००० | |
| ३ | ०४/०१/२०८० | गणेश श्रेष्ठ | ० | | ० | ० | ०३/३१/२०८१ | १०००० | ० | १०,००० | |
| ४ | ०४/०१/२०८० | गोकुल खनाल | ० | | ० | ० | ०३/३१/२०८१ | ४०५००० | ० | ४,०५,००० | ४,०५ |
| ५ | ०४/०१/२०८० | गोकुल खनाल | ० | | ० | ० | ०३/३१/२०८१ | ३०००० | ० | ३०,००० | |
| ६ | ०४/०१/२०८० | गोकुल खनाल | ० | | ० | ० | ०३/३१/२०८१ | ३३१००० | ० | ३,३१,००० | ३,३१ |
| ७ | ०४/०१/२०८० | गोकुल खनाल | ० | | ० | ० | ०३/३१/२०८१ | १५०००० | ० | १,५०,००० | १,५० |
| ८ | ०४/०१/२०८० | दिलिप कुमार श्रेष्ठ | ० | | ० | ० | ०३/३१/२०८१ | १५०००० | ० | १,५०,००० | १,५० |
| ९ | ०४/०१/२०८० | बुद्धि बहादुर घिमिरे | ० | | ० | ० | ०३/३१/२०८१ | १००००० | ० | १,००,००० | १,०० |
| १० | ०४/०१/२०८० | मेघराज पोख्रेल | ० | | ० | ० | ०३/३१/२०८१ | २२५००० | ० | २,२५,००० | २,२५ |
| ११ | ०४/०१/२०८० | रेनुका सुनाम ठटाल नेपाली | ० | | ० | ० | ०३/३१/२०८१ | ७६२८० | ० | ७६,२८० | |
| १२ | ०४/०१/२०८० | रमेश विष्ट | ० | | ० | ० | ०३/३१/२०८१ | १०००० | ० | १०,००० | |
| १३ | ०४/०१/२०८० | रमेश शंकर | ० | | ० | ० | ०३/३१/२०८१ | १५२१० | ० | १५,२१० | |
| १४ | ०६/२६/२०८० | सुमन ढकाल | ० | ०८/०१/२०८० | १५,००० | ० | | ० | ० | १५,००० | |
| १५ | १०/०२/२०८० | बुद्धि बहादुर घिमिरे ३ नं. वडा सचिव | ० | ११/०८/२०८० | ३०,००० | ० | | ० | ० | ३०,००० | |
| १६ | १०/०२/२०८० | बुद्धि बहादुर घिमिरे ३ नं. वडा सचिव | ० | ११/०८/२०८० | ७५,००० | ० | | ० | ० | ७५,००० | |
| १७ | १०/०२/२०८० | बुद्धि बहादुर घिमिरे ३ नं. वडा सचिव | ० | ११/०८/२०८० | १०,००० | ० | | ० | ० | १०,००० | |
| १८ | १०/०२/२०८० | बुद्धि बहादुर घिमिरे ३ नं. वडा सचिव | ० | ११/०८/२०८० | ५०,००० | ० | | ० | ० | ५०,००० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | १०/०२/२०८० | बुद्धि बहादुर घिमिरे ३ नं. वडा सचिव | ० | ११/०८/२०८० | ३०,००० | ० | | ० | ० | ३०,००० | |
| २० | १०/०२/२०८० | बुद्धि बहादुर घिमिरे ३ नं. वडा सचिव | ० | ११/०८/२०८० | ५,००० | ० | | ० | ० | ५,००० | |
| २१ | ०१/०३/२०८१ | बुद्धि बहादुर घिमिरे | ० | ०२/०७/२०८१ | १,००,००० | ० | | ० | ० | १,००,००० | १,०० |
| २२ | ०२/२८/२०८१ | रमेश शंकर | ० | ०३/३१/२०८१ | ३०,००० | ० | | ० | ० | ३०,००० | |
| १ | ०४/०१/२०८० | पि. एस. / अरुण बरुण जे.भी. | ० | | ० | ० | ०३/३१/२०८१ | ५७२०८६१ | ० | ५७,२०,८६१ | ५७,२ |
| २ | ०४/०१/२०८० | सितु - धिताल जे. भि. | ० | | ० | ० | ०३/३१/२०८१ | २९५३६६१ | ० | २९,५३,६६१ | २९,५ |
| ३ | ०३/११/२०८१ | शेयर इन्जिनियरिङग एण्ड बिल्डर्स प्रा.लि | ० | ०३/२४/२०८१ | ६,२५,००० | ० | | ० | ० | ६,२५,००० | ६,२५ |
| १ | ०४/०१/२०८० | जिल्ला प्रशासन कार्यालय संखुवासभा | ० | | ० | ० | ०३/३१/२०८१ | १५०००० | ० | १,५०,००० | १,५० |
| २ | ०४/०१/२०८० | जिल्ला फुटबल संघ | ० | | ० | ० | ०३/३१/२०८१ | ९०००० | ० | ९०,००० | |
| ३ | ०४/०१/२०८० | बृहत्तर मनकामना विश्राम समिति | ० | | ० | ० | ०३/३१/२०८१ | ७००००० | ० | ७,००,००० | ७,०० |
| ४ | ०४/०१/२०८० | वागेश्वरी मा वि ढुँगेधारा | ० | | ० | ० | ०३/३१/२०८१ | २७५०००० | ० | २७,५०,००० | २७,५ |
| ५ | ०४/०१/२०८० | श्री हिमालय मा.बि.आंला | ० | | ० | ० | ०३/३१/२०८१ | ५००००० | ० | ५,००,००० | ५,०० |
| ६ | ०४/०१/२०८० | संखुवासभा कर्मचारी मिलन केन्द्र खाँदवारी | ० | | ० | ० | ०३/३१/२०८१ | २५०००० | ० | २,५०,००० | २,५० |
| ७ | ०७/१९/२०८० | अरुण उपत्यका सामुदायिक विकास क्लव | ० | ०८/२४/२०८० | १,८०,००० | ० | | ० | ० | १,८०,००० | १,८० |
| ८ | १२/२७/२०८० | जिल्ला फुटवल संघ संखुवासभा | ० | ०२/०१/२०८१ | २०,००० | ० | | ० | ० | २०,००० | |
| ९ | २०८१/०२/३० | लोहारुङ्ग राई | | २०८१/० | १,००,००० | ० | | ० | १,००,००० | ० | १,०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | समाज संखुवासभा | | | | | | | | | |
| कुल जम्मा | | | | | १५,२०,००० | ० | | १४६५९५१२ | १,००,००० | १,६०,७९,५१२ | १,६१ |

| | |
|---|---|
| पेश्की | १५,०५,००० |

१४१ **धरौटी फिर्ता**

सार्वजनिक नियमावली २०६४ को नियम १२४ मा निर्माण व्यवसायीलाइ रिटेन्सन मनि फिर्ता दिदाँ आन्तरिक राजस्व कार्यालयबाट मु अ कर समायोजन र कर चुक्ता प्रमाणपत्र पेश गरेको प्रमाणको आधारमा धरौटी रकम फिर्ता दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिमका निर्माण व्यवसायीहरुलाइ धरौटी रकम फिर्ता गर्दा घटि मू अ कर समायोजन पत्र र कर चुक्ता प्रमाण बिना दिएकोले प्रमाण पेश हुनुपर्ने रु

| गौ.भौं.नं. र मिति | सप्लायर्स / पार्टी | मुअकर समायोजन रकम | फिर्ता हुनुपर्ने | फिर्ता भएको | बढि फिर्ता रकम रु |
|---|---|---|---|---|---|
| ११,२०८०।१०।२५ | काका निर्माण सेवा | १७९०२४९ | ८९५१२ | २६५६५७ | १७६१४५ |
| १२,२०८०।१०।२९ | मंगलादेवी निर्माण सेवा | १४९६३५४ | ७४८१७ | १८४८१८ | ११०००१ |
| १५,२०८१।०१।१७ र १६,२०८१।०१।१८ | जुम्ली निर्माण सेवा प्रा. लि. | १६३२८७५ | ८१६४४ | १३८८७७ | ५७२३३ |
| **जम्मा रु.** | | | | | **३४३३७९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४३,३७९ |

१४२ **आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम**

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८ को अनुसूची २ (ग) अनुसार आमा सुरक्षा कार्यक्रम सञ्चालन गरेबापत स्वास्थ्य संस्थाले प्राप्त गर्ने इकाइ मूल्य तोकिएको छ । जसअनुसार सामान्य प्रशुती सेवा बापत रु २५०० तोकिएको छ । भौ न २५८ मिति २०८१।०३।१२ बाट आधारभूत स्वास्थ्य केन्द्र सेकाहामा कार्यरत कर्मचारी सृष्टि राई लाई प्रसुति संख्या २ को २५०० को दरले रु ५००० भुक्तानी गरेकोले स्वास्थ्य संस्थाले पाउने रकम कर्मचारीलाई खर्च लेखेकोले सम्बन्धित कर्मचारीबाट असुल गरि स्वास्थ्य संस्थाको खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००० |

१४३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

